anti-slavery



# न्यायमा पहुँच

## यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालबालिकाहरूको न्याय मार्गमा रहेका व्यवधानहरू र तिनलाई परास्त गर्ने बाटो



# कृतज्ञता

यो अध्ययन एन्टी स्लेभरी इन्टरनेशनल तथा यसका साझेदार संस्था समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) र संरक्षक समूह नेपाल (ससने) द्वारा संयुक्तरूपमा गरिएको हो ।

आफ्ना तीता अनुभवहरू हामीसँग बाँडी यो प्रतिवेदनको प्रमुख आधार तयार पार्नका लागि सहयोग गर्ने सबै प्रभावित बालिकाहरूप्रति अध्ययन टोली हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । त्यसैगरी, टोली आफ्ना महत्वपूर्ण ज्ञान तथा अनुभव हामीसँग बाँडी यो प्रतिवेदनलाई गहकिलो बनाउनका लागि योगदान पुऱ्याउनु हुने सामुदायिक सरोकारवाला तथा प्रमुख सूचनादाता लगायत सबैप्रति आभार प्रकट गर्दछ । अध्ययनका सहभागीहरूलाई सहयोग गर्नुहुने सबै परामर्शकर्ताहरूलाई पनि टोली विशेष धन्यवाद ज्ञापन गर्दछ ।

अध्ययन टोली यो अध्ययनको समग्र प्रक्रियालाई ठोस मार्गनिर्देशन, तथा अमूल्य सुझाव एवं अनुभवहरू प्रदान गरी सहयोग गर्नु हुने विज्ञहरूको सल्लाहकार समितिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछ । यस समितिमा विमला ज्ञवाली (सिविस), नमूना भुषाल (राष्ट्रिय बाल अधिकार परिषद्), यसोदा बन्जाडे (राष्ट्रिय मानव अधिकार आयोग), प्रहरी नायब उपरीक्षक (डिएसपी) राज कुमार सिलवाल (मानव बेचबिखन अनुसन्धान ब्यरो), राममणि गौतम (कानून अन्वेषण तथा स्रोत विकास केन्द्र सेलर्ड), बेनुमाया गुरुङ (महिला तथा बालबालिकाविरुद्ध सहकर्मी समूह नेपाल-एटविन), सुनिता दनुवार (सुनिता फाउण्डेसन), उमा शाह (साथी), तारा भण्डारी (विश्वास नेपाल), उमा तामाङ (माइती नेपाल) र रूपा शर्मा (नेहा) (पत्रकार) रहनु भएको थियो ।

यो अध्ययन टोलीमा संलग्न व्यक्तिहरूमा पिङ्की सिंह राणा (प्रमुख अनुसन्धानकर्ता), नीलम शर्मा (एन्टी स्लेभरी इन्टरनेशनल), कृति वैद्य (परियोजना संयोजक-सिविस), जेनी पोखेल -परियोजना संयोजक, संरक्षक समूह नेपाल-ससने), स्वास्ती उप्रेती (तथ्याङ्क अभिलेखन कर्ता) र कुन्ती लामा (तथ्याङ्क संकलक) हुनुहुन्छ ।

अध्ययन टोली अध्ययनलाई मार्गनिर्देशन गर्ने एन्टी स्लेभरी इन्टरनेशनलका कर्मचारीहरू-स्याली किल्नर (एशियाली कार्यक्रम व्यवस्थापक), क्रिष्टोफर ओ'कःनल (अनुसन्धानकर्ता), रोसियो डोमिङ्गो रामोस (कार्यक्रम सहायक) को प्रशंसा गर्दछ साथसाथै प्रतिवेदन लेखनको दौरानमा भएका विस्तृत समीक्षाहरूका लागि एना मुर (सुरक्षा व्यवस्थापक) र फिओना साउथवार्ड (विषयगत सम्पादक) प्रति धन्यवाद ज्ञापन गर्दछ ।

यसका साथै टोली सिविसका कार्यकारी निर्देशक डा.अशोक पाण्डे र वित्त तथा प्रशासन व्यवस्थापक प्रमोद आचार्यसहितका कर्मचारीहरू र ससनेका कार्यकारी निर्देशक श्री श्याम पोखेल र प्यारालिगल सुपरभाइजरहरू लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछ ।

Photo by Pete Pattison

Cover photo by Hadynyah on iStock

# विषय सूची

कृतज्ञता २
प्रमुख शब्दावली ४
सारसंक्षेप ६

**अध्याय १**
परिचय १३
क) बाल यौन शोषण र बेचबिखनबाट प्रभावित बालबालिकाका निम्ति न्यायमा पहुँच किन ? १३
अध्ययन विधि १५
सल्लाहकार समिति १६
नमुना छनौट र सीमितता १६
नैतिक मापदण्ड १७
ख) "बाल यौन शोषण तथा बेचबिखन"का विषयमा "न्यायको पहुँच" भन्नाले हामीले भन्न खोजेको के हो ? १८
तर "बाल यौन दुर्व्यवहार" भनेको के हो ? यो कुन बेला "बाल यौन शोषण" र "बेचबिखन" बन्दछ ?
यस प्रतिवेदनका लागि न्यायमा पहुँच को अर्थ के हो ? २०

**अध्याय २**
पृष्ठभूमि २३
क) नेपालमा बाल यौन शोषण र बेचबिखन बारे हामीलाई थाहा भएको कुरा २३
समस्याको व्यापकता र सूचकहरू २३
बाल यौन शोषणका पीडकहरू २६
यौन शोषणबाट बालबालिकामाथि बहुआयामिक जोखिमहरू २७
ख) बेचबिखनलगायत यौन शोषणबाट बालबालिकाको संरक्षणका निम्ति विद्यमान नीतिगत तथा कानुनी संरचनाहरू २९
बालबालिकाको बेचबिखनलाई सम्बोधन गर्ने विषयमा भएका विस्तृत कानुनी व्यवस्थाहरू ३०
बालबालिकालाई अन्य प्रकारको यौन शोषणबाट संरक्षण गर्ने आधारभूत कानुनी संरचना ३१
नयाँ प्रावधानहरूसम्बन्धी अभ्यासको प्रभावकारिताको विषयमा "अन्योल अझै छ" ३२
यौन शोषण तथा बेचबिखनबाट बालबालिकाको संरक्षणको कार्यान्वयन ३३

**अध्याय ३**
न्यायमा पहुँचसम्बन्धी अनुभव ३४
१) प्रभावितको न्याय प्राप्तिका लागि प्रकृयागत संरचनाको बाटो ३५
२) उजुरी दर्ता (जाहेरी दरखास्त) : न्याय प्राप्तिको बाटोमा चालिने पहिलो कदम ३८
मौनतालाई कसरी बुझ्ने
३) संरक्षणात्मक न्यायमा पहुँचका लागि न्याय प्राप्तिको मार्गमा प्रवेश र निरन्तरता ४२
क) अग्रपंक्तिमा कार्यरत जिम्मेवार निकाय : न्याय प्राप्तिको पहिलो पहरेदारको रूपमा प्रहरी ४२
ख) न्याय क्षेत्रका जिम्मेवार निकाय : न्याय प्राप्तिका लागि कारबाही र जिम्मेवार अधिकारीहरू ५१
४) पुनर्स्थापकीय न्यायका लागि पहुँच : न्यायको बाटो तब सकिन्छ जब क्षतिपूर्तिको प्रक्रिया सुरु हुन्छ ५५

**अध्याय ४**
बाल यौन शोषण तथा बेचबिखन प्रभावितहरूको न्याय प्राप्तिको सुदृढीकरणका लागि सुझावहरू ५७
क) उजुरी प्रक्रियामा सुधारका लागि जनचेतना अभिवृद्धि ५७
ख) प्रहरीको क्षमता विकास गर्ने ५८
ग) न्याय सम्पादनमा सुधारका लागि न्यायिक पेशाकर्मीहरूसँगको सहकार्य ५९
घ) नेपालमा बाल यौन शोषणसँग सम्बन्धित संस्थागत सुधारको सुदृढीकरणका लागि विद्यमान संयन्त्र तथा कानूनको कार्यान्वयन ६०

# प्रमुख शब्दावलीहरू

## बाल यौन दुर्व्यवहार

कुनै बालबालिका र निज बालबालिकाभन्दा अर्को बढी उमेर भएको वा बढी सुझबुझ भएको बालबालिका वा वयस्क व्यक्ति (अपरिचित, दाजुभाइ/दिदीबहिनी वा अभिभावक वा हेरालु जस्ता अधिकारप्राप्त पदमा रहेका व्यक्ति) बीच बढी उमेर भएको बालबालिका वा वयस्कको यौन सन्तुष्टीको लागि बालबालिकालाई एक साधनको रूपमा प्रयोग गर्ने काममा हुने सम्पर्क वा अन्तरक्रिया ।

## यौन शोषण

अर्को व्यक्तिको यौन शोषणबाट आर्थिक, सामाजिक वा राजनीतिक फाइदा लिने, साथै यौन उद्देश्यका लागि असुरक्षित अवस्था, असमान शक्ति वा विश्वासको दुरुपयोग गरी गरिने कुनै पनि कार्य वा सो कार्य गर्ने उद्योग ।

## मानव बेचबिखन

मानव बेचबिखन, विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम, दबाउने र सजाय गर्ने संयुक्त राष्ट्र संघीय पालेर्मो प्रोटोकल (२०००) को धारा ३ ले मानव बेचबिखनलाई देहाय बमोजिम व्याख्या गरेको छ :

शोषणको प्रयोजनका लागि धम्की वा शक्तिको प्रयोग वा अन्य प्रकारको दमन, अपहरण, जालसाजी, भ्रम, अधिकार वा कमजोरीको अवस्थाको दुरुपयोग गरेर वा रकम वा सुविधा दिएर वा लिएर कुनै व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिको सहमति लिन व्यक्तिलाई भर्ना गर्ने, पठाउने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने कार्य । शोषणमा वेश्यावृत्तिजन्य शोषण या अन्य प्रकारको यौनजन्य शोषण वा सेवा, दासत्व वा दासत्वसमान अन्य अभ्यास, गुलामी वा मानव अङ्ग निकाल्ने कार्य पर्दछन् ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा ४ बमोजिम,

“(१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ :

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) आर्थिक फाइदा लिई वा नलिई कसैलाई जबरजस्ती वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई देश बाहिर लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाई, प्रलोभनमा पारी, झुक्याई,

जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।”

## प्रभावित/पीडित

नेपाली कानूनसँग समान हुने केही अवस्थामा बाहेक, यस प्रतिवेदनले “प्रभावित” शब्दावलीलाई बाल यौन शोषण वा बेचबिखनमा परेका व्यक्तिलाई परिभाषित गर्न प्रयोग गरेको छ । यो प्रतिवेदन लेखन र जानकारी संकलनमा संलग्न भएका व्यक्तिहरूले प्राय: यो शब्दावलीको प्रयोग गरेकाले यसलाई प्राथमिकता दिइएको हो । यद्यपि, “प्रभावित” र “पीडित” शब्दावलीले पैरवी गर्ने समूह र प्रभावित आफैँबीच पनि विवाद निम्त्याउन सक्छ भन्ने विषयमा सचेत हुनुपर्दछ। यी शब्दावलीहरूको प्रयोगको विशेष महत्व यौन शोषण र बेचबिखनबाट प्रभावित बालबालिकाको न्यायमा पहुँच स्थापित गराउने कार्यमा हुने गरेको छ । किनभने, कानूनको आँखामा बाल यौन शोषण र बेचबिखन अपराध हो, र यस्तो अपराधको सिकार हुने जोसुकै पनि “पीडित” हो । यो अभ्यास नेपालका न्यायाधीश, कानून व्यवसायी र सरकारी वकिलहरूले प्रयोग गर्ने भाषामा मात्रै नभई बालबालिकाको रक्षार्थ प्रचलनमा रहेका नेपाली कानूनमा समेत प्रयोग गरिएको छ । तर, यस्ता अपराधबाट पीडामा परेका व्यक्तिहरूसँग काम गरेको अनुभवले उनीहरूलाई परिभाषित गर्न प्रयोग गरिने शब्दबाट हामीले आत्मसात् गरेको अन्तर्मनको सन्देश प्रवाह हुन्छ भन्ने कुरा देखाउँछ । “पीडित” शब्दको अर्थ असहाय, लाचार र माया दयाको भावमा आउँछ, र यो आफैँमा कुनै पनि व्यक्तिलाई शक्तिहीन बनाउने प्रकारको शब्द हो र हामीले व्याख्या वा परिभाषा गर्न चाहेका व्यक्तिका अनुभव तथा भावनालाई यो शब्दले सधैं प्रतिबिम्बित नगर्न सक्छ । यसको विपरीत, “प्रभावित” शब्दले कुनै पनि व्यक्तिले आफ्नो जीवनको नियन्त्रण आफैँले लिन सक्ने र कानूनी लडाइँ, जनचेतनाको अभिवृद्धि वा आफ्नो जीवनलाई पुन: सामान्य अवस्थामा फर्काउने गरी भावनात्मक आघात वा व्यवधानविरुद्ध निरन्तर संघर्षमा रहेको अर्थलाई प्रकाश पार्दछ । यस्तोमा, धेरै प्रभावितहरूले आफलाई “प्रभावित” भन्न रुचाउने गरेका छन् नकि पीडित र यो शब्दलाई पुनर्स्थापना तथा सहयोगको परिप्रेक्ष्यमा व्यापकरूपमा प्रयोग गरिन्छ। तर अपराधिक दायित्वको सन्दर्भमा र विशेषगरी पीडितहरूलाई नै दोष लगाएर आफूलाई जोगाउने प्रयत्नमा पीडकहरू लागेको अवस्थामा, यौन अपराधको सिकार भएका व्यक्तिहरू शोषणको क्रममा पीडकबाट पीडित नै भएका हुन् भन्ने कुरा स्मरण गर्नु पनि महत्वपूर्ण हुन्छ।

## पीडक

बाल यौन शोषण वा बेचबिखन गर्ने वा सो कार्यका लागि जिम्मेवार व्यक्ति ।

# सारसंक्षेप

यस प्रतिवेदनले नेपालका यौन शोषण तथा बेचबिखनका प्रभावित बालबालिकाको न्यायप्राप्तिको यात्राका अनुभवमा आधारित रहेको गुणात्मक अध्ययनका नतिजालाई प्रस्तुत गरेको छ। २४ जना यौन शोषण तथा बेचबिखनका प्रभावित बालिकासँग गरिएको अन्तर्वार्ता, १९ वटा लक्षित समूह छलफल र ३४ वटा प्रमुख जानकारहरूसँगको अन्तर्वार्तासमेतको विश्लेषणको आधारमा, यस अध्ययनले निम्न निष्कर्ष निकालेको छ :

१) **यौन शोषण तथा बेचबिखनबाट प्रभावित अधिकांश बालबालिकाले न्याय पाउने सम्भावना न्यून छ। प्रभावितहरूले अपराधको उजुरी गर्नका लागि सांस्कृतिक र प्रशासनिक लगायत धेरै प्रकारका व्यवधानहरूको सामना गर्नुपर्दछ।**

२) **पितृसत्तात्मक समाजका उपजको रूपमा रहेका लाज र लाञ्छनाले उनीहरूलाई आफूविरुद्ध भएको अपराधको विषयमा उजुरी गर्न रोक्ने गरेका छन्।**

३) **जसोतसो उजुरी गर्नेहरूले प्रहरी र न्याय प्रणालीबाट उल्लेखनीय व्यवधानहरूको सामना गर्नुपर्दछ। जस्तैः जनचेतनाको कमीका कारण अपराध त्यत्तिकै सेलाउने, स्रोत साधन र समन्वयको कमी, र प्रभावित बालबालिकाहरूभन्दा अभियुक्तहरू प्रायः धेरै माथिल्लो सामाजिक हैसियत भएको हुने कारणले गर्दा न्यायिक प्रक्रियालाई नै प्रभावित पार्ने गरेको छ।**

तसर्थ, यो प्रतिवेदनले नेपाल सरकारलाई न्यायिक प्रक्रियालाई थप बालमैत्री बनाउन र न्याय सम्पादन गर्ने जिम्मेवार निकायहरूमा व्याप्त लैङ्गिक तथा बालबालिकामाथि हुने विभेदको पहिचान र उन्मूलन गर्दै प्रभावित बालबालिकाका वास्तविक अनुभवहरूलाई पहिचान गर्न सुझाएको छ।

## परिचय

नेपालले विगत लामो समयदेखि बाल यौन शोषण र यौनजन्य क्रियाकलापका लागि बालबालिकाको बेचबिखन (अब उप्रान्त बाल यौन शोषण तथा बेचबिखन भनिएको) का घटनाहरूको उल्लेख्य सङ्ख्यामा सामना गरिरहेको छ। उदयीमान सांस्कृतिक प्रवृत्ति तथा परिवर्तन हुँदै गइरहेको आप्रवासनको प्रक्रियाले यौनजन्य क्रियाकलापका लागि बालबालिकालाई व्यापारिक वस्तु बनाउने बढ्दो क्रमलाई बढावा दिएको छ। गरिबी, शिक्षाको कमी, दौँतरीको दबाब र रोजगारी खोज्नु पर्ने आवश्यकता जस्ता पक्षहरूले बालबालिका, र विशेषगरी बालिकाहरू यौन शोषणमा पर्ने जोखिमलाई बढाउने काम गरेका छन्। पितृसत्तात्मक प्रणालीमा रहेका संरचनागत व्यवधान तथा सामाजिक पूर्वाग्रहरूले यस्ता जोखिमहरूलाई थप टेवा पुऱ्याएका छन्। फलतः, पछिल्लो दशकमा नेपाल सरकार नयाँ कानून, नीति तथा कार्ययोजनाको तर्जुमामार्फत् यस्ता प्रक्रियालाई सामना गर्ने अनगिन्ती प्रयासहरूमा संलग्न रह्यो। दुर्भाग्यवश यी प्रयासहरू असफलतातर्फ उन्मुख भइरहेको कुरा प्रतिवेदनबाट प्राप्त तथ्यहरूले इङ्गित गरेका छन्। बाल यौन शोषण तथा बेचबिखनका घटनाहरू व्यापकरूपमा हुने गरे पनि, १०० वटा घटनाहरूमध्ये पाँचवटा घटनाहरूमा मात्रै उजुरी हुने गरेको तथ्यलाई पुष्टि गर्ने आधारहरू यस प्रतिवेदनले बाहिर ल्याएको छ। यसले बालबालिकाको ठूलो सङ्ख्या नेपालको न्याय प्रणालीबाट बाहिर रहनु परेको र वास्तविक जीवनमा उनीहरू असुरक्षित रहने गरेका कुरा समेत प्रकाश पारेको छ।

# सन्दर्भ

यौनिक प्रयोजनका लागि नेपाली बालबालिकाको शोषण तथा बेचबिखन विभिन्न प्रकारबाट हुने गरेको छ । यसरी गरिने यौन शोषणको प्रकारहरूमा वयस्क मनोरञ्जनको क्षेत्र, सडक यौनकर्म, बाल यौन पर्यटन र पकेट खर्चका लागि गरिने यौनकर्म, बाल अश्लील साहित्य, अनलाइन दुर्व्यवहार, ऋणको कारणले हुने बँधुवा बालश्रम र व्यवसायिक यौन शोषणका लागि अन्तर्राष्ट्रिय स्तरमा हुने बेचबिखन आदि प्रमुख हुन् । प्रभावित बालबालिका परस्पर गिजोलिएका विभिन्न किसिमका विभेदहरूको सिकार हुन्छन् जसले उनीहरूमा शोषण र बेचबिखनको जोखिम बढाउँछ । प्रायः जातीय र ग्रामीण परिवेशमा हुने भेदभावसमेतले उनीहरूको न्यायमाथिको पहुँचमा बाधा पुऱ्याउँछ ।

नेपालले बालबालिकामाथि हुने यौन शोषण तथा बेचबिखनलाई रोक्नेसहितका विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहका मानव अधिकारसँग सम्बन्धित अभिसन्धिहरूको अनुमोदन गरेको छ । यद्यपि नेपालले वि.सं. २०७६ फाल्गुणसम्म अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय अभिसन्धि २००० को पूरकको रूपमा रहेको पालेर्मो प्रोटोकलको रूपमा पनि चिनिने मानव बेचबिखनको रोकथाम, अन्त्य तथा दण्डित गर्नेसम्बन्धी प्रोटोकललाई अनुमोदन गरेको थिएन ।[1] फलस्वरूप, नेपालले गरेको बेचबिखनको परिभाषामा बाल यौन शोषणका केही पक्ष अटाएको छैन र यो परिभाषा अन्तर्राष्ट्रिय रूपमा प्रचलित मापदण्डभन्दा फरक छ । यसको अर्थ, नेपालको संविधानले बालबालिकालाई सबै प्रकारका यौन शोषणबाट संरक्षण गर्ने लक्ष्य लिएको भएता पनि यो लक्ष्य हासिल गर्नका लागि नेपालको कानूनी दायरा भने संकुचित रहेको छ ।

यस्तो अस्पष्ट जस्तो प्रतीत हुने कानूनी संरचना र जटिल पद्धतिले प्रभावित बालबालिकाका लागि मात्रै नभई उनीहरूको संरक्षण गर्ने जिम्मेवारी पाएकाहरूका लागि समेत कुनै पनि मुद्दामा कुन कानून आकर्षित गराउने भन्ने विषयमा अन्योल पैदा गर्दछ । यस्ता अस्पष्टता र अन्यौलताले बाल यौन शोषणका तथ्याङ्क संकलनको विश्वसनीयता, तथ्याङ्क संकलनको प्रभावकारी अनुगमन गर्ने सरकारको क्षमतामा पनि  प्रभाव पारेको छ । मानव बेचबिखन तथा ओसारपसारविरुद्धको कानूनमा केही प्रकारका बाल यौन शोषणलाई बेचबिखनको रूपमा हेरिने गरिएको छ । तर, यी कानूनहरू स्पष्ट छैनन्, कार्यान्वयन पक्ष कमजोर रहेको छ र यी कानूनहरूले बेचबिखनका कतिपय प्रभावितहरूलाई नै अपराधीकरण गर्ने गरेका छन् । यी कुराहरू न्यायमाथिको पहुँचका लागि प्रमुख चुनौतीको रूपमा रहेको छ । अन्य प्रकारका बाल यौन शोषणका अपराधहरूलाई नेपालमा बाल संरक्षण तथा फौजदारी कानून अन्तरगत मुद्दा चलाइन्छ । यी कानूनहरू तुलनात्मकरूपमा नयाँ छन्, र स्पष्ट पनि छैनन्, प्रायः परस्परमा बाझिएका छन् । प्रभावित बालबालिकालाई उजुरी गर्नका लागि व्यवधानको रूपमा एक वर्षको उजुरी गर्ने हदम्याद रहेको छ । यो कुनै पनि घटना भएपछि सो घटनाविरुद्ध कानूनी कारबाही सुरु गर्न प्राप्त हुने समय हो । जब यो समय गुज्रिन्छ, कुनै पनि उजुरी दर्ता गर्न नसक्ने हुन्छ, यदि दर्ता भएमा, बदर हुने सम्भावना पनि हुन्छ । उजुरी गर्दा आउने व्यवधानको रूपमा रहेको यो अवस्था प्रभावितहरूलाई न्यायमा पहुँच पुऱ्याउन छेक्ने दोस्रो प्रमुख कानूनी अड्चन हो । नेपाली कानूनले साधारणतया पीडितहरूलाई अदालतमा सहयोग गर्न सक्ने गरी पीडितका प्रगतिशील अधिकारहरूको व्यवस्था गरेको भएता पनि यस्ता कानूनहरूको कार्यान्वयन फितलो रहेको छ ।

[1] विभिन्न अभियन्ताहरूको व्यापक र निरन्तर प्रयासको फलस्वरूप वि.स. २०७६ फाल्गुणमा, नेपालको संघीय व्यवस्थापिका संसदले पालेर्मो प्रोटोकललाई अनुमोदन गऱ्यो ।

# न्यायमा पहुँचसम्बन्धी अनुभवको आधारमा प्राप्त तथ्यहरू

न्यायमा पहुँच स्थापित गर्ने प्रक्रियागत ढाँचामा तीन मुख्य पक्षहरू रहेका छन्: (१) मुद्दा दर्ता, (२) प्रहरीबाट हुने अनुसन्धान, (३) फैसला, सजाय र क्षतिपूर्तिको निर्धारणमा गएर टुङ्गिने न्यायिक प्रक्रिया । तर यो प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यहरुले न्यायको पहुँचको बाटोमा अत्यधिक महत्व राख्ने धेरैजसो बाधा व्यवधानहरू यी प्रक्रियाहरू सुरु हुनु पूर्व नै आइपर्ने कुरालाई उजागर गरेको छ ।

## १) मुद्दा दर्तासम्बन्धी व्यवधान

बाल यौन शोषणको आपराधिक प्रकृति वा यस्ता अपराधलाई कसरी उजुरी गर्ने भन्ने विषयप्रतिको अनभिज्ञता बाहेक, प्रभावितहरूमाथि लाग्ने लाञ्छना यस्ता अपराधको उजुरी नहुनुका प्रमुख कारकहरू हुन् । विशेष गरी नेपाली बालिकाहरूलाई परिवारको इज्जत, मान प्रतिष्ठाको रूपमा हेरिने हुनाले उनीहरू मौन बस्न बाध्य हुन्छन् । व्यक्तिगतरूपमा लाग्ने लाञ्छनाले पूरा परिवार नै प्रभावित हुन्छ भनेर विश्वास गरिने परिवेशमा परिवारका केही सदस्यहरू न्यायमा पहुँच राख्नका लागि गरिने प्रयासप्रति असहयोगी र कहिलेकाहीँ विपक्षी नै बन्छन् । उजुरी वा मुद्दा दर्ता गर्ने विषयमा अर्को मुख्य चुनौती पीडकहरूले प्रभावित बालबालिका वा निजका परिवारविरुद्ध गर्न सक्ने प्रतिशोधात्मक हिंसा वा अन्य कार्यहरू हुन् जसले उनीहरूमाथि सन्त्रास सिर्जना गर्ने काम गर्छ । यस अध्ययनका धेरै सहभागीहरूले पीडकहरूको प्रायः राजनीतिक पहुँच हुने, प्रहरी तथा स्थानीय समुदायमा प्रभाव पार्न सक्ने, र प्रभावितको तुलनामा समाजमा सामाजिक, आर्थिक र राजनीतिक शक्ति तथा हैसियत माथि हुने कुरा बताएका थिए । पीडकहरूले आफ्नो हैसियत र राजनीतिक पहुँचलाई कानूनको पालना तथा न्यायिक प्रक्रियालाई प्रभावित गर्न मात्रै प्रयोग गर्ने नभई प्रभावितका परिवारहरूलाई प्रभावितको विपक्षमा उभ्याउनसमेत प्रयोग गर्छन् । यी तथ्यले न्यायमा पहुँचको कुरा केही हुनेखाने वर्गका लागि पनि चुनौतीपूर्ण रहेको छ भने हुँदा खानेवर्गका लागि त असम्भवप्रायः हुन्छ भन्ने कुरा आम धारणाको रूपमा स्थापित भएको छ । न्याय प्रणालीप्रतिको अविश्वसनीयताले यौन शोषणविरुद्ध प्रभावित र परिवारका सदस्यहरूले कारबाही प्रक्रिया अघि बढाउन तदारुकता देखाएपनि यस्ता घटनाहरूलाई अनौपचारिकरूपमा नै समाधान गर्ने प्रयास गरिन्छ भन्ने समेत देखाउँछ ।

न्यायमा पहुँच स्थापित गर्ने दिशामा पहिचान भएको अर्को मुख्य चुनौती भौगोलिक विषमता हो । ग्रामीण क्षेत्रका प्रभावितहरूले कुनै पनि घटनाविरुद्ध उजुरी गर्दा खानपिन, बसाइ, यातायातलगायतका खर्चको बोझ बोक्न बाध्य हुन्छन् । यस्तो अवस्थामा धेरै सहभागीहरू प्रभावितहरूलाई न्यायमाथिको पहुँचका लागि भावनात्मक तथा अन्य स्रोत साधनको सहयोग उपलब्ध गराउन गैरसरकारी संस्था (गैसस)हरूको महत्वपूर्ण भूमिका हुने कुरामा एकमत थिए ।

## २) कानून पालना गराउने कार्यमा अग्रपंक्तिमा कार्यरत अधिकारीहरूको रूपमा प्रहरीको अनुभव

केही विशेष मुद्दाहरूमा नेपाल प्रहरीबाट भएका विभिन्न सकारात्मक अभ्यासहरूको पहिचान भएको थियो । यस्ता अभ्यासहरूमा नम्र व्यवहार, संवेदनशील तथा व्यावसायिकरूपमा लिइने अन्तर्वार्ता, र प्रभावितसँग अस्पताल तथा अदालतसम्म साथै जाने/आउने आदि थिए । तर दुर्भाग्यवश, यी अभ्यासहरू सधैं लागू गरिने गरिएका आधारभूत मापदण्ड भने थिएनन् । अध्ययनमा समावेश भएका सहभागीहरूले बाल यौन शोषण तथा बेचबिखनका घटनालाई गम्भीर अपराधको रूपमा प्राथमिकता दिइनु पर्ने तर यसो गर्नमा प्रहरीहरू चुक्ने गरेको कुरा बताएका थिए । यसले मुद्दा दर्ता तथा अनुसन्धानको प्रक्रियालाई सुस्त बनाउँछ, प्रभावितमा पर्ने पीडा र खर्चमा वृद्धि हुन्छ ।

जाहेरी दरखास्त दर्ता गर्दाका चुनौतीहरूलाई न्यायमा पहुँच पुऱ्याउने मार्गमा रहेको तगारोको रूपमा पहिचान गरिएको थियो । प्रहरीहरू जाहेरी दरखास्त दर्ता गर्न अनिच्छुक हुने र प्रभावितहरूलाई आफैं दरखास्त लेख्न लगाउने वा कुनै तेस्रो पक्षबाट सशुल्क लेखेर ल्याउन लगाउने गरेको अध्ययनले देखाएको छ । प्रहरी कार्यालयहरूमा कानूनी अभिकर्ताहरूको प्रयोग सामान्य अभ्यास भएको देखिन्छ र केही अपवाद बाहेक जाहेरी दरखास्त लेख्नका लागि शुल्क लिने गरिएको छ । जाहेरी दरखास्तको दर्ता प्रक्रियालाई पूरा गर्न साथीसङ्गी, परिवार वा गैससको उपस्थिति महत्वपूर्ण हुने देखिएको छ । त्यसैगरी, प्रहरीको अनुभवमा

उनीहरूले निर्वाह गर्ने अनुसन्धानको भूमिका एकदमै राजनीतिकरण गरिएको पाइएको छ । जस्तै पीडकहरूले प्रहरीसँग फोनमा बारम्बार कुरा गरेर वा प्रभावित र साक्षीहरूलाई तर्साउने हेतुले प्रहरी चौकी अगाडि जम्मा भएर अनुसन्धानको अवधिभरि प्रहरी र प्रभावितउपर दबाब सिर्जना गर्ने गरेका छन् र यस्ता व्यवहारहरूले कहिले काहीँ प्रहरीको कार्यक्षमतालाई नै निस्तेज पार्ने गरेको छ ।

जाहेरी दरखास्तको समयमा सोधिने प्रश्नहरू बुझ्न बालबालिकालाई गाह्रो हुने र प्रभावितहरूलाई आफ्नो परिचय गोप्य राख्न सक्नेबारेमा प्रायः जानकारी नहुने जस्ता अन्य चुनौतीहरू पनि रहेका छन् । प्रभावितहरूलाई जाहेरी दरखास्त दर्ता भएपछि आफ्नो मुद्दामा भएका प्रगतिका बारेमा बुझ्नका लागि दर्ता गरेको रसिद संकलन गर्नुपर्ने कुरा प्रायः थाहा नहुने र धेरै प्रभावितहरूलाई रसिद संकलन गर्न भोलिपल्ट आउन लगाइने कुरा पनि उजागर भएको थियो । यसरी भोलिपल्ट रसिद संकलन गर्न आउँदा उनीहरूको खर्च बढ्ने र भावनात्मकरूपमा अझ चोट पुग्ने गरेको पाइयो ।

बाल यौन शोषण र बेचबिखनसम्बन्धी अनुसन्धानमा निम्न पक्षहरूले उल्लेख्य मात्रामा अवरोध पुऱ्याउने गर्दछन् :

१) सबुत प्रमाण संकलन गर्नका लागि प्राविधिक ज्ञान भएका प्रहरी अधिकारीको न्यून सङ्ख्या,
२) मुद्दालाई सहयोग गर्नका लागि आवश्यक पर्ने महत्वपूर्ण प्रमाणका प्रकारहरूका बारेमा अस्पष्टता,
३) प्रभावकारीरूपमा अनुसन्धान गर्नका लागि आवश्यक स्रोत तथा उपकरणको कमी,
४) केही प्रहरी अधिकारीहरूमा गहन अनुसन्धानको सुनिश्चितताका लागि आवश्यक पर्ने प्रतिबद्धताको कमी ।

कुनै पनि घटनाको अनुसन्धान गर्नका लागि छुट्याइने २८ दिनको समयावधिलाई प्रहरी अधिकारीहरूले उपयुक्त ढङ्गबाट खोजबिन गर्नका लागि पर्याप्त नहुने बताए । प्रहरीबाट अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेश गरे पश्चात् प्रहरीसँगको समन्वयमा सरकारी वकिल चुक्ने गरेको पाइयो । प्रभावितहरूलाई आफ्नो मुद्दाको प्रगतिको जानकारी हुनुपर्ने व्यवस्था कानूनले गरेको भएता पनि यस्तो अभ्यास वास्तविक जीवनमा रहेको पाइएन ।

## ३) न्यायिक प्रक्रियाबाट न्याय सम्पादन

पितृसत्तात्मक सोच, बाल यौन शोषण तथा बेचबिखनका घटनाप्रति गहिरो गरी जरा गाडेको उदासिनता, अक्षमता तथा भ्रष्टाचारले प्रभावितहरूको मुद्दालाई वर्षौंसम्म तन्काउँछ । न्याय सम्पादनमा ढिलाइ हुन्छ र न्याय प्रणालीप्रति व्यापक अविश्वासनीयता सिर्जना गर्दछ । मुद्दा दर्ता गर्ने र अगाडि बढाउनका लागि लाग्ने खर्च जुटाउनु पर्ने कारण न्याय खोज्नेहरू यस्ता मुद्दामामिला गर्न छोडी समाधानका लागि सामुदायिक स्तरमा हुने संवादमा फर्कन बाध्य हुन्छन् ।

अदालतमा, प्रभावितहरूलाई सुसूचित गराउन चुक्नुको अर्थ उनीहरूको सहयोगका लागि उपलब्ध कानूनी व्यवस्थाहरू जस्तै क्यामेरा अगाडि गरिने सुनुवाइ, पीडितको संरक्षण, द्रूत अदालती कारबाही र कानूनको व्याख्या गर्ने कामको कार्यान्वयन नहुनु हो । प्रभावित तथा साक्षीमाथि सम्भावित खतरा रोक्नका लागि संवेदनशीलता, र उनीहरूको अधिकार र सुरक्षाको प्रत्याभूतिसँग सम्बन्धित चुनौतीलाई प्रमुख कमजोरीको रूपमा औँल्याइएको थियो । प्रभावितको बयान वा बकपत्रको प्रक्रियाको दौरान न्यायाधीश तथा सरकारी वकिलहरू बिरलै उपस्थित हुन्छन् जसको कारण पीडकलाई प्रभावितहरूमाथि दबाब दिन थप बल पुग्न काम गर्छ । पुरुषहरूको बाहुल्यता रहने इजलास र कानून व्यवसायीका असंवेदनशील तथा हेपाहा प्रवृत्तिको प्रश्न गराइले पीडितहरूलाई थप आघात पुऱ्याउँछ । यस्तो स्थितिमा फेरि पनि, प्रभावितहरूलाई न्याय प्रक्रियाको सामना गर्नका लागि परिवार, साथीसङ्गी वा गैससको सहयोग महत्वपूर्ण हुने गरेको छ ।

यस्ता पितृसत्तात्मक प्रवृत्तिको दबदबा सजाय तथा क्षतिपूर्तिसम्बन्धी फैसलामाथि पनि रहने गर्दछ । साथै, क्षतिपूर्तिको मागदाबी गर्ने जटिल प्रक्रिया, क्षतिपूर्ति प्रदान गर्दा हुने ढिलाइ, मुद्दाका बारेमा प्रभावितहरूलाई जानकारी नै नहुने वा नगराइने र क्षतिपूर्ति बापत प्राप्त हुने रकम अत्यन्त न्यून हुनुले प्रभावितलाई पुनर्स्थापकीय न्याय प्राप्त गर्न निरुत्साही बनाएको छ । यी तथ्यहरूले यस्ता मुद्दाहरूलाई सरोकारवालाहरूले गम्भीरतापूर्वक लिन नसकेको भन्ने भनाइलाई पुष्ट्याइँ गरेका छन् ।

# सुझावहरू

बाल यौन शोषण तथा बेचबिखनका घटनाहरूको उजुरीमा सुधार ल्याउन, कानून पालना गराउने अग्रपंक्तिमा कार्यरत अधिकारीहरूको क्षमता अभिवृद्धि गर्न, अदालतबाट हुने न्यायसम्पादनमा सुदृढीकरण गर्न तथा बाल यौन शोषण र बेचबिखनसम्बन्धी संस्थागत सुधारलाई अघि बढाउन सहयोग गर्ने हेतुले देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएका छन् :

- पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हाल पाठ्यक्रममा रहेको बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विषयवस्तुलाई परिमार्जन गर्दै जोखिममा रहेका बालबालिकासम्म जानकारी पुऱ्याउनका लागि पहल गर्नु पर्दछ । विद्यमान 'समुदाय प्रहरी साझेदारी कार्यक्रम' अझै प्रभावकारी बनाई बाल क्लबहरुमार्फत् नियमित बनाउनु पर्दछ ।

- यौन शोषण तथा बेचबिखनका प्रभावित बालबालिकाहरूसँग काम गरिरहेका सम्बन्धित सरकारी निकाय तथा गैससहरूले समुदाय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यको नेतृत्व लिनुपर्दछ जसमा प्रभावित माथिको लाञ्छना र विभेद न्यूनीकरण प्राथमिकता हुनु पर्दछ ।

- गृह मन्त्रालयद्वारा प्रहरी अधिकारीहरूलाई थप सशक्तीकरण गर्ने तालिमलाई अद्यावधिक र नियमित गर्नुपर्छ । बाल यौन शोषण तथा बेचबिखनका घटनालाई सम्बोधन गर्न प्रहरीलाई आवश्यक पर्ने स्रोत साधनको पर्याप्त विनियोजन गर्नु पर्दछ ।

- बाल यौन शोषण तथा बेचबिखनका लागि दिइने जाहेरी दरखास्तको नमूनाको तर्जुमा र यस्ता उजुरीहरू दर्ता गराउन प्रभावितहरूलाई नि:शुल्क सेवा दिने कानूनी अभिकर्ताको व्यवस्था गरेर नेपाल प्रहरीले जाहेरी दरखास्तलाई प्रभावकारीरूपमा दर्ता गर्ने तथा मुद्दाको अनुसन्धान प्रक्रियालाई सुदृढीकरण गर्नु पर्दछ ।

- नेपाल सरकारले न्याय प्रक्रियामा हस्तक्षेप गर्न खोज्ने व्यक्ति तथा समूहहरूबाट हुने व्यवधानलाई प्रभावकारीरूपमा निस्तेज पार्न जरिवाना भराउने र मुद्दाको प्रगतिको अनुगमन गर्न कानूनी व्यवस्थाको तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ ।

- कुनै पनि मुद्दाको अनुसन्धानात्मक तथा अभियोजनका चरणहरूबीचको समन्वयलाई बढाउन बाल यौन शोषण तथा बेचबिखनका मुद्दाको व्यवस्थापनसम्बन्धी कार्य सञ्चालन विधि (SOP) को तर्जुमा गर्नु पर्दछ ।

- न्यायपालिकाका सदस्य, सरकारी वकिल तथा कानूनी व्यवसायीहरूका लागि बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी संवेदनशीलतामा अभिवृद्धि गर्न सचेतनामूलक तालिमको आवश्यकता रहेको छ । यसका साथै यस्ता मुद्दाहरूको अदालती प्रक्रियाको प्रभावकारिताको नियमित अनुगमन गर्नु पर्दछ ।

- यौन शोषण तथा बेचबिखन विरुद्ध उजुरी गर्ने/बयान गर्ने प्रभावित बालबालिकाका लागि हाल उपलब्ध संरक्षणसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनमा न्याय क्षेत्रका कर्मचारीमार्फत् सुधार गर्नका लागि निम्न कार्यहरू आवश्यक छन् :

  (१) स्थानीय न्यायिक प्रणाली तथा उच्च तहका अदालतमा हुने कारबाहीमा प्रभावित तथा साक्षीहरूको संरक्षणका लागि प्रचलित कानूनी व्यवस्थाहरूको कार्यान्वयनको अनुगमन गर्ने र यस्ता अनुगमनबाट प्राप्त तथ्यहरूलाई सार्वजनिक गर्ने,

  (२) प्रभावित बालबालिकाले अदालतमा बयान दिँदा अभियोजक तथा न्यायाधीशहरूको उपस्थितिलाई अनिवार्य बनाउने,

  (३) बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरू हेर्न विज्ञता भएका सरकारी वकिलहरूको प्रबन्ध मिलाउने ।

- बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूका लागि क्षतिपूर्ति प्रदान गर्ने ढाँचाको तर्जुमा र प्रभावितहरूलाई उपलब्ध गराइने क्षतिपूर्ति उनीहरूले पीडकबाट उठाउनु पर्ने व्यवस्थाको सट्टा सरकारी अन्तरिम कोषबाट उपलब्ध हुने सुनिश्चितता गर्दै प्रभावितलाई अन्तरिम राहत तथा क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था हुनुपर्ने ।

- फाल्गुण २०७६ मा नेपालको संघीय व्यवस्थापिका संसदले पालेर्मो प्रोटोकलको अनुमोदनलाई पारित गऱ्यो । अब नेपाल सरकारले उक्त प्रोटोकलको मर्मअनुसार बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी घरेलु कानून ल्याउनु पर्दछ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ मा भएको बेचबिखनको परिभाषालाई संशोधन गर्नुपर्दछ । सरकारले 'अन्तरदेशीय उद्धार र स्वदेश फिर्ती सम्बन्धी नीति' पनि ल्याउनु पर्दछ जसको अभावमा सरकारले भारतबाट बेचबिखन प्रभावितहरूलाई प्रभावकारीरूपमा स्वदेश फिर्ता ल्याउन नसकेको अवस्था छ ।

- यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालबालिकाहरूको संरक्षणका विषयमा प्रभावित बालबालिकाको पक्षबाट पैरवी गर्ने स्वायत्त प्रतिनिधिको व्यवस्थासहित अन्य मुलुकहरूले अवलम्बन गरेका असल अभ्यासहरूको समीक्षा गर्दै उपयुक्त अभ्यासहरूका कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

# अध्याय १




Photo by Vickey Goh on Unsplash

# परिचय

## क) बाल यौन शोषण र बेचबिखनबाट प्रभावित बालबालिकाका निम्ति न्यायमा पहुँच किन ?

विश्व स्वास्थ्य संगठनको हालैको तथ्याङ्कले विश्वव्यापी रूपमा २ देखि १७ वर्ष उमेरका बालबालिकामध्ये आधाभन्दा धेरैले भावनात्मक, शारीरिक वा यौन हिंसाको सामना गर्नुपर्ने तथ्य बाहिर ल्याएको छ ।[2] यी मध्ये, प्रत्येक पाँच जनामा एक जना बालिका तथा प्रत्येक १३ जनामा एक जना बालक यौन दुर्व्यवहारको सिकार हुनुपरेको छ । यस्ता घटनाहरू व्यापकरूपमा भइरहेका भए पनि यस्ता घटनाहरू प्रायः "गोप्य राखिने, नदेखिने वा कमै मात्रामा उजुरी गरिने" प्रकारका हुन्छन् । यही कारणहरूले गर्दा विश्व स्वास्थ्य संगठनले यस्ता घटना निर्मूल पार्न आफ्नो रणनीतिको मुख्य खण्डमा कानूनहरू पारित गर्ने, कार्यान्वयन गर्ने र कडाइका साथ लागू गर्ने कदमहरूलाई प्राथमिकता दिएको छ। बालबालिकाविरुद्ध हुने हिंसाका विशेष नैतिक र कानूनी प्रभाव बाहेक, विकाससम्बन्धी प्रभाव पनि स्पष्ट छन् :

> *जनस्वास्थ्यसम्बन्धी तत्कालीन तथा दीर्घकालीन परिणामहरू तथा बालबालिकाविरुद्ध हुने हिंसासम्बन्धी आर्थिक लागतले शिक्षा, स्वास्थ्य तथा बालबालिकाको सर्वोपरि हितमा गरिएका लगानीलाई कमजोर बनाउँछ र भविष्यका सन्ततिको उत्पादकत्व क्षमतालाई पनि नष्ट गरिदिन्छ ।* [3]

यौन हिंसाका सामाजिक तथा स्वास्थ्यसम्बन्धी परिणामहरू भावी सन्ततिका लागि मृत्यु तथा चोटपटकभन्दा व्यापक हुन्छ । उदाहरणका लागि बाल गर्भावस्थासँग सम्बन्धित समस्याहरू । यस्ता परिणामहरूमा सरूवा रोगहरू जस्तै : एचआइभी, यौनजन्य संक्रमण र नसर्ने रोगहरूका साथै मनोवैज्ञानिक क्षति जस्तै आत्महत्या, आघातपश्चात हुने तनावसम्बन्धी विकार (Post traumatic stress disorder), उदासिनता (Depression) र चिन्ता (Anxiety), जोखिमयुक्त व्यवहार जस्तै : मादक पदार्थ तथा लागू औषधको कुलत, असुरक्षित यौनसम्पर्क वा देहव्यापार, शिक्षा वा पेशागत जीवनमा सोचेअनुसारको उपलब्धि हासिल गर्न नसक्नु, र अपराधमा लाग्नु आदि रहेका छन् । पूर्वी एशिया र प्रशान्त क्षेत्रमा मात्रै बालबालिकाको दुर्व्यवहारका केही स्वास्थ्यसम्बन्धी असरहरूको आर्थिक लागत उक्त क्षेत्रहरूको कूल वार्षिक गार्हस्थ्य उत्पादनको १.४ प्रतिशतदेखि २.५ प्रतिशतबीच रहेको अनुमान गरिएको छ ।[4]

नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय निकायहरूले सन् २००० को दशकको पूर्वार्धदेखि नै बालबालिकाको यौन शोषण तथा बेचबिखनका घटनाहरूको अत्यासलाग्दो बिस्तारलाई इङ्गित गर्दै आएका छन् ।[5] भावी सन्ततिको जोखिमतामाथि खेलबाड गर्नेहरूले निम्त्याउने असरप्रति नेपाल संवेदनशील नै छ । विगतको एक दशकमा नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशिताको क्षेत्रमा रूपान्तरण गर्ने गरी थुप्रै कानूनी सुधारहरू भएका छन् । बाल अधिकारका धेरै अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपाल हस्ताक्षरकर्ता मात्र बनेको छैन बरु राष्ट्रिय स्तरमा, नयाँ कानून, नीति तथा कार्ययोजना निर्माण भई कार्यान्वयनसमेत भएको छ साथै विद्यमान बाल संरक्षणका प्रावधानहरूको पुनरावलोकन पनि भएको छ। सँगसँगै, यी सवालहरूलाई प्रभावकारीरूपमा सम्बोधन गर्न विभिन्न अभियन्ता तथा गैरसरकारी संस्थाहरूले पनि निरन्तर सरकारलाई सहयोग गरिरहेका छन् ।

यति प्रयास हुँदाहुँदै पनि अभियन्ताहरूबाट आएका प्रतिवेदनहरूले बहुसङ्ख्य बालबालिकाको नेपालको न्याय प्रणालीमा पहुँच पुग्न अझै सकेको छैन र यथार्थमा उनीहरू असुरक्षित छन् भन्ने तथ्य इङ्गित गरेका छन् । यस प्रतिवेदनका लागि लिइएको अन्तर्वार्तामा कार्यक्षेत्रमा कार्यरत एक जना अभियन्ताले "१०० वटा घटनाहरूमध्ये सायद ५ वटा घटना मात्र उजुरी गरिन्छ त्यो पनि अन्य व्यक्ति वा संस्थाको सहयोगमा ।

[2] WHO (2016) INSPIRE. Seven Strategies for Ending Violence Against Children.

[3] Ibid, p.15.

[4] थप जानकारीका लागि,WHO (2016) INSPIRE. Seven Strategies for Ending Violence Against Children, pp. 10-20

[5] उदाहरणका लागि हेर्नुहोस्:CWIN/ECPAT (2015) Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal, pp. 16-17

सामान्यतया उजुरी हिंसा वा शोषणका घटनाहरू एकदमै गम्भीर प्रकृतिको भए मात्र गरिन्छ।" भन्ने अनुमान गरेका थिए।[6] बालबालिकाको यौन शोषण तथा यौनशोषणका लागि गरिने बेचबिखनको जोखिममा रहेका समुदाय तथा प्रभावितहरूसाग कार्यरत संस्थाहरूले यस्ता घटनाहरू अझै व्यापकरूपमा भइरहेको कुरा बताएका छन्,[7] जसले नेपाली बालबालिकाको जीवनलाई ध्वस्त बनाइरहेको छ।

यस सन्दर्भमा, यौन शोषण गर्ने उद्देश्यले गरिने बेचबिखनबाट बालबालिकाको संरक्षण गर्दै नेपालको निरन्तर विकासलाई अगाडि बढाउनका लागि विधिको शासन अपरिहार्य रहेको छ। तर, कानूनहरूको प्रभावकारी कार्यान्वयन नभएमा कानूनको खासै अर्थ हुँदैन। तसर्थ, यस प्रतिवेदनमा बालबालिकाको मौलिक मानवअधिकार संरक्षणको जिम्मेवारी बहन गरेका निकायहरूलाई "जिम्मेवार निकाय" भनिएको छ। बालबालिकाको न्यायमा पहुँचका लागि सहजीकरण गर्न यस्ता निकायहरूको भूमिका रहन्छ।

हालसम्म बाल यौन शोषणका प्रभावित बालबालिका नेपालको न्याय प्रणालीका बारेमा कति जानकार छन् ? उनीहरूको न्याय तथा क्षतिपूर्तिमा पहुँच छ कि छैन र प्राप्त गर्न सक्छन् कि सक्दैनन्, साथसाथै यो प्रक्रियामा उनीहरूले भोग्ने चुनौतीहरू के हुन् भन्ने विषयमा धेरै अध्ययन भएको छैन। त्यसैगरी कर्तव्यवाहक निकायहरूले सामना गर्नु परेका चुनौती र अवरोधहरूको जानकारी साथसाथै यी अवरोधहरूका मूल कारण, अवरोधहरू हटाउनको लागि आवश्यक उपायहरू बारे जानकारी पनि पर्याप्त मात्रामा उपलब्ध छैन। यस अध्ययनले सूचना तथा जानकारीको क्षेत्रमा रहेका यस्तै केही कमीलाई सम्बोधन गर्ने तथा भविष्यमा बाल अधिकारको कार्यान्वयनको क्षेत्रमा सुधार गर्ने विषयमा विशेष सिफारिस गरेको छ।

## न्याय प्रक्रियामा बालबालिकाको अनुभवसम्बन्धी अवसर तथा चुनौतीहरू

यो प्रतिवेदन सिविस, संरक्षक समूह नेपाल र एन्टी स्लेभरी इन्टरनेशनलले संयुक्त रूपमा बालबालिका तथा किशोरकिशोरीलाई व्यवसायिक यौन शोषण तथा बेचबिखनबाट बचाउने र कर्तव्यवाहक निकायहरूले मानव बेचबिखनका घटनाहरूको प्रभावकारी व्यवस्थापन गरेको कुरा सुनिश्चित गर्ने उद्देश्य लिई गत दुई वर्ष (फ्रेब्रुअरी २०१८ देखि जनवरी २०२०) सम्म कार्यान्वयन गरेको परियोजनाको परिणाम हो।

यस परियोजनालाई कमिक रिलिफको सहयोग प्राप्त भएको थियो। समग्रमा परियोजनाले बालबालिकाको यौन शोषण तथा बेचबिखनविरुद्ध हुने प्रणालीगत सम्बोधनमा सुधार ल्याउन, र प्रभावितहरूका लागि न्यायमा पहुँच पुऱ्याउन सहजीकरण गर्ने लक्ष्य लिएको थियो। यो परियोजना वि.सं. २०७२ मा गएको भूकम्पपछिको अवस्थामा बाल यौन शोषण तथा बेचबिखनको घटनामा वृद्धि भएका जिल्लाका विभिन्न समुदायहरूमा लागू गरिएको थियो। यी जिल्लामा, प्रदेश ३ (बागमती प्रदेश) का धादिङ, नुवाकोट, र सिन्धुपाल्चोक रहेका छन् भने गण्डकी प्रदेशबाट कास्की जिल्ला रहेको छ। यस परियोजनामा संरक्षक समूह नेपालले काठमाडौं र पोखरामा सञ्चालन गरिरहेको कानूनी (कानूनी अभिकर्ता) सेवाका साथै सिविसले काठमाडौंमा प्रदान गरिरहेको सेवालाई पनि समेटेको थियो।

यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालबालिका कुनै पनि अध्ययनको प्रयोजनका लागि पहुँच पुऱ्याउन जटिल समूह हो। तर पनि अध्ययन टोली आवास गृहको सेवा प्रदान गरिरहेका विभिन्न गैरसरकारी संस्थाहरूको सहयोग तथा संरक्षक समूह नेपालका पारालिगलको सिफारिसमा यस्ता प्रभावित बालबालिकाको पहिचान गर्न सक्षम भएको थियो। अध्ययनको क्रममा प्रारम्भमा ३९८ जना प्रभावितका घटनाहरूको पहिचान गरिएको थियो तर पछि गएर प्रभावितहरूसँग लिइएको अन्तर्वार्ताको सङ्ख्या ५० बाट २४ सम्म घटाउनु परेको थियो। यस्तो हुनुको कारण, अध्ययनका लागि नियमित खोजखबर गर्न सकिने तथा प्राय: शोषण तथा न्याय प्राप्तिका तीता अनुभवहरूलाई स्मरण गर्न इच्छुक हुने प्रकृतिका सहभागी जुटाउन अप्ठ्यारो थियो। प्रभावितका अभिभावकहरूका विचार संकलन गर्दा पनि यस्तै प्रकारका चुनौतीहरू सामुन्ने आएका थिए। कतिसम्म भने, एकजना अभिभावक मात्रै अन्तर्वार्ता दिन इच्छुक भएका थिए र उनको मात्रै अन्तर्वार्ता लिइएको थियो। बाल तथा लैङ्गिकरूपमा पूर्णतया: संवेदनशील रहेको विधिगत नैतिक मापदण्ड, सुसूचित सहमति तथा गोपनीयतालगायतका सबै कुराहरू सहभागीहरूको अमूल्य योगदानलाई सुरक्षित राख्नका लागि महत्वपूर्ण प्रमाणित भएका थिए।

6 जिल्ला तहका गैर–सरकारी संस्था, पत्रकार, अभियन्ताहरूसँग गरिएको समूह छलफल (धादिङ, २०७६ जेष्ठ २१)
7 यस अध्ययनका दौरान अध्ययन सल्लाहकार समितिका सदस्यहरूसँग गरिएको छलफल।

# अध्ययन विधि

यस अध्ययनले नेपालमा बेचबिखनसहित बाल यौन शोषणबाट प्रभावित बालबालिकाका लागि न्याय प्राप्तिमा आउने व्यवधानहरूसम्बन्धी गहन जानकारी प्राप्त गर्ने लक्ष्य लिएको छ । यस प्रतिवेदनले गुणात्मक विधि अपनाएर अध्ययन गरिएको कुरा देखाएको छ र अध्ययनले केन्द्रमा राखेको विषयका लागि यो विधि उपयुक्त रहेको छ । यसका साथै, उपलब्ध तथ्याङ्कको सन्दर्भमा, विशेषगरी पहुँच पुऱ्याउन गाह्रो हुने तथा जोखिममा रहेका जनसङ्ख्यासम्म पहुँच पुऱ्याउनका लागि पनि यो अध्ययन विधि उपयुक्त रहेको छ । यो अध्ययनमा तथ्याङ्क सङ्कलनलाई चार चरणमा विभक्त भएको पुनरावृत्ति हुने पद्धतिको प्रयोग गरी गरिएको थियो जसमा प्रत्येक चरणले आगामी चरणलाई सूचित गर्दथ्यो । साथै, तथ्याङ्क सङ्कलन प्रभावित बालबालिका, प्रभावित समुदाय तथा नागरिक समाज तथा सरकारका मुख्य सरोकारवालहरूसहितका विभिन्न तहबाट प्राप्त सूचना तथा जानकारीहरूको संग्रहमा केन्द्रित रहेको थियो । प्रभावितहरूसँग गरिएको विस्तृत अन्तर्वार्ता (in-depth interview) यस अध्ययनको लागि प्रयोग भएको तथ्याङ्क/जानकारीको प्राथमिक स्रोत थियो । यसले 'न्याय प्राप्तिको बाटो'का लागि प्रभावित केन्द्रित सोच र नविनतम तथा बहुमूल्य प्रयोगात्मक तथ्याङ्क उपलब्ध गराएको थियो । अन्य स्रोतबाट प्राप्त जानकारीहरूले यो प्राथमिक स्रोतलाई प्रतिप्रश्न गर्न तथा सान्दर्भिकता प्रदान गर्न सघाउ पुऱ्याएका थिए । विभिन्न सरोकारवालाहरूको विचारलाई एकै ठाउँमा ल्याउनु र तथ्यगत सूचना हासिल गर्नु यस अध्ययनको अर्को बलियो पक्ष रहेको थियो ।

तथ्याङ्क संकलनका चार चरणहरू निम्न रहेका थिए :

- **पूर्व अध्ययनहरूको पुनरावलोकन** : नेपालमा बाल यौन शोषणको बदलिंदो परिवेशलाई गहिरो रूपमा बुझ्नका लागि उपलब्ध सहायक तथ्याङ्कहरूका रूपमा (secondary data), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन तथा परियोजनाका दस्तावेज, प्राज्ञिक, सरकारी, गैरसरकारी तथा सञ्चार माध्यमका आलेख/सामग्रीका साथै सान्दर्भिक हुन आउने विभिन्न कानून तथा नीतिहरूको अध्ययन/पुनरावलोकन गरिएको थियो । यो पुनरावलोकनले यस अध्ययनको समग्र संरचना (research design) विकास गर्नुका साथै उपयुक्त विधिहरूको पहिचान गर्न पनि सघाउ पुऱ्याएको थियो ।

- **प्रभावितहरूको तहमा** : यौन शोषण तथा बेचबिखनका २४ जना प्रभावित बालिकाहरूको अन्तर्वार्ता लिइएको थियो । यी अन्तर्वार्तामा उल्लेखित बालिकाहरूले न्याय पाउनका लागि गरेका प्रयास तथा उनीहरूले भोग्नु परेको चुनौती तथा अप्ठ्याराहरूका बारेमा कुराकानी गरिएको थियो । यी अन्तर्वार्ताहरूले नेपाली न्याय प्रणाली बारे बालिकाहरूको अनुभवका विषयमा विस्तृत जानकारी हासिल गर्न सघाएका थिए । अन्तर्वार्ता लिइएका बालिकाहरूमध्ये, शोषण भोगेको अवस्थामा चार जना १० वर्षमुनिका थिए, चार जना १० र १२ वर्षको उमेर समूहका थिए, आठ जना १२ देखि १६ वर्षको उमेर समूहका थिए भने आठ जना १६ देखि १८ वर्षको उमेर समूहका थिए ।[8]

- **सामुदायिक स्तरमा** : समुदायहरूमा जोखिमयुक्त अवस्थामा रहेका बालबालिका, कर्तव्यवाहक निकायहरू, प्रभावशाली व्यक्तित्व तथा बुद्धिजीवीहरूसँग लक्षित समूह छलफलहरू चलाइएका थिए र यी छलफलमा सहभागीहरूले बालअधिकारको रक्षाको विषयमा उनीहरूको अनुभव तथा विचारहरू प्रस्तुत गरेका थिए । समुदाय तथा जिल्ला सदरमुकाम गरी कूल १९ वटा लक्षित समूह छलफलहरू सञ्चालन गरिएका थिए जसमा कूल २०२ सहभागीहरूको सहभागिता रहेको थियो ।

- **सरोकारवालाहरूको तह** : यौन शोषण तथा बेचबिखनमा परेका प्रभावित बालबालिकालाई सहयोग गर्ने कार्यमा प्रत्यक्षरूपमा संलग्न रहेका सरोकारवाला तथा जिम्मेवार निकायहरूका कूल ३४ जना मुख्य सूचनादाताहरूसँग अन्तर्वार्ता लिइएको थियो । यी सरोकारवालाहरूमा गैरसरकारी संस्था, अभियन्ता, कानून व्यवसायी, प्रहरी, सञ्चारकर्मी, सामुदायिक मध्यस्थकर्ता, राजनीतिक नेता, शिक्षक, तथा न्यायिक समितिका सदस्यसहितका स्थानीय सरकारका प्रतिनिधिहरू रहेका थिए ।

[8] अन्तर्वार्ताको समयमा १२ वर्षभन्दा मुनिका तीन जना बालबालिकाका अभिभावकसँगको अन्तर्वार्ता, १६ वर्षभन्दा मुनिका ६ जना बालबालिका, १८ वर्षभन्दा कम उमेरका चार जना र ११ जना २१ वर्षभन्दा कम उमेरका युवा ।

## सल्लाहकार समिति

अध्ययनले समेटेको विषयवस्तु एकदमै संवेदनशील भएकाले, सुरूवाती चरणदेखि नै यो अध्ययनले सहभागीहरूको सुरक्षा, अधिकार तथा गोपनीयतालाई अधिकतम् सम्मान गर्ने प्रयास गरेको छ । एक विज्ञ सल्लाहकार समितिको गठन एक मुख्य नवीनतम् कार्य थियो र यसले यो प्रतिवेदनको प्रक्रिया तथा नतिजालाई थप सुदृढ बनाएको थियो । यस समितिका सदस्यहरूमा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय बाल कल्याण समिति,[9] मानव बेचबिखन नियन्त्रणको लागि राष्ट्रिय समिति, एक जना कानून विज्ञ, सञ्चारकर्मी र यौन शोषण तथा बेचबिखनमा परेका बालबालिकाका विषयमा गहिरो अनुभव भएका र बेचबिखनबाट प्रभावितद्वारा नेतृत्व गरिएका गैरसरकारी संस्थाका प्रतिनिधिहरू रहेका थिए । समितिका सदस्यहरूको मार्गनिर्देशनले यस अध्ययनको समग्र अध्ययन विधिलाई अन्तिमरूप दिएको थियो । यस अध्ययनको समग्र संरचना तथा कार्यान्वयनमा नैतिक मापदण्ड तथा संरक्षणका उपायहरू अपनाउनका लागि यस अनुभवी सल्लाहकारको टोलीले सहयोग तथा मार्गनिर्देश गरेको थियो । उक्त सल्लाहकार समितिको बैठक दुई पटक बसेको थियो । पहिलो बैठकले तथ्याङ्क संकलन गर्ने औजार तथा प्रक्रियाहरूको समीक्षा तथा पुनरावलोकन गर्दै अध्ययन टोलीलाई नैतिक मापदण्डको अनुपालनाका लागि सल्लाह दिएको थियो भने समितिको दोस्रो बैठकले यो प्रतिवेदनको आधारभूत पक्षको विकास हुने गरी मस्यौदा नतिजामा पृष्ठपोषण तथा सुझाव दिएको थियो ।

## नमूना छनौट तथा सीमितता

सल्लाहकार समितिले नमूना छनौटको मापदण्ड तर्जुमा गर्नका लागि पनि सहकार्य गरेको थियो । यसरी निर्धारण भएका मापदण्डहरू निम्नानुसार रहेका थिए र यस अध्ययनमा निम्न अवस्थामा रहेका/भोगेका सहभागीलाई मात्रै सहभागी गराइएको थियो :

- **यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालिकाहरू**
- **२० वर्षको[10] उमेरभन्दा पहिले दुर्व्यवहारको अनुभव गरेका प्रभावित बालिकाहरू**
- **हालको उमेर २५ वर्ष वा सोभन्दा कम रहेका प्रभावित बालिकाहरू ।**

यी पूर्वसर्तभित्र रहेर, यो अध्ययन कार्यान्वयन गर्ने संस्थाहरू: सिविस, संरक्षक समूह नेपाल र एन्टी स्लेभरी इन्टरनेशनलको बृहत्तर सञ्जाललाई परिचालन गरी सम्भावित सहभागीहरूको पहिचान गरिएको थियो । सल्लाहकार समितिसँगको परामर्शमा, सहभागीहरू संरक्षक समूह नेपाल तथा शक्ति समूह, साथी र जनचेतना प्रवर्द्धन केन्द्र (क्याप) लगायतका अन्य संस्थाहरूले सहयोग गरेका प्रभावित बालिकाहरूसँग विस्तृत अन्तरवार्ता लिइने कुरामा सहमति गरिएको थियो । सिविस र संरक्षक समूह नेपालका कर्मचारीहरूले लक्षित समूह छलफल तथा मुख्य सूचनादाताहरूसँगको अन्तर्वार्ताका लागि सहकार्य तथा सहजीकरण गरेका थिए । अध्ययनको भौगोलिक क्षेत्र परियोजना कार्यान्वयन भएका जिल्लाहरू : धादिङ, नुवाकोट तथा सिन्धुपाल्चोक जिल्ला रहेका थिए । यी तीनै जिल्लाहरू वि.सं. २०७२ को महाभूकम्पबाट अति प्रभावित भएका जिल्लाहरू हुन् । काठमाडौं र पोखरा जिल्लामा संरक्षक समूह नेपालले कानूनी अभिकर्ताको सेवा प्रदान गरिरहेकोले, सिविससँगको परामर्शमा, यी जिल्लाहरू पनि यस अध्ययनमा समेटिएको थियो ।

यो प्रतिवेदनले यौन शोषण तथा बेचबिखनका घटनाहरूबाट प्रभावित बालबालिकाको न्यायमाथिको पहुँचलाई सुधार गर्नका लागि उल्लेखनीय गुणात्मक योगदान दिएतापनि यस अध्ययनका केही मनन्योग्य सीमितताहरू पनि छन् । पाठकहरूले यस प्रतिवेदनमा पेश गरिएका विषयवस्तुलाई अध्ययन गर्दै गर्दा मनन गर्न सकून् भन्ने अभिप्रायले यी सीमितताहरूलाई यस प्रतिवेदनको प्रारम्भमा नै प्रस्तुत गरिएको छ ।

---

9 यस निकायलाई हाल राष्ट्रिय बाल अधिकार परिषद् भनिन्छ ।

10 विवाहको कानूनी उमेर २० वर्ष तोकिएको आधारमा २० वर्षको उमेरलाई मानक उमेरको रूपमा लिइएको छ ।

यस अध्ययनका सीमितताहरू निम्नानुसार रहेका छन् :

- अन्तर्वार्ताका लागि सहभागी जुटाउन यस अध्ययनले अपनाएको विधिको निहितार्थ यस अध्ययनका नतिजाहरूमा सिविस र संरक्षक समूह नेपालका परियोजना क्षेत्रमा रहेका प्रभावित बालिकाहरू, विशेषगरी हाल वा विगतमा काठमाडौं वा ललितपुर जिल्लामा आवास सेवा प्राप्त गरेका प्रभावित बालिकाहरूबाट उल्लेखनीय योगदान रहेको छ । यस अध्ययनले केन्द्रविन्दुमा राखेको परियोजना क्षेत्रहरूमा प्रदान गरिएको सहायताको महत्वलाई मनन गर्दा, यस्ता प्रकारका सेवाको अभाव रहेका क्षेत्रहरूमा न्यायको पहुँच अझै चुनौतीपूर्ण रहेको हुनसक्ने अनुमान गर्न सकिन्छ । यस्ता क्षेत्रहरूमा रहेका बालबालिकाको अनुभवलाई थप अध्ययनको विषय बनाइनु पर्ने आवश्यकता रहेको छ ।
- यो अध्ययन बाल यौन शोषणका प्रभावित बालिकाहरूको अनुभवमा केन्द्रित रहेको छ । बालिकाहरू यौन शोषणको जोखिममा बढी रहने हुनाले बालिकाहरूलाई प्राथमिकता दिइएको हो । यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालकहरू पनि रहेका छन्, यद्यपि कम संख्यामा । त्यसैले पनि नेपाली सन्दर्भमा, बालकहरूको यौन शोषणको विषयमा थप अध्ययनको आवश्यकता रहेको छ ।
- यौन शोषण तथा यौनजन्य बेचबिखनका प्रभावितहरूसम्म पहुँच पुऱ्याउन गाह्रो भएकोले, तथ्याङ्कशास्त्रीय तुलना वा विश्लेषण (extrapolation) गर्नका लागि हामीले लिएको नमूनाको आकार सानो हुन आउँछ । यसका साथै, बेचबिखनका विषयमा नेपाली निकायहरूले तथ्याङ्कहरूको संकलन तथा प्रकाशन गर्ने गरेको भएता पनि, तथ्याङ्कहरू विषयगत र क्षेत्रगत रूपमा तुलना गर्न मिल्ने गरी उपलब्ध नभएको हुनाले घटनाहरूको संख्यात्मक उपलब्धता कम रहेको छ ।

## नैतिक मापदण्ड

माथि उल्लेख गरिए अनुसार सल्लाहकार समितिको गठन मार्फत् यस अध्ययनले प्रभावित बालिका तथा अन्य उत्तरदाताको सुरक्षा तथा संरक्षणलाई प्राथमिकतामा राखेको थियो । अध्ययनले बेचबिखनसहित व्यावसायिक यौन शोषणका प्रभावितहरूलाई सहयोग गर्ने विषयमा अनुभवी तथा विषयविज्ञता भएका व्यक्तिहरूसहितको एक सल्लाहकार समितिको गठन गरेको थियो । यस अध्ययनका लागि निर्दिष्ट गरिएको एक विशिष्ट आलेखपत्र तयार गरिएको थियो जसअन्तर्गत सबै अनुसन्धानकर्ताले अनुसन्धानमा संलग्न हुनका लागि नैतिक प्रतिवद्धता जाहेर गर्ने फारममा दस्तखत गर्नुपर्ने आवश्यकता थियो । सुरक्षा तथा गोपनीयताको स्तरलाई थप सुदृढ बनाउन तथा प्रभावितहरूको अधिकारको रक्षा गर्नका लागि नैतिक मापदण्डका विषयमा सबै अनुसन्धानकर्ताहरूमा एक साझा धारणाको विकास गरिएको थियो ।

अध्ययनको अवधिभरि अनुसन्धानकर्ताहरूले सहयोगी संस्थाहरूद्वारा सिफारिस गरिएका सुरक्षित तथा गोपनीय स्थानहरूमा मात्रै अन्तर्वार्ता लिएर प्रभावितको सुरक्षामा ध्यान दिएका थिए । अध्ययनको उद्देश्यका विषयमा विस्तृत विवरण सबै सहभागीहरूलाई पढेर सुनाइएको थियो र सहभागीहरूको सुसूचित अनुमति मौखिक तथा लिखित दुवै माध्यममा लिइएको थियो । कानूनीरूपमा नाबालिग नै रहेका सहभागीहरूको हकमा, उनीहरूका अभिभावक/आमाबुबाको सुसूचित अनुमति मौखिक तथा लिखित दुवै माध्यममा लिइएको थियो । प्रत्येक उत्तरदातालाई अन्तर्वार्ताका दौरान मानसिकरूपमा पुनः आघात पर्ने सम्भावनालाई सम्बोधन गर्नका लागि सम्बन्धित संस्थाको मनोसामाजिक विमर्श कर्ताको उपस्थितिमा प्रमुख अनुसन्धानकर्ता (टोली प्रमुख) ले व्यक्तिगतरूपमा अन्तर्वार्ता लिएका थिए ।

मुख्य सूचनादाता तथा लक्षित समूह छलफलका सहभागीहरूलाई अध्ययनको उद्देश्य, अध्ययनको सहभागीको रूपमा उहाँहरूको अधिकार तथा जिम्मेवारी, तथा अन्तर्वार्तालाई कुनै पनि समयमा रोक्न सक्ने उहाँहरूको अधिकारका बारेमा मौखिक तथा लिखितरूपमा जानकारी गराइएको थियो । तथ्याङ्कको गोपनीयताका लागि अनुमति लिइएको अवस्थामा बाहेक, यस प्रतिवेदनमा तथ्याङ्कको स्रोतलाई प्रत्यक्षरूपमा उद्घृत गरिएको छैन । सबै तथ्याङ्कका स्रोतहरूलाई सुरक्षितरूपमा भण्डारण गरिएको छ, र यो प्रतिवेदनमा व्यक्तिगत जानकारी उल्लेख नगर्नका लागि सतकर्ता अपनाइएको छ । तथ्याङ्कको पहुँच प्रमुख अनुसन्धानकर्ता, सिविसको परियोजना संयोजक र सञ्चार तथा अभिलेख अधिकृतसँग मात्रै रहेको छ । यस अध्ययनको प्रकाशन भएपछि सबै तथ्याङ्कहरू नष्ट गरिनेछ ।

## ख) "बाल यौन शोषण तथा बेचबिखन"का विषयमा "न्यायको पहुँच" भन्नाले हामीले भन्न खोजेको के हो ?

नेपाली कानूनले १८ वर्षभन्दा मुनिका कुनै पनि व्यक्तिलाई बालबालिकाको रूपमा व्याख्या गर्दछ।[11] नेपालको कानूनले नेपाली समाजको सबैभन्दा जोखिममा रहेको तथा आवाजविहीन सदस्यका रूपमा बालबालिकालाई विशेष सुरक्षा प्रदान गरेको छ। बालबालिकाको उमेर, सामाजिक अवस्था तथा व्यावहारिक अनुभवको कमीले गर्दा बालबालिकाहरू आफ्नो अवस्था तथा अधिकारका बारेमा प्रायः सचेत हुँदैनन्। यसले विभिन्न प्रकारको दुर्व्यवहारप्रति उनीहरूको जोखिमलाई बढाइदिन्छ र न्यायमा पहुँच राख्ने उनीहरूको क्षमतालाई पनि क्षीण बनाइदिन्छ। यस्तो असुरक्षित अवस्था बालबालिकाले अनुभव गर्ने कुराको अतिरिक्त र यस्तो अवस्थालाई प्रायः एकैसाथ जोडिएर आउने उनीहरूको आर्थिक वा कानूनी अवस्था, जाति, लिङ्ग, अपाङ्गता वा शैक्षिक स्तरसँग सम्बन्धित जोखिमले झनै प्रश्रय दिने काम गर्दछ। यौन दुर्व्यवहार, शोषण र बेचबिखनको क्षेत्रमा, यी पक्षहरूले पहिले नै असुरक्षित अवस्थामा रहेका बालबालिकालाई, विशेषगरी बालिकाहरूलाई, थप जोखिममा राख्दछ।

### तर "बाल यौन दुर्व्यवहार" भनेको के हो र यो कुन बेला "बाल यौन शोषण" वा "बेचबिखन" बन्दछ ?

यो प्रतिवेदनले बाल यौन शोषण तथा यौनजन्य बेचबिखनलाई केन्द्रमा राखेको छ। तर यी दुवै प्रक्रियाहरूमा बाल यौन दुर्व्यवहार समावेश भएको हुन्छ। बाल यौन दुर्व्यवहारको सर्वमान्य परिभाषा त छैन, तर संयुक्त राष्ट्रसंघ तथा बाल संरक्षणमा कार्यरत अन्य प्रमुख निकायहरूले बाल यौन दुर्व्यवहारलाई साधारणतया निम्न कुरा समावेश भएको विषयको रूपमा बुझ्ने गरेका छन् :

> *कुनै बालबालिका र अर्को निज बालबालिकाभन्दाको बढी उमेर भएको बालबालिका वा बढी सुझबुझ भएको बालबालिका वा वयस्क व्यक्ति (अपरिचित, दाजुभाइ/दिदीबहिनी वा अभिभावक वा हेरालु जस्ता अधिकारप्राप्त पदमा रहेको व्यक्ति) बीच बढी उमेर भएको बालबालिका वा वयस्कको यौन सन्तुष्टीको लागि बालबालिकालाई एक साधनको रूपमा प्रयोग गर्नका लागि हुने सम्पर्क वा अन्तर्क्रिया।*[12]

तसर्थ, बालबालिकासँगको कुनै पनि यौन गतिविधिलाई यौन दुर्व्यवहारको रूपमा अर्थ्याउन सकिन्छ। यस्ता व्यवहारअन्तर्गत पर्ने धेरै क्रियाकलापहरूलाई नेपाली कानूनले बालबालिकाविरूद्ध हुने अपराधको रूपमा व्याख्या गरेको छ। यस्ता क्रियाकलापहरूमा यौन मनसाय राखेर छुने, यौन व्यवहार वा अश्लील सामग्री देखाउने, र बालबालिकालाई यौन सन्तुष्टिका लागि प्रयोग गर्ने लगायतका कार्यहरू पर्दछन्।[13]

यूनिसेफले यस्ता दुर्व्यवहार जब कुनै दोस्रो पक्षलाई मुनाफा वा बदलामा केही कुरा दिएर लाभ भएमा शोषण बन्छ भनेर सुझाएको छ।[14] यस विषयमा हुने गरेको अन्तर्राष्ट्रिय बहसमा यौन शोषणलाई निम्नानुसारका पक्षहरू समेटिएको बृहत् विषयको रूपमा परिभाषित गरिएको छ :

> *अर्को व्यक्तिको यौन शोषणबाट आर्थिक, सामाजिक वा राजनीतिक फाइदा लिने, साथै यौन उद्देश्यका लागि असुरक्षित अवस्था, असमान शक्ति वा विश्वासको दुरुपयोग गरी गरिने कुनै पनि कार्य वा सो कार्य गर्ने उद्योग।*[15]

---

[11] बालबालिका सम्बन्धी ऐन, २०७५, दफा २(ञ)

[12] उदाहरणका लागि, एशिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (UN ESCAP) १९९९को परिभाषा हेर्नुहोस्। "Sexually Abused and Sexually Exploited Children and Youth in South Asia: A Qualitative Assessment of Their Health Needs and Available Services", New York: UN ESCAP.

[13] हेर्नुहोस्: बालबालिका सम्बन्धी ऐन २०७५, २०७५/०६/०२, परिच्छेद ८, दफा ६६(३) (क) देखि (ट)।

[14] उदाहरणका लागि हेर्नुहोस्: L. Radford *et al*, Promising Programmes to Prevent and Respond to Child Sexual Abuse and Exploitation, UNICEF, https://www.unicef.org/protection/files/Promising_programme_responses_SEA_(Radford_et_al).pdfमा उपलब्ध।

[15] UN, *Glossary on Sexual Exploitation and Abuse: Thematic Glossary of current terminology related to Sexual Exploitation and Abuse (SEA) in the context of the United Nations*, 2017, p.6, https://hr.un.org/sites/hr.un.org/files/SEA%20Glossary%20%20%5BSecond%20Edition%20-%202017%5D%20-%20English_0.pdf

### बाल यौन शोषणलाई उमेरमा आधारित हिंसाको रूपमा बुझ्दा

हालै गरिएका अनुसन्धान (फ्रिडम फण्ड, २०१९)ले इङ्गित गरेअनुसार बालबालिकाको यौन शोषणमा केही कुरा दिएर लिइने लाभद्वारा निर्देशित हुन्छ र प्रायः यस्ता व्यवहारमा संलग्न हुनेहरूले यसलाई बालबालिकाको स्वेच्छाको रूपमा अर्थ्याउने गरेका छन् । यसको अर्थ, पीडकहरूले प्रायः बालबालिकाहरूले आफ्नै यौन शोषणका लागि सहमति जनाएको देखाउन खोज्छन्, यद्यपि यस्तो गर्नु आफैँमा गैरकानूनी हो । अझ विचारयोग्य पक्ष भनेको, यस्तो सहमतिलाई बालबालिकाको यौन दुर्व्यवहारको नजिक रहने व्यक्तिहरूले एक व्यापारिक कारोबारको रूपमा मात्रै वा परोपकारी कार्यको रूपमा पनि सामान्यीकरण गर्न सक्छन् ।

वास्तविकता भनेको यस्ता कार्यहरू उमेर, वर्ग र लैङ्गिकतामाथि हुने उत्पीडनयुक्त शक्ति सम्बन्धका उपज हुन् । यस्ता शक्ति सम्बन्धहरूलाई राम्ररी बुझ्नेमा, बालबालिकाको वास्तविक रूपमा निर्णय लिन सक्ने क्षमता वस्तुतः हुँदैन भनेर स्पष्ट हुन्छ । पहिले देखिनै विद्यमान रहेको कुनै पनि वयस्क तथा बालबालिकाबीचको असमान शक्ति सम्बन्धबाट बालबालिकामाथि हुने जोखिमलाई न्यून शिक्षा, जाति वा अपाङ्गताजस्ता अन्तर्निहित कुराहरूले अझ धेरै खतरायुक्त बनाइदिन्छ । यसले बाल संरक्षणमा कार्यरत विज्ञहरूलाई बालबालिकाको व्यावसायिक रूपमा हुने शोषणलाई उमेरका साथै लैङ्गिकतामा आधारित हिंसाको रूपमा पहिचान गरिनुपर्ने आवश्यकतालाई प्रकाश पार्न प्रेरित गरेको छ (सिविन/इसीपिएटी, २०१५) । यिनै कारणहरूले गर्दा नै बालबालिकाको संरक्षणका लागि कानूनले कुनै पनि बालबालिकाले यौनिक क्रियाकलापका लागि दिने सहमतिलाई स्वीकार गर्दैन र जस्तोसुकै तथाकथित 'सहमति' जनाएको भनिएता पनि कानूनले बालबालिकासँग राखिने कुनै पनि प्रकारको यौनजन्य गतिविधिलाई गैरकानूनी मानेको हुन्छ ।

अन्तर्राष्ट्रिय कानूनअनुसार, बल, जबरजस्ती, धाक-धम्की, ठगी वा पदको वा जोखिमयुक्त अवस्थाको दुरुपयोग गरी शोषण गरिएमा त्यस्ता कार्यलाई मानव बेचबिखनको परिभाषामा समेटिन्छ ।[16] जोखिममा हुने बालबालिकाको विशेष अवस्था भएको कारणले गर्दा सबै प्रकारका बाल यौन शोषणलाई वास्तवमा बालबालिकाको यौनजन्य बेचबिखन हुन् भनेर इङ्गित गर्दछ किनभने शोषण गर्दा पदको वा जोखिमयुक्त अवस्थाको दुरुपयोग सधैँ नै हुने गर्दछ ।[17] तर नेपालमा मानव बेचबिखनलाई साँघुरो रूपमा परिभाषित गरिएको छ । नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को अधीनमा रही कुनै पनि बालबालिकाको बेचबिखनलाई व्याख्या गर्दा निज बालक वा बालिकालाई देह व्यापारमा लगाएको, किनिएको वा बेचिएको वा उनीहरूको यौन शोषण गर्ने तत्कालीन वा अन्तिम उद्देश्य राखी उनीहरूलाई कुनै ठाउँबाट अन्यत्र लगिएको हुनुपर्दछ ।[18]

स्थानान्तरणले बालबालिकाहरूलाई उनीहरू अभ्यस्त रहेको तथा उनीहरूको पहिचान हुने सुरक्षित परिवेश तथा परिस्थितिबाट अलग्याउँदै उनीहरूमा पहिले नै रहेको जोखिमलाई बढाइदिन्छ ।[19] तर मानव बेचबिखनलाई नेपालको कानूनले गरेको साँघुरो परिभाषाले गर्दा यस परिभाषामा नअटाउने बाल यौन शोषणका प्रभावितहरूले यस्ता व्यवहारबाट संरक्षणका लागि अन्य कानूनहरूको सहारा लिनुपर्ने अवस्था सिर्जना गरिदिन्छ । यही कारणले गर्दा र बालबालिकाको यौनजन्य बेचबिखन नेपालको परिवेशमा एक प्रकारको बाल यौन शोषण हो भन्ने मान्यतालाई आत्मसात् गर्दै यस प्रतिवेदनले "बालबालिकाको यौन शोषण तथा बेचबिखन" शब्दावलीलाई प्रतिवेदनभरि प्रयोग गरेको छ ।

यथार्थमा यौन शोषणका घटनाहरूमा कुनै न कुनै प्रकारले एक वा सो भन्दा बढी व्यक्तिले फाइदा लिएका हुन्छन् । त्यसकारण बाल यौन शोषणका घटनाहरूलाई नेपालको कानुन बेचबिखनको रूपमा लिए पनि नलिए पनि यस्ता घटनाहरू न्याय प्राप्तिका निम्ति विशेष चुनौतीकारूपमा रहेका हुन्छन् ।

---

[16] UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children (2000)को धारा ३ ।

[17] बालबालिकाको बेचबिखन शब्दावलीको विषयमा थप जानकारीका लागि हेर्नुहोस्:UNICEF, Note on the definition of 'child trafficking', 2007, https://www.unicef.org/southafrica/SAF_pressrelease_notetrafficking.pdf

[18] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनले मानव ओसारपसारलाई "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" कार्यसहित मानव बेचबिखनलाई कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने कार्यको रूपमा व्याख्या गरेको छ ।

[19] UNICEF, Note on the definition of 'child trafficking', 2007, p.1.

## यस प्रतिवेदनका लागि 'न्यायमा पहुँच' को अर्थ के हो ?

न्यायमा पहुँच कानूनी शासनको एक आधारभूत सिद्धान्त हो जसमा कानूनले रक्षा गर्ने उद्देश्य राखेकाहरूको निम्ति कानूनी संरक्षण गर्ने कार्य कार्यान्वयन गराउन सक्षम हुन्छ । न्यायको उपलब्धतालाई आमरूपमा "वास्तविक शान्तिको सेविका" को मान्यता दिइन्छ अर्थात्, दिगो सामाजिक शान्ति तथा सुरक्षाको एक पूर्वसर्तको रूपमा लिइन्छ ।[20] यस प्रतिवेदनले बालबालिकालाई यौन शोषण तथा यौनजन्य बेचबिखनबाट संरक्षण गर्ने गरी कानूनको कार्यान्वयन गर्ने, गराउने विषयमा कानूनको पालना गराउने तथा न्यायिक निकायहरूबाट हुने न्याय सम्पादन (जसलाई यस प्रतिवेदनमा 'न्याय प्रणाली' शब्दावलीको रूपमा राखिएको छ) माथि विशेष ध्यान दिएको छ । यस सन्दर्भमा न्यायमा पहुँच भन्नाले बाल यौन शोषण तथा यौनजन्य बेचबिखनबाट संरक्षण गर्ने र अपराधीलाई सजाय दिने दुवै प्रयोजनका साथै प्रभावितहरूलाई भएको क्षतिका लागि कुनै प्रकारको पुनर्स्थापकीय व्यवस्था (क्षतिपूर्ति) उपलब्ध गराउने कानून तथा संयन्त्रहरूको कार्यान्वयनमा आधारित रहेको छ ।

यस अनुसन्धानले यस्ता कानूनहरूले बाल यौन शोषण तथा बेचबिखनका प्रभावितहरूका लागि उपलब्ध हुनुपर्ने न्याय सम्पादनमा के कुरा समावेश हुनुपर्दछ भन्ने विषयमा नेपाली सरोकारवालाहरूको आफ्नै नैतिक बुझाइलाई प्रतिबिम्बित गर्दछ भन्ने तथ्यलाई प्रकाश पारेको छ । यहाँ सरोकारवालाहरूको बुझाइमा, न्याय सम्पादनमा पीडकहरूको अपराध प्रमाणित गर्ने, यस्ता घटना हुनबाट रोक्ने, प्रभावितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने र प्रभावितको मानमर्यादाको सुनिश्चित गर्ने पक्षहरू न्याय सम्पादनमा समेटिएका हुन्छन् ।[21] यद्यपि, यो प्रतिवेदनले "न्याय" को अर्थलाई प्रभावितमा अझ धेरै केन्द्रित भएर खोतलिएमा यसले न्यायमा पहुँच कसरी स्थापित गर्ने भन्ने विषयमा थप गहन बुझाइ प्रस्तुत गर्दछ भन्ने कुरा प्रकाशमा ल्याएको छ । सबै प्रभावितहरू प्रभावित र पीडक दुवैलाई निष्पक्ष व्यवहार गरिनुपर्ने आवश्यकताप्रति सहमत थिए । यद्यपि, उनीहरूले पीडकलाई जेल चलान गरिएको विषयको सूचना पाएको र उनीहरू शोषणपछि पनि आफ्नो समुदायमा ससम्मान बाँच्न सक्छन् भन्ने प्रत्याभूति भएको हुनुपर्ने आवश्यकता पनि औँल्याएका थिए जुन वास्तविक जीवनमा हुने गरेको छैन । यहाँ पुनर्स्थापकीय न्यायको एक हिस्साको रूपमा प्रभावितको पुनर्वास कार्यक्रमसम्मको पहुँचलाई समेत समावेश गर्नका लागि न्यायलाई कानूनी संयन्त्रसम्मको पहुँचको प्रक्रियाको रूपमा पनि लिइएको छ । प्रभावितलाई 'सामान्य परिस्थितिमा' (घटना हुनुभन्दा पहिलेको स्थितिमा) फर्काउन सहयोग गर्ने गरी क्षतिपूर्तिको भूमिकालाई पनि जोडिएको भएतापनि, केही सहभागीहरूले न्यायलाई प्रभावितहरूलाई आफ्नै समुदायमा पुनर्एकीकरण गर्न सहयोग पुऱ्याउने र जीविकोपार्जनका विकल्पहरू उपलब्ध गराउने प्रक्रिया पनि पुनर्स्थापनाकै एउटा भागको हो भन्ने विषयमा जोड दिएका थिए । न्यायको यो बुझाइले बृहत्तररूपमा स्रोतको विनियोजन व्यक्तिगत कानूनी सहयोग जत्तिकै हुनुपर्ने कुरालाई समेट्छ ।

[20] कोफी अन्नान, संयुक्त राष्ट्रसंघका भूतपूर्व महासचिवः UNDP, Access to Justice, Practice Note, 2004, p.2, available at: https://www.un.org/ruleoflaw/files/Access%20to%20Justice_Practice%20Note.pdf

[21] नुवाकोट जिल्ला तहका सहायक प्रहरी निरीक्षकहरूसँग २०७६ जेठ २५ मा, जिल्लास्तरीय गैरसरकारी संस्था, पत्रकार, अभियन्ताहरूसँग २०७६ जेठ २६ मा, समुदाय तथा जिल्लास्तरीय नेतृत्वसँग २०७६ जेठ ३० मा गरिएको लक्षित समूह छलफल तथा सिन्धुपाल्चोक जिल्लामा समुदाय तथा जिल्लास्तरीय नेतृत्वसँग २०७६ जेठ १३ मा गरिएको लक्षित समूह छलफल, धादिङ जिल्लामा २०७६ जेठ २१ मा जिल्लास्तरीय सहायक प्रहरी निरीक्षकसँग र जिल्लास्तरीय गैरसरकारी संस्था, पत्रकार तथा अभियन्ताहरूसँग गरिएको लक्षित समूह छलफलमा आधारित ।

## उनीहरूको आफ्नै भाषामा ......

*'मेरो लागि न्याय भनेको कसैलाई अप्ठ्यारो परेको समयमा सहयोग गर्न सक्नु हो र उनीहरूलाई चिन्ता नलिनुहोस् र सबै कुरा ठीक हुन्छ भन्दै सहायता गर्नु हो ।'*

**१६ वर्षको उमेरमा बेचबिखनमा परेकी प्रभावित, हालको उमेर १९**

*"न्याय भनेको स्वतन्त्ररूपमा कुराकानी गर्न सक्नु र कोही त्यस्तो गाह्रो परिस्थितिमा छ भने न्यायलाई गुहार्न सक्नु हो । त्यस्तो घटना भएमा, समस्याको समाधान हुनुपर्दछ, प्रभावितका कुरा सुनिनु पर्दछ ।'*

**१४ वर्षको उमेरमा यौन शोषणमा परेकी प्रभावित, हालको उमेर १५**

*'यदि प्रहरीले सही तरिकाले अनुसन्धान गरेमा न्याय सम्भव छ । मेरो विचारमा अधिकांश (प्रभावितहरू) ले न्याय पाउँदैनन् किनकी घटना लुकाउनका लागि पैसा खर्च गरिन्छ ।'*

**१२ वर्षको उमेरमा यौन शोषणमा परेकी प्रभावित, हालको उमेर १७**

यहाँ महत्वपूर्ण पक्ष भनेको प्रभावित बालबालिकाले उनीहरूमाथि गरिएको उत्पीडन (अपराध) का बाबजूद उनीहरूविरुद्ध भएको अन्यायको अनुभवको कारण दुर्व्यवहारको घटनाको सुरूवातदेखि के-के भएको हो भन्ने विषयमा खुलारूपमा निसंकोचका साथ कुरा राख्न उनीहरू सक्षम भएको कुरालाई पहिचान गरेका थिए । यसमा पीडकहरूबाट हुने खतरा र सुरक्षाको प्रत्याभूति नहुने हुनाले शोषणको दौरान वा शोषणको घटनापछि पनि त्यसका बारेमा खुलारूपमा प्रभावितहरूले बोल्न नसक्ने अवस्था पनि समावेश थियो । यसै गरी उनीहरूले भोगेका अन्यायको समग्र अनुभवको रूपमा सामाजिक लाञ्छना, आघात, अधिकारको विषयमा ज्ञान वा बुझाइको कमी, डरत्रास, र निज बालक वा बालिकाको सामाजिक, कानूनी, आर्थिक, लैङ्गिक वा अपाङ्गताको अवस्थाको संयुक्त प्रभावलगायतका कुराहरू देखिएका थिए ।

बाल यौन शोषण तथा बेचबिखनको सन्दर्भमा न्यायसम्बन्धी यी बुझाइ तथा अनुभवले यस प्रतिवेदनको बाँकी खण्डमा प्रस्तुत गरिएको परिणाम तथा संरचनालाई पृष्ठभूमिगत आधार प्रदान गरेका छन् ।

# अध्याय २




Photo by Lindrik on iStock

# पृष्ठभूमि

## क) नेपालमा बाल यौन शोषण र बेचबिखनबारे हामीलाई थाहा भएको कुरा

उच्च दरमा हुने बाल यौन शोषण र बेचबिखनबाट नेपाल धेरै लामो समयदेखि प्रभावित रहँदै आएको छ । किशोरीहरूको सीमापार हुने बेचबिखनलाई सन् १९८० को दशकदेखि पहिचान गर्न थालिएको हो । यस अध्ययनभन्दा अघिका धेरै अध्ययनहरूले नेपालमा बाल यौन शोषण र बेचबिखनको व्यापकतालाई प्रकाशमा ल्याएका मात्रै छैनन्, बरु बालविवाह र महिला तथा किशोरीहरूविरुद्ध हुने संस्थागत भेदभाव जस्ता ऐतिहासिक तथा सांस्कृतिक अभ्यासहरूसँग पनि बाल यौन शोषण र बेचबिखनका घटनाको सम्बन्धलाई बाहिर ल्याएका छन् ।[22] सन् १९९० देखि, यी अभ्यासहरू उदयीमान सांस्कृतिक प्रवृत्ति (आर्थिक उदारीकरण, अश्लील चलचित्र तथा साहित्य, विदेशी सञ्चार माध्यमको बढ्दो प्रभाव) र स्थानान्तरण (बढ्दो शहरीकरण तथा विस्थापन) प्रक्रियासँग अन्तर्घुलित हुँदै आए र यसले यौनका लागि बालबालिकालाई व्यापारिक वस्तुका रूपमा लिइने क्रममा थप योगदान पुग्यो ।[23]

यौन शोषण तथा बेचबिखनप्रति नेपाली बालबालिकाको पहिलेदेखि नै व्याप्त जोखिमलाई वि.सं. २०५२ देखि २०६२ सम्म चलेको माओवादी द्वन्द्वले निम्त्याएको उथलपुथल र गरिबी, खस्किएको पस्मिना उद्योग र हालैको वि.सं. २०७२ को महाभूकम्पले झनै बढाएको थियो । महाभूकम्पले नेपालको करिब एक-तिहाइ जनसङ्ख्यालाई प्रभावित बनाएको थियो[24], अभिभावकविहीन बालबालिकाको संख्यामा वृद्धि भएको थियो र "महिला र किशोरीहरूविरुद्ध हुने हिंसा" मा उल्लेखनीय वृद्धि भएको थियो र यसमा विदेशमा र स्वदेशमा व्यावसायिक यौन शोषणका लागि देह व्यापारीहरूले भूकम्प पीडित बालबालिकालाई लक्षित गर्ने गरेका तथ्यहरू बाहिर आएका थिए ।[25]

माथि उल्लेख गरिएका विभिन्न अध्ययनहरूले नेपालमा सरकारी, गैरसरकारी तथा बाह्य विकास साझेदारहरूको विभिन्न प्रयासहरूले गर्दा शोषणका आयामहरूमा परिवर्तन आएको तथ्य प्रस्तुत गरेका छन् । यी प्रयासहरूले हालसम्म अदृश्य वा अस्तित्वमा नरहेका शोषणका नयाँ प्रकारहरूका बारेमा पनि प्रकाश पारेका छन् ।

## समस्याको व्यापकता र सूचकहरू

यौन शोषण तथा बेचबिखन लुकीछिपी गरिने भएकोले यस्ता अपराधको सिकार हुन पुगेका बालबालिकाको सङ्ख्याको अनुमान लगाउन् आफैँमा गाह्रो विषय हो, यद्यपि यस प्रतिवेदनमा प्रस्तुत गरिएका सङ्केतात्मक विवरणले यस्ता घटनाहरू "अत्याशलाग्दो" सङ्ख्यामा रहेको इङ्गित गर्दछ ।[26]अझ चिन्ता लाग्ने विषय भनेको, प्रभावित बालबालिकाहरूसँग काम गरिरहेका संस्थाहरूले सञ्चालन गरिरहेको आवास गृहमा सेवाको माग बढ्दै गएको हुनाले यस्ता घटनाका सिकार हुने बालबालिकाको सङ्ख्या बढ्दै गइरहेको तथ्याङ्कले बताउँदछ ।[27] यो अनुसन्धानको क्रममा गरिएका लक्षित समूह छलफल, मुख्य सूचनादाताहरूसँगको अन्तर्वार्ता तथा सल्लाहकार समितिको बैठकमा उठेका आवाजहरूले ८ वर्षभन्दा कम उमेरका बालिकाहरूमा समेत यौन शोषण हुने इङ्गित गरेका थिए । केही सहभागीहरूले १२ वर्ष उमेरका बालिकाहरूको पनि बेचबिखन नयाँ ढङ्गबाट हुने गरेको बताएका थिए ।

---

[22] उदाहरणका लागि हेर्नुहोस्, CWIN/ECPAT, *Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal*, 2015, p.10-16; The Freedom Fund, *Minors in Kathmandu's adult entertainment sector: What's driving demand?* 2019, p.11.

[23] The Freedom Fund, *Minors in Kathmandu's adult entertainment sector: What's driving demand?* 2019, p.11.

[24] BBC News, "Nepal earthquake: Eight million people affected, UN says", 28 April 2015, https://www.bbc.co.uk/news/world-asia-32492232 मा उपलब्ध ।

[25] Saathi, *A Survey on the Impact of Earthquake on Migration and Trafficking in 3 VDCs of Dhading District*, 2017, Unpublished.

[26] CWIN/ECPAT, *Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal*, 2015, p.10; यो पनि हेर्न सकिनेछः The Freedom Fund, *Minors in Kathmandu's adult entertainment sector: What's driving demand?* 2019, p.5.

[27] अध्ययनको दौरान सल्लाहकार समितिका सदस्यहरूसँग गरिएको कुराकानी ।

बालबालिकामा बढ्दो जोखिमसम्बन्धमा गरिएको यो अवलोकनलाई नेपाली बालबालिकाको दैनिक अनुभवले पुष्ट्याइ गरेको पाइन्छ। हालै प्रकाशनमा आएको एउटा बालबालिकाको नेतृत्वमा तयार भएको प्रतिवेदनले "धेरै बालिकाहरू इन्टरनेट तथा बालबालिकाको प्रयोग भएको अश्लील चित्रण/साहित्यहरूको सिकार भएको", "बालिका तथा किशोरीहरूले सार्वजनिक स्थान, सार्वजनिक यातायात, सडक, कार्यस्थलका साथै विद्यालयमा पनि दुर्व्यवहार तथा उत्पीडनको सामना गर्नुपरेको" र "यौन शोषण, श्रम शोषण, अश्लील चित्रण/साहित्यका लागि मुलुकभित्र र बाहिर विशेष गरी बालिकाहरूको बेचबिखन तथा ओसारपसार हुने गरेको तथ्य पनि बालिकाहरूको लागि प्रमुख सवाल भएको" कुरा उल्लेख गरेको थियो।[28]

नेपाल प्रहरीले सन् २०१९ मा बालबालिकामाथि हुने दुर्व्यवहारका २१९ वटा घटनाको अभिलेख राखेको थियो।[29] यद्यपि यसमा बालबालिकाको बेचबिखनका घटनाहरूको अलग्गै अभिलेख समावेश गरिएको छैन, र यी मुद्दाहरूको प्रतिनिधित्व नाटकीयरूपमा कम हुने अपेक्षा गर्न सकिन्छ। बालबालिकाको यौन शोषण नेपालमा विभिन्न स्वरूपमा उपस्थित रहेको छ, जसमध्येका केही निम्न रहेका छन् :

- **वयस्क मनोरञ्जनको क्षेत्र** – सन् २०१९ को यूएस ट्राफिकिङ्ग इन पर्सन प्रतिवेदनका अनुसार, "देह व्यापारीहरूले बेचबिखनका लागि नेपाली किशोरी र किशोरहरूलाई सडक र डान्स बार, मसाज पार्लर र क्याबिन रेस्टुरेन्ट लगायतका मनोरञ्जन क्षेत्रमा लक्षित गर्ने क्रम बढ्दो छ।" सन् १९९० देखि यता काठमाडौं र पोखरा लगायतका मुख्य शहरहरूका साथै मुख्य गौंडाहरूमा यस्ता मनोरञ्जनका केन्द्रहरू च्याउ उम्रिएसरी स्थापना भएका छन्।[30] सन् २०१० मा गरिएको एउटा अनुमानअनुसार, काठमाडौंमा रहेका यौनकर्मीहरूमध्ये ३० देखि ४० प्रतिशत १८ वर्षभन्दा कम उमेरका छन्, र दश जनामध्ये एक जना १२ देखि १५ वर्ष उमेरबीचका छन्।[31] यस क्षेत्रमा कार्यरत केही महिला यौनकर्मीहरूसँग हालै लिइएको अन्तर्वार्तामा अधिकांशले यौनकर्म बाल अवस्थामा नै सुरु गरेको र ७० प्रतिशतले यौन दुर्व्यवहारको सामना गर्नुपरेको बताएका थिए।[32] साथै, हालै गरिएको अर्को अध्ययनले काठमाडौंका धेरै मसाज पार्लर, डान्स बार, क्याबिन रेस्टुरेन्ट र गेष्ट हाउसहरू "व्यावसायिक यौनकर्म र अत्याश लाग्ने गरी व्यावसायिक रूपमा बालबालिकाको यौनशोषण गर्ने मुख्य थलोको रूपमा विकास भएको" भनेका छन् भने "आम रूपमा होटल क्षेत्र जस्तै भट्टीपसल र खाजाघर र केही होटलहरूले पनि यस्तै प्रकारको शोषणलाई प्रश्रय दिने पाइएको छ" भन्ने तथ्यलाई पनि उजागर गरेका छन्।[33]

- **सडक यौनकर्म, बाल यौन पर्यटन र पाकेटखर्चका लागि गरिने यौनकर्म** – सडकमा हुने यौन व्यवसाय नेपाली बालबालिकाको व्यावसायिक यौन शोषणको सबैभन्दा सामान्य प्रकार हो र यो बढ्ने क्रममा रहेको छ। सन् २००२ मा गरिएका अध्ययनहरूले देखाएअनुसार यो व्यवसायमा आबद्ध हुने ३९ प्रतिशत व्यक्तिहरूले १७ वर्षभन्दा कम उमेरमा यस क्षेत्रमा प्रवेश गरेका थिए, ३१ प्रतिशतले १५ देखि १७ वर्ष उमेरको बीचमा र ८ प्रतिशतले १५ वर्षभन्दा कम उमेरमा यस क्षेत्रमा प्रवेश गरेका थिए।[34] यी अध्ययनभन्दा पछि गरिएका अध्ययनहरूले बालबालिकाहरू पाकेट खर्च धान्नका लागि विशेषगरी शहरी क्षेत्रमा घरेलु र बाह्य दुवै प्रकारका पर्यटकका लागि यौनकर्म गरिरहेका छन् भन्ने देखाएका छन्। यसले सन् २००२ का आँकडाहरूलाई सबैभन्दा आधिकारिक मान्दा पनि त्यस्ता घटनाहरू न्यून हुने सम्भावना नभएको कुरा सुझाएको छ।[35]

---

[28] Girls of Nepal, *Girl-Led Report on the Convention on the Elimination of all forms of Discrimination against Women (CEDAW) Nepal*, October 2018, p.7. यो प्रतिवेदन नेपालका सातैवटा प्रदेशलाई प्रतिनिधित्व गर्ने ५२७ जना बालिका, ११० जना बालक तथा २ जना लैङ्गिक अल्पसङ्ख्यकहरूले तयार पारेको र यो प्रतिवेदनले नेपालभरिका बालबालिकाको अनुभवका विषयमा एक आधिकारिक आवाज प्रस्तुत गरेको छ।

[29] नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालय, https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

[30] NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, HariharBhawan, Lalitpur, Nepal, p.XV.

[31] CWIN/ECPAT, Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal, 2015, p.10.

[32] NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.XV.

[33] The Freedom Fund (2018). *Minors in Kathmandu's Adult Entertainment Sector: Who's Driving Demand?* 2019, p.5.

[34] CWIN/ECPAT, Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal, 2015, p.10.

[35] bid.

- **बाल अश्लील चित्रण/साहित्य र अनलाइन दुर्व्यवहार** – धेरै अध्ययनहरूले नेपालमा बाल यौन दुर्व्यवहारका तस्विरहरूको व्यापकरूपमा उपलब्ध रहेको तथ्य इङ्गित गरेका छन् । यौनशोषण प्रभावित बालबालिकाले स्थानीय र विदेशी दुवै प्रकारका पीडकहरूले उनीहरूलाई अर्धनग्न/नग्न तस्वीर खिच्न दबाब दिने कुरा बताउने गरेका छन् । धेरै बालबालिकाले आफूलाई अश्लील चित्र देखाएको, दुर्व्यवहार तथा अनलाइनबाट धम्की दिएर नाजायज फाइदा उठाउने (Online blackmail) गरेको बताएका थिए ।[36] हालै (सन् २०१७ मा) एक्प्याटले गरेको एक अध्ययनअनुसार, अध्ययनको नमूनामा सहभागी नेपाली बालबालिकामध्ये करिब ८० प्रतिशत बालबालिकासँग इन्टरनेटको पहुँच रहेको पाइएको थियो, तीमध्ये १५ प्रतिशत बालबालिकाले आफूलाई अनलाइनमा दुर्व्यवहार भएको बताएका थिए ।[37]
- **स्थानान्तरण भई आएका बालबालिकाको बालश्रम/(ऋणको कारणले) बँधुवा बालश्रम –** ऋण, आबद्धता वा अनौपचारिक करारमा आधारित बालश्रममा पनि बालबालिकाको श्रमशोषणको साथसाथै यौन शोषण पनि हुने गरेको देखिएको छ । एक अर्को अध्ययनले "बालबालिकाले आफू मालिक तथा मालिकको घरमा आउने आफन्तबाट" शोषित हुनुपरेको कुरा बताएका थिए । यस्ता बालबालिका आफ्नो मालिककै घरमा बस्ने भएकाले उनीहरू यौनकर्मका लागि सजिलै उपलब्ध हुन सक्छन् भनेर ठान्ने गरिन्छ ।"[38] त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले नेपालका इँटाभट्टामा बालश्रम र यौन दुर्व्यवहार व्यापक रहेको बताएको छ र "किशोरीहरू बलात्कार, यौन दुर्व्यवहार र बेचबिखन तथा ओसारपसारको उच्च जोखिममा रहने" कुरा पनि प्रकाश पारेको छ ।[39]
- **व्यावसायिक यौन शोषणका लागि बेचबिखन –** यसमा नेपालको घरेलु बजार, सीमापार (भारत) र अन्तरदेशीय (चीन, मकाउ, मध्यपूर्व, पूर्वी अफ्रिका र अन्य) बजारमा हुने बेचबिखन समावेश छ । प्रभावित बालबालिकाको अनुपात स्पष्ट छैन किनभने नेपाल प्रहरीले दर्ता गर्ने बेचबिखन (विशेषगरी अन्तर्राष्ट्रिय स्तरमा हुने बेचबिखन) का घटनाको सङ्ख्या सामान्यतया न्यून हुने गर्दछ, र परिचय खण्डमा उल्लेख गरिएझैं, यौनका लागि गरिने बेचबिखनलाई भिन्नरूपमा वर्गीकरण गरिएको छैन ।[40] सन् २००१ मा अन्तर्राष्ट्रिय श्रम संगठनले वार्षिकरूपमा करिब १२,००० नेपाली बालबालिका, विशेषगरी बालिकाहरू व्यावसायिक यौन शोषणका लागि बेचबिखनमा पर्छन् भन्ने अनुमान गरेको थियो ।[41] सन् २०१५/१६ मा, नेपालमा दर्ता भएका बेचबिखनका १० वटा घटनामध्ये ४ वटा घटनामा पीडित बालबालिका छन् र यी पीडित बालबालिकामध्ये पनि ९५ प्रतिशत बालिका छन् ।[42] सन् २०१७/१८ को तथ्याङ्कअनुसार, नेपाल प्रहरीले पहिचान गरेका बेचबिखन घटनाका पीडितमध्ये एक–चौथाइ बालबालिका रहेका छन्[43], तर गैरसरकारी संस्थाहरूले सोही वर्षमा बेचबिखन उद्योगका १३,६०० पीडितमध्ये आधा बालबालिका रहेको बताएका छन् ।[44] राष्ट्रिय मानव अधिकार आयोगले नेपालबाट बालबालिका हराउने प्रवृत्ति र बालबालिकाको बेचबिखनका बीच नजिकको सम्बन्ध रहेको कुरा पहिल्याएको थियो र सोही आयोगले "हराएका बालबालिकाको दर्ता भएको सङ्ख्या सन् २०१२/१३ मा १,४५३ रहेकोमा सन् २०१७/१८ सम्म आइपुग्दा उल्लेखनीयरूपमा वृद्धि भई २,७७२ पुगेको" तथ्य सार्वजनिक गरेको थियो । नेपालमा वार्षिकरूपमा १,७५० भन्दा बढी बालबालिका हराएको उजुरी दर्ता हुन्छन् । यीमध्ये, ५५ प्रतिशत बालिकाहरू हुने गरेका छन् ।"[45]

---

36 CWIN/ECPAT, Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal, 2015, p.12.

37 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.XIV.

38 CWIN/ECPAT Luxembourg (2015) The Preparatory Study for a Situational Analysis of Commercial in Nepal. A Preliminary Report. January 2015.

39 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.XIV.

40 सामान्यतया: हेर्न सकिने: NHRC, National Report on Trafficking in Persons. National Human Rights Commission, 2016, Harihar Bhawan, Lalitpur, Nepal, pp.I-V.

41 CWIN/ECPAT Luxembourg (2015) The Preparatory Study for a Situational Analysis of Commercial in Nepal. A Preliminary Report. January 2015, p.10.

42 NHRC, National Report on Trafficking in Persons. National Human Rights Commission, 2016, Harihar Bhawan, Lalitpur, Nepal, p.I.

43 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal.

44 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.I.

45 Ibid, p.II.

## बाल यौन शोषणका पीडकहरू

आधिकारिक प्रतिवेदनहरूले बेचबिखनका अभियुक्तहरू प्रायः पुरुष हुने गरेको (प्रत्येक ४ जनामा ३ जना) र सन् २०१७/१८ मा पक्राउ गरिएकामध्ये करिब दुई तिहाई ३५ वर्षभन्दा कम उमेरको रहेको तथ्य अघि सारेका छन् ।[46] राष्ट्रिय मानव अधिकार आयोगले बेचबिखनका अपराधका अभियुक्तमध्ये 'वञ्चितीकरण' मा परेका सामाजिक समूहहरूका अभियुक्तहरूको बाहुल्यता रहेको तथ्य प्रस्तुत गरेको छ ।[47] यसले यस्ता समूहहरूलाई असर पर्ने गरी नेपालको न्याय सम्पादन प्रणालीमा गरेको संरचनागत असमानतालाई पनि प्रतिबिम्बित गर्न सक्छ, वञ्चितीकरणमा परेका सामाजिक समूहका किशोरीहरू विशेष गरी यस्तो शोषणको जोखिममा रहेका छन् । साथै, यस अध्ययनका लागि गरिएको लक्षित समूह छलफलले प्रभावितहरूसँगको पीडकको निकटतालाई प्रकाश पारेका थिए: । समुदायका अगुवा तथा जोखिममा रहेका बालबालिकाले शिक्षक, बालबालिकाका आफ्नै परिवारका सदस्य र चिनारुहरूबाट अन्जान व्यक्तिहरू जत्तिकै जोखिम हुनसक्ने बताएका थिए ।[48] यहाँ उल्लेखनीय पक्ष भनेको दुईवटा लक्षित समूह छलफलका सहभागीहरूले "जीविका प्राथमिक आवश्यकता भएकाले अभिभावकले नै बेचबिखनलाई सहयोग गरेको" बताएका थिए ।[49] यस अध्ययनका लागि अन्तर्वार्ता दिन सहमत भएका प्रभावितहरूले उनीहरूका पीडकलाई रोजगारदाता तथा पाहुना, छिमेकी र चिनारु व्यक्तिको रूपमा पहिचान गरेका थिए, जस्तो कि एउटा घटनामा एक १३ वर्षीय बालिकालाई अभिभावकले बिहे गरेर पठाएका थिए र निज बालिकाको श्रीमान्ले नै उनको बेचबिखन गरेका थिए ।

बालबालिकाको आफन्त र चिनारुहरू नै प्रायः शोषण गर्ने अपराधमा संलग्न रहेका हुन सक्छन् भने केही सहभागीहरूले पीडकहरू "शक्तिसम्पन्न, धनी र समाजमा धेरै विश्वसनीय र भरोसा गर्न सकिनेरूपमा सम्मानित व्यक्तिहरू" पनि रहेको बताएका थिए ।[50] यी परिणामहरूले सन् २०१९ मा संयुक्त राज्य अमेरिकाको ट्राफिकिङ इन पर्सन प्रतिवेदनका परिणामहरूमा पूरकको कार्य गरेको जस्तो प्रतीत हुन्छ । संयुक्त राज्य अमेरिकाको उक्त प्रतिवेदनले वयस्क मनोरञ्जनको क्षेत्रमा हुने आर्थिक कारोबारका कारण केही प्रहरी र राजनीतिक दलका नेताहरू पनि मतियार रहेको बताएको थियो ।[51] सामाजिक सञ्जालमा उपस्थित हुने रोजगार एजेन्ट तथा व्यक्तिहरूलाई पनि यस अध्ययनका सहभागीहरूले सम्भावित पीडकको रूपमा पहिचान गरेका थिए । वास्तवमा, सामाजिक सञ्जालको प्रयोगले व्यापकता पाएसँगै केही सहभागीहरूले सम्पन्न परिवारका बालबालिका पनि यौन शोषणको जोखिमबाट मुक्त नरहेको बताएका थिए ।

---

[46] NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.I.

[47] Ibid.

[48] विद्यालयभन्दा बाहिर रहेका बालिकाहरूसँग गरिएको लक्षित समूह छलफल (नुवाकोट, जेठ ३०, २०७६), विद्यालयमा अध्ययनरत बालिकाहरूसँग गरिएको लक्षित समूह छलफल (धादिङ, जेठ २१, २०७६), जिल्ला तहका गैसस, पत्रकार, अभियन्ताहरूसँग गरिएको लक्षित समूह छलफल (धादिङ, जेठ २१, २०७६), समुदायका सदस्यहरूसँग गरिएको लक्षित समूह छलफल (धादिङ, जेठ २०, २०७६), जिल्ला तहका गैसस, पत्रकार, अभियन्ताहरूसँग गरिएको लक्षित समूह छलफल (सिन्धुपाल्चोक, जेठ ७, २०७६), विद्यालयमा अध्ययनरत बालिकाहरूसँग गरिएको लक्षित समूह छलफल (सिन्धुपाल्चोक, जेठ १२, २०७६), विद्यालयभन्दा बाहिर रहेका बालिकाहरूसँग गरिएको लक्षित समूह छलफल (सिन्धुपाल्चोक, जेठ ११, २०७६) ।

[49] समुदायका सदस्यहरूसँग गरिएको लक्षित समूह छलफल (नुवाकोट, जेठ ३०, २०७६), जिल्ला तहका गैसस, पत्रकार, अभियन्ताहरूसँग गरिएको लक्षित समूह छलफल (सिन्धुपाल्चोक, जेठ ७, २०७६) ।

[50] समुदायका सदस्यहरूसँग गरिएको लक्षित समूह छलफल (नुवाकोट, जेठ ३०, २०७६) ।

[51] US Trafficking in Persons Report: Nepal, 2019.

## यौन शोषणबाट बालबालिकामाथि हुने बहुआयामिक जोखिमहरू

यौन शोषण तथा बेचबिखनका धेरै प्रभावित बालबालिकाले परस्पररूपमा सम्बन्धित विभिन्न प्रकारका भेदभावको सामना गर्नुपरेको हुन्छ । यी भेदभावहरूका आपसी अन्तरसम्बन्धले बालबालिकालाई थप जोखिमप्रति उन्मुख गराउँछन् । यो प्रक्रियालाई समान्यतया 'विभिन्न प्रकारका जोखिमहरूको आपसी अन्तरसम्बन्ध' भनेर बुझ्ने गरिन्छ ।[52] नेपालमा एक्प्याटले "गरिबी, जीविकोपार्जनका विकल्पहरूको कमी, समाजमा व्याप्त संरचनागत असमानताहरू, लैङ्गिक भेदभाव, शैक्षिक तथा रोजगारका अवसरको कमी, र संरक्षण गर्ने कानून, सेवा तथा नियमहरूको अभावलाई बालबालिकाको व्यावसायिक यौन शोषणका कारक" को रूपमा पहिचान गरेको छ ।[53] महिला र किशोरीहरूविरुद्ध हुने हिंसाका विषयमा नेपालमा गरिएका अध्ययन अनुसन्धानहरू पितृसत्तात्मक प्रणालीमा अन्तर्निहित रहेको संरचनागत व्यवधान तथा सामाजिक पूर्वाग्रहले महिला र किशोरीहरूविरुद्ध हुने हिंसालाई झनै सघन बनाएको कुरामा आम रूपमा एक मत छन् ।[54]

यस अध्ययनका लागि गरिएको अनुसन्धानले माथिका तथ्यहरूलाई पुष्टि गर्दछ । जिल्ला तहमा समुदायस्तरीय किशोरीहरूसँग गरिएका लक्षित समूह छलफलले गरिबी, शिक्षाको कमी, रोजगारीको आशा, दौँतरीको दबाब र लोभलाई बेचबिखनको प्राथमिक "कारण/जोखिम"को रूपमा पहिचान गरेको थियो ।[55] समुदाय तथा जिल्ला तहका अगुवाहरूले सामाजिक सञ्जाल, बिग्रिएका घरपरिवार, राजमार्गसँगको निकटतालाई जोखिमका कारकको रूपमा थपेका थिए । यी सहभागीहरूले १२ वर्षपार गरेका किशोरीहरू र सामाजिकरूपमा सीमान्तकृत रहेका दलित, तामाङ, कुमाल र चेपाङ्का साथै अन्य जातिका आर्थिक सीमान्तकृत किशोरीहरू पनि बेचबिखनको हिसाबमा सबैभन्दा संवेदनशील हुने बताएका थिए । यस सन्दर्भमा आर्थिकलगायत परिवारको अन्य दबाबलाई पीडकहरूले रगतको साइनोमार्फत् प्रभावितहरूलाई आकर्षित गर्दै शोषणका लागि प्रयोग गर्ने गरेको बताइएको थियो । समुदायका अगुवाहरूले १७ देखि १९ वर्षबीचका किशोरीहरू पनि शोषणप्रति उच्च जोखिममा रहेको कुरा बताएका थिए । तर, यी जोखिममा रहेका समूहहरूले आफ्नो प्रतिष्ठा गुम्ने र सामाजिक लाञ्छनाको जोखिममा पर्ने हुनाले यस्ता विषयका बारेमा खुलारूपमा कुराकानी गर्न नसक्ने कुरा पनि बताइएको थियो ।

माथि उल्लेख गरिएझैँ, यौन शोषणका धेरै अवस्थामा यस्ता सामाजिक संरचनाहरूको जटिल सम्बन्ध जब महिला, बालबालिका तथा केही खास जातिहरूप्रतिको जरा गाडेर बसेको भेदभावपूर्ण दृष्टिकोणसँग जोडिन पुग्छ,[56] यसले विभिन्न प्रकारका भेदभावहरूबाट जोखिममा परेकाहरूको आवाजलाई बन्द गरिदिन सक्छ । यस्तो अवस्था विशेषगरी, प्रभावित र अन्यले उनीहरूमाथि भइरहेको शोषण यस्ता भेदभाव यिनै सामाजिक अन्तरसम्बन्ध र भेदभावको प्रतिफलको रूपमा लिन सक्छन् र यस्ता अन्याय र दुर्व्यवहारको प्रतिक्रिया स्वरूप चुप रहनु नै आफ्नो नियति हो भन्ने ठान्दछन् ।

हुन त यो अध्ययनमा सहभागी भएका प्रभावितहरूको जनसाङ्ख्यिक विवरण थोरै मात्रै प्रतिबिम्ब गर्न मिल्ने होला, यद्यपि यसले बेचबिखनप्रति जनजाति महिलाहरूको जोखिमका विषयमा राष्ट्रिय मानव अधिकार आयोगले बाहिर ल्याएको परिणामलाई पुष्टि गरेको छ ।[57] तर, यहाँ संलग्न चित्रमा प्रस्तुत गरिएझैँ, यो विवरणले यौन शोषणप्रति दलित किशोरीहरू विशेषरूपमा जोखिममा रहने कुरा पनि सुझाएको छ । उल्लेखनीय पक्ष भनेको,

[52] B. Adewunmi, "Kimberlé Crenshaw on intersectionality: 'I wanted to come up with an everyday metaphor that anyone could use'", 2 April 2014, New Statesman, available: https://www.newstatesman.com/lifestyle/2014/04/kimberl-crenshaw-intersectionality-i-wanted-come-everyday-metaphor-anyone-could


[53] CWIN/ECPAT Luxembourg (2015) The Preparatory Study for a Situational Analysis of Commercial in Nepal. A Preliminary Report. January 2015.

[54] Ibid.

[55] विद्यालयमा अध्ययनरत बालिकाहरूसँग गरिएको लक्षित समूह छलफल (धादिङ, जेठ २१, २०७६) ।

[56] हेर्नुहोस्: Girls of Nepal, *Girl-Led Report on the Convention on the Elimination of all forms of Discrimination against Women (CEDAW) Nepal*, October 2018, p.4: "Although outward/visible discrimination in some areas have reduced, the perspectives of the community have not changed".

[57] NHRC, National Report on Trafficking in Persons. National Human Rights Commission, 2016, Harhar Bhawan, Lalitpur, Nepal, p.I.




हामीले लिएका सहभागीहरूमा दलित र जनजाति किशोरीहरूको सङ्ख्या बराबर रहेको भएतापनि पाँच जना जनजाति, तीन जना क्षेत्री, र दुई जना ब्राह्मण जातिका प्रभावितहरूले प्रहरीकोमा उजुरी गरेका तुलनामा दलित समुदायकी एक जना प्रभावितले मात्रै प्रहरीकोमा उजुरी गरेको पाइयो । यो तथ्य नेपाली बालबालिकाले नै भनेको कुरा "तथाकथित 'तल्लो जाति' का किशोरीहरूमा उनीहरूप्रतिको सामाजिक दृष्टिकोणका कारण आत्मबल कम हुने गर्दछ" सँग मिल्न गएको देखिन्छ ।[58] यसले बेचबिखनको जोखिममा मात्रै नभई न्याय प्रणालीसम्मको पहुँचमा पनि जातियताको उल्लेखनीय प्रभाव हुने गरेको देखाउँछ ।

विभिन्न प्रकारका भेदभावको जटिल अन्तरसम्बन्धबाट यौन शोषणमा पर्ने प्रभावलाई समुदायका अगुवा तथा गैरसरकारी संस्थाहरूसँग गरिएको लक्षित समूह छलफलमा थप प्रकाश पारिएको थियो । यी छलफलका सहभागीहरूले विशेषगरी अशिक्षाका कारण सीमान्तकृत तामाङ र कुमाल समुदायमा यौन शोषणको उच्च व्यापकता रहेको सुझाएका थिए । यी विचारहरूलाई समुदायमा रहेका विद्यालयमा अध्ययनरत (१०–१४ वर्षबीचका) र विद्यालयभन्दा बाहिर रहेका (१५–१९ वर्षबीचका) किशोरीहरूले पनि थप पुष्टि गरेका थिए र यी किशोरीहरूले उनीहरूको समुदायमा किशोरीहरूले प्रायः १२/१३ वर्षको उमेरमा विद्यालय छोड्ने कुरा बताएका थिए । यसरी विद्यालय छोड्नुको कारणहरूमा विद्यालयसम्मको दूरी, घरायसी काम, बालविवाह, अभिभावकको लापरबाही वा दबाब, र कमजोर शैक्षिक व्यवस्था (राम्रा शिक्षकको कमी) रहेका छन् – यी सबै कारणहरूले किशोरीहरूलाई विद्यालय शिक्षा जारी राख्न हतोत्साहन गर्छन् र उनीहरूमाथि हुने शोषण जोखिमतालाई कछन् ।

यी अवलोकनहरूले एक्प्याटद्वारा बालबालिकाको यौन शोषणलाई बढावा दिने कारणहरूका बारेमा गरिएका पूर्ववत अध्ययनका नतिजाहरूसँगको समानतालाई प्रकाश पारेको छ । यी नतिजाहरूले विशेषगरी गरिबी, बोझिलो घरासयी काम, बालविवाह, अपाङ्गता तथा जातीय छूवाछुत र शिक्षाको पहुँचप्रतिको व्यवधानहरूबाट निरन्तररूपमा प्रभावित भइरहेका ग्रामीण किशोरीहरूको जोखिम अझ उच्च हुने कुरा प्रकाश पारेका छन् ।[59] यस सन्दर्भमा, महिलामाथि हुने सबै प्रकारका भेदभावलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि (सिड) मा नेपालको छैठौं आवधिक प्रतिवेदनको निष्कर्ष टिप्पणीले[60] नेपालको राज्य संयन्त्रको हकमा "ग्रामीण, विस्थापित, जनजाति र दलित महिला तथा किशोरीहरूमा बेचबिखनप्रतिको जोखिम तथा बेचबिखनको आपराधिक स्वरूपको बारेमा चेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता" रहेको बताएको छ ।[61]

---

[58] Girls of Nepal, *Girl-Led Report on the Convention on the Elimination of all forms of Discrimination against Women (CEDAW) Nepal*, October 2018, p.4.

[59] उदाहरणका लागि हेर्नुहोस्: Girls of Nepal, *Girl-Led Report on the Convention on the Elimination of all forms of Discrimination against Women (CEDAW) Nepal*, October 2018, p.13.

[60] FWLD (2018) Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW.

[61] UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.9.

## ख) बेचबिखनलगायत यौन शोषणबाट बालबालिकाको संरक्षणका निम्ति विद्यमान नीतिगत तथा कानूनी संरचनाहरू

नेपालले बालबालिकामा हुने यौन दुर्व्यवहार, शोषण तथा बेचबिखनलाई रोक्ने लक्ष्यसहितका विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकारका मापदण्डहरूको अनुमोदन गरेको छ । यस्ता मापदण्डहरूको अनुमोदन गर्दा, नेपालले यस्ता प्रकारका व्यवहार तथा हानिबाट बालबालिकालाई संरक्षण गर्ने प्रतिबद्धता जनाएको छ । नेपालले अनुमोदन गरेका केही मापदण्डहरूमा महिलामाथि हुने सबै प्रकारका भेदभावलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि १९७९, बाल अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धि १९८९ र बालबालिकाको बेचबिखन, बाल देहव्यापार तथा बाल अश्लील चित्रणको बाल अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धिको वैकल्पिक प्रोटोकल २००० पर्दछन् । यद्यपि, नेपालले हालसम्म आप्रवासी कामदार तथा तिनका परिवारहरूको अधिकारको संयुक्त राष्ट्रसंघीय अभिसन्धि १९९० अनुमोदन गरेको छैन । तर अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय अभिसन्धि २००० को पूरकको रूपमा रहेको पालेर्मो प्रोटोकलको रूपमा पनि चिनिने मानव बेचबिखनको रोकथाम, अन्त्य तथा दण्डित गर्नेसम्बन्धी प्रोटोकलको अनुमोदनलाई भने नेपालको व्यवस्थापिका संसदले फाल्गुण २०७६ मा पारित गरेको छ ।[62]

तथापि, नेपालका कानूनको आधारशीलाको रूपमा रहेको नेपालको संविधान (२०७२)ले[63] बालबालिकाको यौन शोषणलाई अन्त्य गर्नका लागि आवश्यक पर्ने विभिन्न व्यवस्थाहरू गरेको छ । यी व्यवस्थाहरूमा सबै प्रकारका भेदभावलाई निषेध गर्ने र सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता (धारा १६), वैयक्तिक स्वतन्त्रताको हक (धारा १७ (१)), र विचार र अभिव्यक्तिको स्वतन्त्रता (धारा १७ (२) (क)) पर्दछन् । संविधानले बालबालिकाका विभिन्न मौलिक हकको पनि व्यवस्था गरेको छ (धारा ३९) जसमा जोखिमपूर्ण काम बिरुद्धको संरक्षण (धारा ३९(४)) र यौन शोषणका लागि बालबालिकाको भर्ना वा प्रयोगमा प्रतिबन्ध (धारा ३९ (६)) रहेका छन् । यी दुवै अवस्थामा, यस्ता व्यवस्थाको उल्लंघन भएको खण्डमा क्षतिपूर्ति पाउने अधिकार संविधानले निज बालबालिकामा नै रहने व्यवस्था गरेको छ ।

नेपालको संविधानबाट नेपालले सबै प्रकारका यौन शोषणबाट बालबालिकालाई संरक्षण गर्ने लक्ष्य लिएको छ, नेपालको कानूनमा भएको बालबालिकाको बेचबिखनको परिभाषा अन्तर्राष्ट्रिय मापदण्डको परिभाषाभन्दा भिन्न छ । नेपाली कानूनमा बेचबिखनको परिभाषा संकुचित छ र यसले बालबालिकामाथि हुने केही प्रकारका यौन शोषणलाई मात्रै समेटेको छ, अन्यलाई छैन । फाल्गुण २०७६ मा नेपालको व्यवस्थापिका संसदले पालेर्मो प्रोटोकल पारित गरेसँगै, यही प्रोटोकलको मर्मअनुरूप नै नेपालले घरेलु कानून ल्याउने आशा गरिएको छ । फलस्वरूप, बालबालिका बाल संरक्षण तथा फौजदारी कानून अन्तरगत बालबालिकाविरुद्ध हुने बेचबिखन तथा यौनजन्य अपराध समावेश हुने अन्य प्रकारका अपराधसहित केही प्रकारका शोषणबाट संरक्षण गर्ने अस्पष्ट जस्तो प्रतीत हुने कानूनी संरचनाबाट मात्रै संरक्षित छन् । यस्तो जटिलताले पीडित र जिम्मेवार निकाय दुवैका लागि कस्ता कार्यलाई यौन क्रियाकलापका लागि बालबालिकाको बेचबिखन र कस्ता कार्यलाई बालबालिकाको यौन शोषण वा यौन दुर्व्यवहार भन्ने विषयमा अन्योल ल्याउने हुँदा न्याय सम्पादनको प्रक्रियामा पहिलो व्यवधान बन्दछ । यसको प्रभाव यस प्रतिवेदनको पहिलो अध्यायमा गरिएको परिणात्मक विश्लेषणसँग जोडिएका चुनौतीको प्रस्तुतिमा उल्लेख गरिए झैं यो प्रक्रियालाई प्रभावकारीरूपमा अनुगमन गर्ने सरकारको क्षमतामा पनि प्रभाव पर्दछ ।

[62] यसको बाबजूद, प्रलेखको अभिप्रायको वक्तव्यमा भएको बेचबिखनको सामना गर्नमा विशेष गरी महिला तथा बालबालिकामा ध्यान दिने र बेचबिखनबाट प्रभावितहरूको अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने प्रयासलाई घरेलु कानूनले सम्बोधन गरेको छ ।

[63] वि.स. २०७२

# बालबालिकाको बेचबिखनलाई सम्बोधन गर्ने विषयमा भएका विस्तृत कानूनी व्यवस्थाहरू

नेपालको **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४** (सन् २०१६ मा संशोधित) र सम्बन्धित नियमावली २०६४ लाई राष्ट्रिय मानव अधिकार आयोगले "अपराधको सजाय तथा पीडितको अधिकारको रक्षा गर्ने कानून"को रूपमा ठहऱ्याएको छ ।[64] पहिलो अध्यायमा उल्लेख गरिएझैं, यो ऐनले मानव बेचबिखन तथा ओसारपसारलाई अन्य पक्षहरूमध्ये कुनै व्यक्तिको खरिद वा बिक्री, कसैलाई वेश्यावृत्तिमा जबरजस्ती लगाउने वा शोषण र वेश्यावृत्तिमा लगाउने उद्देश्यले कसैलाई एक ठाउँबाट अर्को ठाउँमा लाने कार्यको रूपमा परिभाषित गरेको छ (दफा ४) ।

यस ऐनले बालबालिकाविरुद्ध हुने अन्य प्रकारका यौन अपराधहरूका लागि तोकिएको सजाय जस्तै सजायको व्यवस्था गरेको भएतापनि ऐनमा गरिएको बेचबिखनको परिभाषालाई अस्पष्ट, अनेकार्थी, र आवश्यकताभन्दा धेरै नियामक भएको भनेर आलोचना गरिएको छ ।[65] यसले बालिकाहरूलाई यौन शोषण तथा बेचबिखनबाट पर्याप्त मात्रामा संरक्षण गर्नबाट रोक्दछ । ऐनका टिप्पणीकर्ताहरूले ऐनमा राखिएको परिभाषाले "बाल वेश्यावृत्ति र अश्लील चित्रण, जबरजस्ती श्रम वा सेवा, दासत्व र दासत्वजस्ता अभ्यास तथा पराधीनता"लाई समेट्न नसकेको[66] र "बालबालिकाको यौनजन्य बेचबिखन हुनका लागि बल, ठगी वा करकापमा पारेको प्रदर्शित हुनुपर्ने" भनेर आलोचना गरेको पाइन्छ ।[67] साथै बेचबिखनलाई देहव्यापारसँग जोडिनु, मानव बेचबिखन तथा मानव ओसारपसारबीचको भिन्नताको स्पष्टतामा कमी, र सबैभन्दा सरोकारको विषय भनेको, "देहव्यापारको संलग्नता"लाई बेचबिखनको रूपमा वर्गीकरण गरी देहव्यापारमा हुने शोषणको पर्दाफास गर्नुभन्दा पनि देहव्यापारमा संलग्नहरूको अपराधीकरण गर्नु (न्याय प्राप्तिको दिशामा सबैभन्दा सुरुमा नै आउने व्यवधान)लाई आलोचनाको विषयका रूपमा लिइन्छ ।[68]

यी सवालहरूभन्दा बाहेक, ऐनसँग जोडिएर आउने अभ्यासको विश्लेषण गर्दा यो ऐनमार्फत् न्यायसम्मको पहुँचको क्रममा प्रभावितहरूले विभिन्न अतिरिक्त व्यवधानहरूको सामना गर्नुपरेको पाइएको छ। यस्तो अवस्था प्रभावितहरूको न्यायमाथिको पहुँचलाई सुधार गर्ने दोभाषे, तथा क्षतिपूर्तिको लागि कानूनी प्रावधानहरू भएता पनि, ती प्रावधानहरू लागू नभएको अवस्था विद्यमान छ ।[69] यस विश्लेषणले प्रभावितहरूलाई सहयोग गर्न कायम गरिएका कानूनी व्यवस्थाहरू प्रायः कार्यान्वयन नहुने र अदालतको अभ्यासले वास्तवमा प्रभावितहरू अदालतमा उपस्थित हुन नसकेमा वा उनीहरूको बयानमा कुनै परिवर्तन आएमा उनीहरूलाई जरिवाना तिराउँदै दण्डित गर्ने गरेको तथ्यलाई देखाउँदछ ।[70]

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ भन्दा बाहिर पर्ने बालबालिकाको यौन शोषणका मुद्दाहरूका लागि हालै जारी गरिएको मुलुकी अपराध संहिता ऐन २०७४, बालबालिकासम्बन्धी ऐन २०७५ र अपराध पीडित संरक्षण ऐन २०७५ ले न्यायको पहुँचका लागि सहायक कानूनी संरचना उपलब्ध गराएको छ।

64 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.XXIV. यो पनि हेर्न सकिन्छ : डान्स बार,  क्याबिनरेष्टुरेन्ट जस्ता मनोरञ्जनात्मक क्षेत्रमा हुने आर्थिक तथा यौन शोषणबाट महिला तथा बालिकाहरूको शोषणविरुद्धको संरक्षणसम्बन्धी नियमावली, २०६५'

65 UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.8.

66 NHRC (2076) National Report on Trafficking in Persons. National Human Rights Commission, 2018, Harihar Bhawan, Lalitpur, Nepal, p.XXIV.

67 US Trafficking in Persons Report: Nepal, 2019.

68 FWLD (2014) Human Trafficking and Transportation (Control) Act, 2007: Its Implementation. Forum for Women, Law and Development (FWLD), Kathmandu, Nepal, p.10-11.

69 FWLD (2014) Human Trafficking and Transportation (Control) Act, 2007: Its Implementation. Forum for Women, Law and Development (FWLD), Kathmandu, Nepal, p.10-11.

70 UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.8.

# बालबालिकालाई अन्य प्रकारका यौन शोषणबाट संरक्षण गर्ने आधारभूत कानूनी संरचना

बालबालिकासम्बन्धी ऐन २०४८ लाई प्रतिस्थापन गरेर आएको **बालबालिकासम्बन्धी ऐन २०७५** ले बालबालिकाको संरक्षणसम्बन्धी अधिकारलाई "सबै प्रकारका.....लैङ्गिकतामा आधारित वा छूवाछुतसम्बन्धी दुर्व्यवहार, यौन दुर्व्यवहार र शोषण"बाट संरक्षण गर्ने गरी बिस्तार गरेको छ (दफा ७)। "यौन दुर्व्यवहार" वा "यौन शोषण"लाई स्पष्टरूपमा व्याख्या गर्न भने यो ऐन चुकेको छ। यसको विकल्पमा, ऐनको दफा ६६(३)ले बालबालिकामा हुने यौन दुर्व्यवहारमा पर्ने व्यवहारहरूको सूची प्रदान गरेको छ। यो सूचीमा "बालबालिकाको यौन शोषण"मा संलग्न हुने कार्य पनि समावेश गरिएको छ, तर यो शब्दावलीलाई कसरी बुझ्ने भनेर परिभाषा दिइएको छैन। यी अपराधहरूका लागि तोकिएको सजाय तीन, चार र १५ वर्षसम्म रहेका छन् भने बलात्कारको अभियोगमा हुने सजाय "प्रचलित ऐन कानूनअनुसार हुने" भनेर तोकिएको छ (दफा ७२(३)(छ))। तर, कुनै पनि घटना भएको एक वर्षभित्र उजुरी गरिसक्नु पर्ने गरी प्रभावितका लागि हदम्याद तोकिएको छ र यो हदम्यादभित्र यदि कुनै बालबालिकाले उजुरी गर्न नसकेमा निज बालक वा बालिका १८ वर्ष पूरा भएको एक वर्षभित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था सो ऐनले गरेको छ (दफा ७०)। यो र नेपाली फौजदारी कानूनमा रहेका अन्य यस्तै प्रावधानहरू "किशोरी तथा महिलाहरूले यौन तथा लैङ्गिकतामा आधारित अपराधको विरुद्ध उजुरी गर्दा सामना गर्नुपर्ने लाञ्छनालाई ध्यान नदिएको" र यस्ता अपराधका लागि दण्डहीनतालाई बढावा दिएको भन्दै न्यायमाथिको पहुँचलाई गम्भीररूपमा सीमित गरेकोमा आलोचित भएका छन्।[71]

कानूनका अन्य दफाहरूले अनुसन्धान, अभियोजन, तथा न्यायिक प्रक्रियाको प्रत्येक तहमा बालमैत्री न्यायको अधिकार (दफा २५), बालबालिकासँग प्रत्यक्ष काम गर्नेहरूका लागि बाल संरक्षणका मापदण्डहरूको तुर्जमा तथा लागू गर्ने (दफा ५७), बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्नका लागि बाल कोषको स्थापना (दफा ६३), र स्थानीय तहको न्यायिक समितिमार्फत् बाल अधिकार तथा जिम्मेवार निकायको जिम्मेवारीहरू लागू गर्ने (दफा ६४) व्यवस्था गरेका छन्।

त्यसैगरी, **मुलुकी अपराध (संहिता) ऐन २०७४** ले कुनै पनि १८ वर्षभन्दामुनिको बालिकालाई करणी गरिएमा त्यस्तो कार्यलाई बलात्कार भएको ठहऱ्याउँदै निषेध गरेको छ (दफा २१९)। त्यसैगरी, यो ऐनले बालबालिकासम्बन्धी ऐन २०७५ मा उल्लेख भएसम्मको बाल यौन दुरुपयोग अन्तर्गत यौनाङ्गहरू छुने वा छुन लगाएमा वा "निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ" भन्दै यौन दुरुपयोगलाई अपराधको व्याख्याभित्र राखिएको छ (दफा २२५)। यो ऐनले बालबालिकासँग गरिने कुनै पनि प्रकारको यौन सम्पर्कका लागि लिएको सहमतिलाई मान्यता दिएको छैन। यी अपराधका लागि पीडितको अवस्था तथा अपराधको प्रकृतिका आधारमा तीनदेखि बीस वर्षसम्मको कैद तोकिएको छ।

**मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले** मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिपूरकको रूपमा आएको छ र यो ऐनले यौन अपराध वा पीडित बालबालिका भएको खण्डमा क्यामेराको व्यवस्था गरी मुद्दाको पुर्पक्षको व्यवस्था गर्दै (दफा १२९) अदालतमा उपस्थित हुने साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनुपर्ने व्यवस्थासमेत गरेको छ (दफा ११३)।

**अपराध पीडित संरक्षण ऐन २०७५ ले** फौजदारी न्यायसम्पादनको प्रक्रियामा पीडितका विभिन्न अधिकारहरू लिपीबद्ध गरेको छ जसमा निष्पक्ष व्यवहार पाउने अधिकार (दफा ४), भेदभावविरुद्धको अधिकार (दफा ५), गोपनीयताको अधिकार (दफा ६), सुरक्षित हुन पाउने अधिकार (दफा ७), धारणा व्यक्त गर्ने अधिकार (दफा ११) रहेका छन्। महत्वपूर्ण पक्ष भनेको यी अधिकारहरूले कुनै पनि अनुसन्धान, अभियोजन, अदालती कारबाही

---

[71] UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.3.

र क्षतिपूर्ति (दफा ७–९, र १८)का विषयमा सूचनाको अधिकार, सम्भव भएसम्म सुनुवाइको सिलसिलामा अभियुक्तभन्दा छुट्टै कक्षमा रहन पाउने अधिकार (दफा १४), क्षतिपूर्ति र सामाजिक पुनर्स्थापनाको अधिकार (दफा २९) पनि समावेश गरेका छन् । ऐनको चौथो परिच्छेदले पीडित राहत कोषबाट तत्कालीन राहत वा क्षतिपूर्ति उपलब्ध गराउन सक्ने (दफा २९), पीडकबाट क्षतिपूर्ति भराइ दिने (दफा ३०) र क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू (दफा ३१) लगायतको व्यवस्था गरेको छ ।

## नयाँ प्रावधानहरूसम्बन्धी अभ्यासको प्रभावकारिताका विषयमा "अन्योल अझै छ" ...

नेपाली कानूनले सबै प्रकारका बाल यौन शोषणलाई बेचबिखनको रूपमा पहिचान नगर्ने भएकाले, र बरू "बाल यौन शोषण"लाई स्पष्टसँग व्याख्या नगरिकनै यसलाई एक प्रकारको बाल दुरुपयोगको रूपमा व्याख्या गरेको छ । यसले यी विभिन्न अपराधहरू परस्पररूपमा सम्बन्धित हुन्छन् कि हुँदैनन् र हुन्छन् भने कसरी भन्ने विषयमा अन्योल सिर्जना गरेको छ ।

हालै जारी गरिएको बालबालिकासम्बन्धी ऐन २०७५ मा उल्लेख गरिएका बाल यौन अपराधहरू अस्पष्ट छन् र एकआपसमा प्रायः गाँसिन पुग्दछन् । यसका साथै, यी अपराधहरूको व्याख्या मुलुकी अपराध (संहिता) ऐन २०७४ मा भएका व्यवस्था जस्तै छन् र खप्टिन (overlap) पनि पुग्छन् जसले बाल यौन दुरुपयोग र शोषणलाई कसरी अभियोजन गर्ने भन्ने विषयमा अहिले नै द्विविधा सिर्जना गरेको छ । उदाहरणका लागि, केही कानून व्यवसायीहरूले बालबालिकासम्बन्धी ऐनलाई यौन दुरुपयोग र दुर्व्यवहारको मुद्दासँग मात्रै जोडेर हेर्छन्, र बलात्कारसँग जोड्दैनन् ।[72] कुनै पनि बालक वा बालिकाको करणीसहितको यौन शोषण भएमा तर उक्त घटनाले बेचबिखनको पूर्वशर्तहरू पूरा नगरेमा यस्तो मुद्दालाई कसरी अभियोजन गरिन्छ भन्ने विषय स्पष्ट छैन । माथि उल्लेख गरिएझैं, यसले सिर्जना गर्ने अन्योल र द्विविधा बाल यौन शोषणको सार्वजनिक तथ्याङ्कलाई विश्लेषण गर्दा पनि प्रतिबिम्बित भएको पाइन्छ । यसो हुनुको कारणको रूपमा नेपालको मानव बेचबिखनसम्बन्धी कानूनमा भएको व्याख्याभन्दा बाहिर पर्ने बाल यौन शोषणका कुनै पनि मुद्दाहरूलाई हाल बाल यौन दुरुपयोगको रूपमा यस्ता मुद्दामा यौन शोषण पनि भएको छ वा छैन भनेर नखुलाई अभिलेख गरिनुलाई लिन सकिन्छ । साथै, बाल यौन दुरुपयोगका तथ्याङ्कहरू मुलुकी अपराध (संहिता) ऐन २०७४ वा बालबालिकासम्बन्धी ऐन २०७५ बाट लिइन्छ वा दुवै ऐनबाट लिइन्छ भन्ने पनि स्पष्ट छैन ।

यी ऐन कानूनहरू नयाँ भएकाले यिनको कार्यान्वयन कसरी गरिन्छ भन्ने विषयमा यकिन भन्न सम्भव छैन । तर अन्य अपराधलगायत यौन शोषणका प्रभावित बालबालिकालाई फाइदा पुऱ्याउने अन्य ऐन कानूनको अपर्याप्त वा अप्रभावकारी कार्यान्वयन हेर्दा यी नयाँ कानूनबाट गरिने अपेक्षा न्यून रहेको छ । उदाहरणका लागि, यहाँ संलग्न सन्दर्भ सामग्रीको अध्ययनले बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को कार्यान्वयन प्रभावकारीरूपमा भएको छैन भन्ने देखाउँछ, किनभने यातायात क्षेत्र, रेस्टुरेन्ट, र निर्माण क्षेत्रमा काम गर्ने बालबालिकालाई रोजगारीका ती क्षेत्रहरूबाट हटाइएको छैन ।[73] साथै, श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका २०६५ को कार्यान्वयनलाई पनि प्राथमिकतामा राखिएको छैन ।[74]

---

[72] राम कुमार कमात, "नयाँ अपराध संहिताले बलात्कारका नाबालिग पीडितहरूलाई समेट्न सकेनः कानून व्यवसायी", द हिमालयन टाइम्स्: "अधिवक्ता विष्णु प्रसाद पोखेलले बलात्कारको सिकार भएका नाबालिग बालिकाहरूका लागि न्यायको सुनिश्चितता गर्न अपराध संहितामा संशोधन आवश्यक रहेको कुरा बताए । 'बालबालिकासम्बन्धी ऐनका प्रावधानहरू यौन दुराचार र यौन दुर्व्यवहारका मुद्दामा मात्रै आकर्षित हुन्छ, र बलात्कारका मुद्दामा हुँदैनन्,' पोखेल तर्क गर्छन् ।"

[73] NHRC (2018) Trafficking in Persons in Nepal. National Report. National Human Rights Commission. Office of the Special Rapporteur on Trafficking in Persons (OSRT). Harihar Bhawan, Lalitpur, Nepal. September 2018, World Education and Plan Nepal 2012. A Rapid Assessment of Children in the Urban Transport Sector

[74] NHRC (2018) Trafficking in Persons in Nepal. National Report. National Human Rights Commission. Office of the Special Rapporteur on Trafficking in Persons (OSRT). Harihar Bhawan, Lalitpur, Nepal. September 2018

## यौन शोषण तथा बेचबिखनबाट बालबालिकाको संरक्षणको कार्यान्वयन

माथि उल्लेख गरिएझैं, बालबालिकालाई यौन शोषण तथा बेचबिखनबाट संरक्षण गर्ने प्रचलित प्रावधानहरूको कार्यान्वयन हालसम्म चुनौतीपूर्ण देखिएको छ। संयुक्त राज्य अमेरिकाको ट्राफिकिङ्ग इन पर्सन प्रतिवेदन २०१९ ले सरकारी वकिललाई पीडित केन्द्रित अनुसन्धान तथा अभियोजनमा तालिम प्रदान गर्ने र बेचबिखनको प्रवृत्ति तथा आपत्कालीन अवस्थामा पीडितको संरक्षणका विषयमा कानूनको कार्यान्वयन गर्ने सरकारी प्रयासलाई विशेष रूपले दर्शाएको छ । तर उक्त प्रतिवेदनले सीमा नाकामा गरिने गस्तीका लागि प्रहरीसँग पर्याप्त स्रोत नभएको र "परिष्कृत अनुसन्धानका विधि तथा बेचबिखनका प्रभावितहरूसँग पीडित केन्द्रित पद्धतिले अन्तर्क्रिया गर्ने सीपहरूको कमी" लाई पनि औंल्याएको छ । यी कमी कमजोरीहरूले अभियोजनका प्रयासहरूलाई क्षीण बनाउने र कानूनको कार्यान्वनका प्रयासमा पहिलेदेखि नै व्यवधान बनेका भ्रष्टाचार तथा बेचबिखनका अपराधका विषयमा औपचारिक मिलीभगतका सरोकारलाई थप बलियो बनाएको अवस्था छ । वास्तवमा, महिलामाथि हुने सबै प्रकारका भेदभावलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि (सिड) ले न्यायिक तथा सुरक्षाकर्मीहरूले विशेषगरी स्थानीय तहमा यौन तथा लैङ्गिकतामा आधारित हिंसाको उजुरी दर्ता गर्न छेकबार गर्ने र अदालतका आदेशको पालना नगर्ने र आदेशको कार्यान्वयन गर्न चुक्ने कुरा औंल्याएको छ ।[75] साथै, राष्ट्रिय मानव अधिकार आयोगले बेचबिखनका मुद्दाहरूको अभियोग सिद्ध गर्ने दर "तल्लो तहको अदालतबाट माथिल्लो तहको अदालतमा आउँदा घट्ने" तथ्य पनि औंल्याएको छ ।[76]

कानूनको कार्यान्वयनका विषयमा यस अध्ययनका सहभागीहरूको दृष्टिकोण मिश्रित रहेको भएतापनि माथि उल्लेख गरिएका कमजोरीहरूले बृहत्तररूपमा समुदायमा गरिएको लक्षित समूह छलफलका अभिमतलाई प्रतिबिम्बित गरेका छन् । जिल्ला तथा समुदाय तहका सहभागीहरूले संरक्षणका कानूनहरू पहुँच पुग्नेका लागि मात्रै उपलब्ध हुने कुरा बताएका थिए । धनी र गरिबबीचको आर्थिक वर्गमा पर्नेहरूका लागि यी कानूनहरूको कार्यान्वयनमा पहुँच पुऱ्याउन चुनौतीपूर्ण हुने र गरिबहरूका लागि भने यी कानूनहरू उपस्थित नै नभएको जस्तो अवस्था प्रतीत हुन्छ । लक्षित समूह छलफलका केही सहभागीहरूले बालबालिका, महिला तथा सीमान्तकृत समूहहरूका लागि न्यायको पहुँच पुऱ्याउने दिशामा थोरै मात्रै अवसर रहने र कानूनहरू अधिक मात्रामा पुरुष केन्द्रित तथा प्रहरीलाई सहयोग गर्ने प्रकारको रहेको बताएका थिए । यसको विपरीत, प्रहरी प्रशासनबाट यस अध्ययनमा सहभागी भएकाहरूले कानूनको कार्यान्वयन प्रभावकारीरूपमा भएको दाबी गरेका थिए ।


उल्लेखनीय पक्ष भनेको, कानूनको कार्यान्वयनलाई सहजीकरण गर्ने विषयहरूमाथि छलफलको क्रममा एउटा लक्षित समूह छलफलमा कानुन कार्यान्वयनको विषयमा अनभिज्ञतासँग जोडिएका सवालहरूमा चर्चा भएको थियो भने अर्को छलफलमा धाकधम्कीका कारण यस्ता विषयहरू खुलारूपमा छलफल नै नहुने कुरा बताइएको थियो । बाल यौन शोषणका धेरै घटनाहरू भएको एउटा गाउँपालिकामा सहभागीहरूले कर्तव्यवाहक निकायका बारेमा कुनै सवालहरू उठाएनन् । यसबाट सहभागीहरूलाई यस विषयमा बोल्न या त निषेध गरिएको थियो या यस्ता अभ्यासहरू सो क्षेत्रमा दैनिक जीवनको एक हिस्साको रूपमा स्वीकार गरिएको थियो भन्ने देखिन्छ । अवस्था जस्तोसुकै भएता पनि, बालबालिका तथा बाल अधिकारको पक्षमा कार्यरत अभियन्ताहरूको सहयोग तथा संरक्षणका लागि उपलब्ध कानूनी प्रावधान बारे थप जानकारीको व्यवस्था गर्ने विषयमा सबै सहभागीहरूबाट जोडदार माग गरिएको थियो ।

हालै महिलामाथि हुने सबै प्रकारका भेदभावलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि (सिड)ले सरोकार राखेको "डर वा बदला लिने कुरा तथा अपर्याप्त साक्षी संरक्षणसम्बन्धी संयन्त्र" समेत गरी दुईवटा कारणले मानव बेचबिखनका घटनाहरूको सङ्ख्याको तुलनामा कम मात्र उजुरी हुने कुरालाई समेत यस प्रतिवेदनका नतिजाहरूले पुष्टि गरेका छन् । यसै गरी "न्यायसम्मको पहुँच तथा कानूनी उपचार हासिल गर्न उपलब्ध संयन्त्र र आफ्ना अधिकारका विषयमा महिला तथा किशोरीहरूमा रहेको न्यून चेतना"[77] को कारण पनि घटनाको संख्याको तुलनामा कम उजुरी पर्ने गरेको हो ।

75 NHRC (2018) Trafficking in Persons in Nepal. National Report. National Human Rights Commission. Office of the Special Rapporteur on Trafficking in Persons (OSRT). Harihar Bhawan, Lalitpur, Nepal. September 2018

76 UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.3.

77 UN Women, Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, 2018, p.3 and 8.



# अध्याय ३

Photo by Philartphace on iStock

# न्यायमा पहुँचसम्बन्धी अनुभव

यो अध्यायले बेचबिखन र यौन शोषणबाट प्रभावित बालिकाहरूको न्यायसम्मको पहुँचसम्बन्धी अनुभवहरूका बारेमा प्राप्त अध्ययनका मुख्य नतिजाहरूलाई प्रस्तुत गर्दछ । यो अध्यायको केन्द्रमा अभियुक्तहरूको अभियोजन (संरक्षणात्मक, दण्डात्मक र निवारक न्याय) र प्रभावितहरूका लागि कानूनी प्रक्रियामार्फत् क्षतिपूर्ति (पुनर्स्थापकीय न्याय) को सुनिश्चितता पश्चात् प्राप्त गरिने न्यायसम्बन्धी छलफल रहेको छ ।

यो अध्यायको सुरुवात कुनै पनि यौन शोषण वा बेचबिखनको अपराधबाट प्रभावित बालिकाले कानूनी प्रक्रियामार्फत् न्याय प्राप्तिको प्रक्रियाका लागि अगाडि बढाउनुपर्ने प्रक्रियागत संरचनाको प्रस्तुतीबाट हुन्छ (खण्ड १) । त्यसपछि उक्त संरचनाका तीन मुख्य पक्षहरूको थप बिस्तारमा विश्लेषण गरिएको छ । पहिलो, कुनै पनि घटनाका विरुद्ध उजुरी गर्ने (खण्ड २), प्रहरीले दर्ता र अनुसन्धान गर्ने र न्यायिक प्रक्रियामार्फत् अभियोजन (खण्ड ३) र क्षतिपूर्ति (खण्ड ४) ।

## १) प्रभावितको न्याय प्राप्तिका लागि प्रक्रियागत संरचनाको बाटो

न्याय प्राप्तिका लागि उपलब्ध प्रक्रियागत संरचनामा (यसपछि न्याय प्राप्तिको बाटो भनिएको) तीन मुख्य पक्षहरू समावेश भएका हुन्छन्: (क) मुद्दा दर्ता, (२) प्रहरीले गर्ने अनुसन्धान, र (३) फैसला, दण्ड र क्षतिपूर्ति निर्धारण गरेर अन्त्य हुने न्यायिक प्रक्रिया । यहाँ संलग्न गरिएको चित्रमा प्रस्तुत गरिएझैं, यी तीनवटै खण्डहरूमा प्रक्रियाहरूको चरण समावेश भएको हुन्छ (नौवटा चरण) र यी सबै चरणहरू न्याय सम्पादन गर्नुपूर्व पूरा गरिनु पर्दछ । नेपाली कानूनले यौन शोषण तथा बेचबिखनका प्रभावितहरूले न्याय सम्पादन प्रक्रियामा आफ्नो मुद्दालाई अघि बढाउनका लागि यी प्रत्येक चरणलाई न्याय प्राप्तिको बाटोका महत्वपूर्ण चरणको रूपमा व्याख्या गर्दै सबै मुख्य चरणहरू पार गर्नुपर्ने कुरा निर्दिष्ट गरेको छ ।



यो चित्रमा प्रस्तुत गरिएको कार्यविधि सरल भएपनि नेपालको न्याय प्राप्तिको बाटो प्रक्रियागतरूपमा चुनौतीपूर्ण छ। जसको बारेमा अधिकांश नेपालीहरू आफैँ संलग्न हुनु नपर्ने अवस्थासम्म अनभिज्ञ रहन्छन्। अपराधबाट प्रभावित महिला तथा बालबालिकाको हकमा, यो एकदमै हतोत्साहन गर्ने क्षेत्र हो जुन आफैँमा बुझ्न गाह्रो मात्रै छैन, बरु बुझिने स्थानहरूबाट पनि प्रक्रियागत रूपमा माथि उक्लिन गाह्रो छ। माथि उल्लेख गरिएझैँ, यी चुनौतीहरूमा प्रभावितका सामाजिक, आर्थिक र राजनीतिक स्तर, जाति, शैक्षिक स्तर, सहयोगी सञ्जाल र अन्य पक्षहरूजस्ता केही खास विशेषताहरू पनि जोडिएपछि झनै जटिल बन्छन्। फलस्वरूप, यो अध्ययनका लागि अन्तर्वार्ता लिइएका मुख्य सूचनादाताहरूले बाल यौन शोषण तथा बेचबिखनका अधिकांश (करिब ९५ प्रतिशत) मुद्दाहरू प्रहरीमा कहिल्यै दर्ता नहुने अनुमान गरेका छन्। उजुरी दर्ता गरिएको घटनाको हकमा भने, प्रभावितले निम्नानुसारका प्रक्रियाबाट अघि बढ्नु पर्ने हुन्छ :

**चरण १. घटना उजुरी दर्ता (जाहेरी दरखास्त) (First Information Reporting - FIR)**
कुनै पनि पीडित, निजको आफन्त वा अपराध भएको थाहा पाउने कुनै पनि व्यक्तिले अपराध भएको वा हुन लागेको स्थलबाट नजिकै पर्ने प्रहरी चौकीमा उजुरी दर्ता गर्नसक्छ। कानूनतः यस्तो उजुरी आरोपित पीडकविरुद्धको सबुत प्रमाण तथा जानकारी, अपराधको घटना भएको स्थान र मिति, अपराधमा गरिएका कार्यहरू, र अपराधका बारेमा अन्य कुनै जानकारी भए उक्त जानकारीसहित गरिनु पर्दछ। अपराधका बारेमा गरिएको कुनै पनि मौखिक उजुरीलाई लिपिबद्ध गरिनुपर्दछ र यसरी लिपिबद्ध गरिएको कुरा ठीक र सही भएको सुनिश्चित गर्नका लागि प्रभावितका लागि पढेर सुनाइनु पर्दछ। पढेर सुनाइएको कुरामा प्रभावितले सहमति जनाएपछि उक्त जाहेरी दरखास्तमा हस्ताक्षर गरिन्छ र अभिलेखका लागि रजिष्टरमा राखिन्छ।

**चरण २. जाहेरी दरखास्त (FIR) दर्ता भएको रसिद :** जाहेरी दरखास्त (FIR) दर्ता गर्ने तालुकवाला कार्यालय वा निकायले प्राप्त जानकारीलाई दर्ता गर्नुपर्दछ र उक्त जाहेरी दरखास्त (FIR) दर्ता गर्ने व्यक्तिलाई दर्ता गरिएको एउटा रसिद प्रदान गर्नुपर्दछ।[78] यदि उजुरी गर्ने व्यक्तिले रसिद नपाएमा, निजको मुद्दा कि त दर्ता भएको मानिदैन वा प्रणालीमा हराउने जोखिम बढ्छ।

**चरण ३. अनुसन्धान गर्ने प्रहरी अधिकृतको पहिचान :** त्यसपछि तालुकवाला प्रहरी कार्यालयले कम्तीमा सहायक उपनिरीक्षकलाई दर्ता भएको मुद्दाका लागि अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारीका रूपमा नियुक्त गर्नुपर्ने हुन्छ। उक्त कार्यालयले उपयुक्त सरकारी वकिलको कार्यालय र माथिल्लो तहको प्रहरी कार्यालयलाई सान्दर्भिक हुने जानकारी पनि उपलब्ध गराउँछ। नियुक्त गरिएको प्रहरी अधिकारीले आरोपित अपराधका लागि अनुसन्धान अघि बढाउँछन्।

**चरण ४. प्रभावित तथा अभियुक्तको बयान :** अनुसन्धान गर्ने निकायले अपराधका विषयमा कुनै महत्वपूर्ण जानकारी भएको विश्वास गरिएका (यथोचित आधारमा) कुनै पनि व्यक्तिलाई आवश्यकता बमोजिम प्रश्न गर्दछन्।[79] यसमा प्रभावित र अभियुक्त दुवैबाट बयान लिने कार्य समावेश हुन्छ।

[78] सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची ६ मा दिइएको फारममा।
[79] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

**चरण ५. स्वास्थ्य परीक्षणसहितको अनुसन्धान प्रतिवेदन तयार गर्ने :** अनुसन्धानको अन्त्यमा अनुसन्धान गर्ने निकायले एक अनुसन्धान प्रतिवेदन तयार पार्दछ। मुद्दा फायलमा समावेश गरिएका कुनै पनि अभिलेख, पेशी प्रमाण तथा प्रमाणहरूको सक्कल र नक्कलप्रति उक्त प्रतिवेदनमा समावेश गरिएको हुन्छ । अनुसन्धानका क्रममा भएका कुनै पनि कार्य वा गतिविधिलाई अनुसन्धान गर्ने अधिकारीले तत्कालै अभिलेख गर्नु पर्दछ। यो प्रक्रियामा प्रभावितको स्वास्थ्यसम्बन्धी परीक्षण र त्यसका प्रमाण जुटाउने कार्य पनि समावेश भएको हुन्छ।

**चरण ६. सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउने :** यदि अभियुक्तलाई अभियोग लगाउन पर्याप्त प्रमाण पुगेमा, निज व्यक्तिले उल्लंघन गरेको कानूनका बारेमा पनि अनुसन्धान प्रतिवेदनले जानकारी प्रदान गर्दछ।[80] यो प्रतिवेदन तालुकवाला सरकारी वकिलको कार्यालयमा बुझाइन्छ, उक्त कार्यालयले मुद्दाको फायलको अध्ययन गर्दै अनुसन्धानको दौरान संकलन गरिएका सबुत प्रमाणको मूल्याङ्कन गर्दछ । त्यसपछि उक्त मुद्दामा कानूनी कारबाही चलाउने कि नचलाउने भनेर निर्णय गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाइन्छ ।

**चरण ७. अभियोगपत्र दर्ता गर्ने :** मुद्दाको फायलको अध्ययन तथा संकलित प्रमाणको आधारमा तालुकवाला सरकारी निकायले उक्त मुद्दालाई अभियोजन गर्न पर्याप्त प्रमाण पुगेको ठानेमा उक्त कार्यालयले अभियोगपत्र तयार गर्दछ र सान्दर्भिक हुने अदालतमा पेश गर्दछ।[81]

**चरण ८. अभियोजनको सुरुवात :** सबै पूर्वशर्तहरू पूरा गरी मुद्दा दर्ता भएपछि अदालतले अदालती कारबाही सुरु गर्दछ ।

**चरण ९. सुनवाइ, फैसला, अभियोग पुष्टि तथा क्षतिपूर्ति :** अभियुक्त अदालतमा हाजिर हुनुपर्दछ र सरकारी वकिलद्वारा लगाइएको अभियोगलाई पुष्टि गर्नेगरी प्रमाण पेश गरिनुपर्दछ । अभियोगपत्रमा गरिएको दाबी अदालतले पढ्छ । कुनै पनि मुद्दामा फैसला सुनाएपछि अदालतले अभियुक्तलाई दण्डको आदेश दिन्छ र प्रभावितलाई क्षतिपूर्तिका लागि कुनै कुरा आवश्यक भएमा सोको पहिचान गर्दछ ।

[80] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ।

[81] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

# २) उजुरी दर्ता (जाहेरी दरखास्त) : न्याय प्राप्तिको बाटोमा चालिने पहिलो कदम

यो अध्ययनले बाल यौन शोषण वा बेचबिखनका केही थोरै घटनाहरूको मात्रै प्रहरी वा गैर–सरकारी संस्थामा उजुरी गरिन्छ र धेरैजसो प्रभावितहरूले घटनाका बारेमा कहिले कसैलाई सुनाउँदैनन् भन्ने आमरूपमा व्याप्त धारणालाई पुष्टि गरेको छ। जोखिममा रहेका बालिकाहरूसँग गरिएको एक लक्षित समूह छलफलले १० जना पीडितमध्ये दुई जनाभन्दा कम पीडितले मात्रै उजुरी गर्ने कुरा प्रकाशमा ल्याएको थियो ।

यसै क्रममा एक जना प्रभावितलाई सहयोग गर्ने कार्यमा अघिल्लो पंक्तिमा कार्यरत अनुभवी अभियन्ताको अनुमान अनुसार एक सयमा पाँच वटा मात्र घटनाहरूमा उजुरी पर्न सक्छ त्यो पनि अरूबाट साथ सहयोग प्राप्त भएमा मात्र। या त यसरी उजुरी गरिने घटनाहरू अत्यन्त गम्भीर र संवेदनशील प्रकृतिको हुनुपर्दछ। यो विशिष्ट टिप्पणीले न्याय प्राप्तिको बाटोमा कुनै पनि अनुसन्धानको सुरुवाती विन्दु भनेको न्याय प्राप्तिको बाटोमा चाल्ने कदमको विषयमा रहेका व्यवधानहरूको विश्लेषण अर्थात् उजुरी गर्दाका अवस्थामा देखा पर्ने व्यवधानहरूको विश्लेषण हो भन्ने कुरालाई प्रकाश पारेको छ।

## मौनतालाई कसरी बुझ्ने ?

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका प्रभावितहरूमध्ये, ११ जनाले आफ्नो घटना कुनै पनि कानून कार्यान्वयन गर्ने निकायमा दर्ता गराएका थिएनन्। तर सबै जनाले आफूमाथि भएको शोषणको घटनाको बारेमा एक गैरसरकारी संस्थामा जानकारी गराएका थिए।

यी प्रभावितहरूसँग गरिएको अन्तर्वार्ता तथा लक्षित समूह छलफल र मुख्य सूचनादाताहरूसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त मुख्य सन्देशहरूले धेरै प्रभावितहरू आफूमाथि परेको अन्यायलाई चुपचाप सहन्छन् र यस्ता शोषणका घटना थाहा भएको अवस्थामा पनि धेरैजसो परिवारका सदस्यहरू पनि चुप लागेर बस्नका लागि तयार रहन्छन् भन्ने कुरा स्वीकार गरेको छ। यो मौनताको मुख्य कारणका रूपमा तलका पाँचवटा कुराहरू बाहिर आएका थिए। अझ विचारणीय कुरा के छ भने प्रभावितहरूमा अन्तर्निहित रहेको सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक, भौगोलिक वा अपाङ्गतालगायतका विशेषताहरूबाट उनीहरूमा यी कुराहरूको थप प्रभाव देखिने कुरा सबैले स्वीकारेका थिए।

### क) कानून र सम्बन्धित प्रक्रियाका बारेमा पीडित तथा तिनका परिवारमा चेतनाको कमी

चेतनाको कमीमा निम्न पक्षहरू रहेका थिए : (अ) कुनै बालबालिका कुनै अपराधबाट पीडित भएको छ भनेर थाहा नहुनु (अर्थात् कानूनका बारेमा थाहा नहुनु), (आ) यस्ता व्यवहारहरूका विरुद्ध प्रहरीमा उजुरी गर्नुपर्दछ भनेर थाहा नहुनु, र (इ) यस्ता व्यवहारहरूका विरुद्ध कसरी उजुरी गर्ने वा न्याय प्राप्तिको प्रक्रियाको बारेमा अनभिज्ञता हुनु।

> *'म उजुरी गर्नसक्छु भन्ने मलाई थाहा नै थिएन – यस्तो विचार ममा कहिल्यै आएन।*
> *धेरै घटनाका पीडकहरू पक्राउ पर्दैनन् किनभने प्रभावितहरूले आफ्नो कुरा नै खोल्दैनन्।'*
>
> **मुद्दा क्र.स. १५**
> **(१६ वर्षमा आन्तरिकरूपमा बेचबिखनमा परेको प्रभावित)**

अन्तर्वार्ता तथा लक्षित समूह छलफलले धेरै प्रभावितहरू घटनाको समयमा वा घटना भइसकेपछि पनि आफू दुर्व्यवहार वा शोषणबाट पीडित भएको कुराप्रति अनभिज्ञ हुन्छन् भन्ने कुरा देखाएको छ। यस्तो अवस्थामा, उनीहरूप्रति भएको व्यवहार जति नै आपराधिक भए पनि यस्तो व्यवहारलाई उजुरी गर्नु पर्दछ भन्ने विषय उनीहरूको सोचभन्दा बाहिर हुन्छ। जिल्ला तहका सहभागीहरूले प्रभावितहरूले आफूलाई "मायाममता देखाइएको" भनेर विश्वास गर्छन् र उनीहरूमाथि शोषण गरिएको हो भन्ने कुरा आफू त्यहाँबाट उम्किने उपाय नभएपछि वा पछि परामर्शको बखतमा मात्रै महसुस गर्छन् भनेर इङ्गित गरेका थिए। यस विषयका अभियन्ताहरूसँग गरिएको लक्षित समूह छलफलका सहभागीहरूले शोषणबाट मुक्त भएपछि पनि केही प्रभावितहरूले आफू शोषण वा बेचबिखनमा परेको भनेर मान्दैनन् र घटनाको प्रकृतिका बारेमा उनीहरूलाई बताइँदा उदास हुने गर्छन् भनेर बताएका थिए।

विद्यालय जाने र विद्यालय बाहिर रहेका जोखिममा रहेका बालिकाहरूसँग गरिएको लक्षित समूह छलफलका धेरै सहभागीहरू बाल यौन दुर्व्यवहार र शोषणसँग सम्बन्धित जोखिम र यसलाई रोकथाम गर्ने उपाय साथै यी घटनालाई उजुरी गर्नका लागि उपलब्ध व्यक्ति, संस्था तथा स्रोतका बारेमा अनभिज्ञ थिए।[82] विद्यालयको पाठ्यक्रम तथा गैससका अभियानमार्फत् जनचेतना जगाउने अभियानका बाबजूद सहभागीहरूले सुरक्षित र असुरक्षित छुवाइ, न्यायमा पहुँच पुऱ्याउँदा हुने फाइदा, सम्बन्धित संस्था तथा सहयोगका संयन्त्र र यी संयन्त्रहरूमाथि पहुँच पुऱ्याउन चालिनु पर्ने कदमहरूका बारेमा आठ वर्षभन्दा माथिका बालक र बालिका दुवैका लागि तालिम आवश्यक रहेको कुरा व्यक्त गरेका थिए।

यौन शोषण तथा यससँग सम्बन्धित कानून र कानूनी प्रक्रियाका विषयमा चेतनाको कमी जोखिममा रहेका बालबालिका तथा परिवारका लागि साझा चुनौती हो। यो अध्ययनले यस्तो चेतनाको कमी समुदायका अगुवा र सेवा प्रदायकमा पनि रहेको देखाएको छ। विभिन्न मुख्य सूचनादाताहरूले विभिन्न तहमा प्रभावितहरूका लागि उपलब्ध सेवा सुविधा तथा सेवा प्रवाहका विभिन्न क्षेत्रसँग सम्बन्धित विद्यमान कानून, नीति तथा सेवा सुविधाबारे सेवा प्रदायकहरू चुस्तदुरुस्त रहनु पर्ने आवश्यकतामाथि प्रकाश पारेका थिए।

## घटना अध्ययन १ :

### लागत तथा फाइदाहरूको पहिचान र मूल्याङ्कन

अलिशा (परिवर्तित नाम) काठमाडौँ नजिकै रहेको एउटा जिल्लाकी क्षेत्री समुदायकी एक किशोरी हुन्। उनी १६ वर्षको हुँदा उनी काम गर्दै आफ्नो पढाइलाई अघि बढाउनका लागि आफ्नी एक दिदीसँग काठमाडौँ आइन्। उनकी दिदीले चिनेको एक पुरुषमार्फत् उनले एउटा रेस्टुरेन्टमा काम पाइन्। सुरुमा त काम ठीकै थियो, तर पछि यौन दुर्व्यवहार र शोषणको श्रृंखला सुरु भयो। उनले पाँच महिनामा काम छोडिन्, र एउटा कपडा पसलमा काम गर्न थालिन्।

---

82 जोखिममा रहेका बालिकाहरूसँग गरिएको लक्षित समूह छलफलमध्ये एउटामा मात्रै बालिकाहरूले यदि यौन शोषण गरेर बाल अधिकारको हनन् गरिएमा प्रहरीमा उजुरी गरिनु पर्दछ भन्ने कुरा बताएका थिए। उनीहरूको यो ज्ञानको स्रोत सिविसले सञ्चालन गरेको रिफ्लेक्ट कक्षा, टेलिभिजन र फेसबुक रहेको बताइएको थियो।

## ख) प्रभावित तथा परिवारविरुद्धको सामाजिक लाञ्छना

प्रभावितहरूको पक्षमा बोल्ने सबै सहभागीहरूले प्रभावितहरूले प्रहरीमा उजुरी गर्न नचाहनुको पछि रहेको प्रमुख कुरा प्रभावितहरूमाथि लगाइने सामाजिक लाञ्छना भएको बताएका थिए । यो विषयले खासगरी किशोरीहरूलाई मौन रहनका लागि बाध्य बनाउँछ । यो कुरालाई महिलामाथि हुने सबै प्रकारका भेदभावलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि (सिड) को एउटा छायाँ प्रतिवेदनमा उल्लेखित "नेपालमा.....छोरीहरूलाई परिवारको प्रतिष्ठाको रूपमा लिइने,....र अभिभावकहरू छोरीहरूले परिवारको प्रतिष्ठामा क्षति पुग्ने कुनै काम गर्छन् कि भनेर डराउने गर्दछन्" भन्ने तथ्यले उजागर गरेको छ । तसर्थ, सामाजिक लाञ्छनाले प्रभावितको व्यक्तिगत मान प्रतिष्ठामा मात्रै क्षति पुऱ्याउँदैन, प्रभावितको परिवारको मान प्रतिष्ठामा पनि उत्तिकै क्षति पुग्छ जसबाट धेरै आफन्तहरू बाल यौन अपराधको उजुरीप्रति असहयोगी हुनुका साथसाथै प्रतिकूल पनि बन्छन् । किनकी उजुरी गर्दा परिवारको सामाजिक मान प्रतिष्ठाको व्यापकरूपमा क्षति हुनसक्छ भन्ने उनीहरूलाई लाग्दछ ।

फेरि पनि, केही बाल शोषणका घटनाहरूसँग सम्बन्धित सवालहरू सामाजिक लाञ्छनासँग अझ गहिरो गरी जोडिने गर्दछ र यो कुरालाई पीडकहरूले प्रभावितलाई चुप लगाउनका लागि निःसंकोचरूपमा प्रयोग गर्न सक्छन् । समुदायका अगुवाहरूले १७ देखि १९ वर्षबीचका किशोरीहरू उच्च जोखिममा रहने र उनीहरूमा चेतना भएतापनि, यी विषयका बारेमा कुराकानी गर्दासमेत सामाजिक लाञ्छनाको सामना गर्नुपर्ने भएकाले यो विषयमा उनीहरू कुरा गर्न नसक्ने र यसले उनीहरूको जोखिमलाई थप बढाउने कुरा बताएका थिए ।

## ग) पीडकहरूले प्रतिशोध लिन सक्ने डर

प्रभावितहरू अपराधहरूविरुद्ध उजुरी गर्न हतोत्साहित हुनुमा अर्को मुख्य पक्ष पीडकसँगको डर थियो । यसमा प्रतिशोध लिनसक्ने वा प्रतिशोधको वास्तविक घटना वा प्रभावित र प्रभावितका परिवार दुवैका विरुद्ध पीडकले गर्न सक्ने अन्य कार्यहरू पर्दछन् । धेरै प्रभावित, लक्षित समूह छलफलका सहभागी तथा मुख्य सूचनादाताहरूले पीडकको राजनीतिक पहुँच हुने र प्रहरी तथा स्थानीय समुदायमा प्रभाव चल्ने कुरा बताएका थिए । सबै सरोकारवालाहरूले सुरक्षाकर्मीहरूलाई प्रभावित गर्न सक्ने पीडकको क्षमतालाई एक व्यवधानका रूपमा औंल्याएका थिए जसले न्यायमा पहुँच पुऱ्याउने र न्याय प्राप्त गर्ने प्रभावितको क्षमतामा गम्भीर प्रभाव पार्दछ । यो दबावका कारण, प्रहरी सधैँ सहयोगी हुँदैन, र अन्य न्याय तथा सार्वजनिक सेवा प्रदायकहरू पनि प्रभावमा पर्न र पीडकको पक्षमा उभिन सक्छन् । एउटा लक्षित समूह छलफलका सहभागीहरूले "पीडकहरूले नागरिकता र वास्तविक जीवनमा बेग्लाबेग्लै नामको प्रयोग गर्ने" कुरा बताएका थिए । यो छद्मनामको प्रयोग पीडकहरूले अपराधका घटना दर्ता भएपश्चात् सोबाट बच्नका लागि प्रयोग गर्दछन् ।

अनुभवी सहभागीहरूको विचारबाट प्राप्त नतिजाले पीडकहरू वास्तवमै सामाजिक, आर्थिक तथा राजनीतिक शक्ति संरचनाको माथिल्लो तहमा हुन्छन् । पीडकहरू उनीहरूले शोषणका लागि लक्षित गर्ने गरेका व्यक्तिहरूको तुलनामा निश्चितरूपमै माथि हुने गर्छन् भन्ने कुरा देखाउँछ । उनीहरूले आफ्नो स्तर तथा राजनीतिक सम्पर्कहरूलाई सुरक्षा निकाय तथा न्याय प्रणालीमा रहेकाहरूलाई प्रभावमा लिनका लागि मात्रै नभई परिवारका सदस्यहरूलाई प्रभावितविरुद्ध भड्काउनका लागि पनि प्रयोग गर्दछन् । सामाजिक मान प्रतिष्ठामा हानि पुग्ने डर, सीमित आर्थिक स्रोत, प्रभावित छोरीका लागि वर नपाइएला भन्ने डरका साथै अपराधी करार हुने र क्षतिपूर्ति पाउने झिनो अपेक्षासहितका लामो समयसम्म चल्ने र गाह्रो कानूनी मुद्दा मामिला जस्ता पक्षहरूलाई पीडकहरूले सजिलैसँग दुरुपयोग गर्ने गरेका छन् ।

## घ) न्यायसम्पादन प्रणालीप्रति विश्वासको कमी

समुदाय तथा जिल्ला तहका लक्षित समूह छलफलका सहभागीहरूमा, पहुँच पुग्ने र सम्पर्क भएकाहरूका लागि मात्रै न्याय उपलब्ध हुन्छ भन्ने आम मान्यता रहेको थियो । धनी र गरीबबीचको वर्गमा पर्नेहरूका लागि कानूनी उपचारको पहुँच चुनौतीपूर्ण हुन्छ । गरीबका लागि त न्याय प्राप्ति असम्भवप्राय: नै हुन्छ । सहभागीहरूले उजुरी भएका मुद्दाहरू पनि प्रहरीभित्र हुने राजनीतिकरणका कारण दर्ता नै नहुने र पीडकहरूले उन्मुक्ति पाउने कुरा बताएका थिए । दर्ता भएका र पीडकहरूको अभियोग प्रमाणित भएर जेल चलान भएका मुद्दाहरूमा पनि, जेल चलान भएका अभियुक्तहरूको रिहाइ चाँडै नै हुने कुरा सहभागीहरूले बताएका थिए । यसले प्रभावितको सुरक्षा तथा उनीहरूलाई न्याय प्राप्त भएपछि पनि कहाँ आश्रय र सुरक्षा खोज्न जाने भन्ने विषयमा गम्भीर प्रश्न खडा गरेको छ ।

न्यायसम्पादन प्रणालीमा भएका यी कमजोरीका कारण कसैले यौन शोषणका विरुद्ध आवाज वा कदम उठाउन चाहे पनि परिवार वा समुदायमा नै मुद्दा मिलाउने वा कुनै-कुनै अवस्थामा शक्ति, राजनीति, पद र पैसाको प्रयोग गरेर "समस्या" समाधान गर्न खोज्ने प्रवृत्ति हावी हुने कुरा सहभागीहरूले औंल्याएका थिए ।

अधिकांश मुद्दाहरूमा अनुसन्धानको कार्य झन्झटिलो हुने भएकाले "समुदायले सम्झौता गर्न खोज्ने र प्रहरीले पनि मुद्दालाई दर्ता गर्न सकेसम्म नचाहने हुन्छ" भन्ने कुरामा सहभागीहरूले जोड दिएका थिए । यस्ता "वैकल्पिक न्याय"का संयन्त्रको प्रयोगले प्रभावितको न्यायमा पहुँच स्थापित गराउने क्षमतालाई थप क्षीण बनाउँछ ।

## ङ) प्रहरी चौकीसम्मको पहुँच

ग्रामीण समुदायहरूमा दूरीलाई एक प्रमुख चुनौतीका रूपमा पहिचान गरिएको थियो । ग्रामीण वा शहरी क्षेत्रमा जब प्रभावित र प्रभावितका परिवारले अन्तत: कुनै घटनाका विरुद्ध उजुरी दिने निर्णय प्राय: घटना भएको धेरै दिनपछि लिने गर्दछ । यसबाट प्रमाणको उपलब्धतामा प्रभाव पर्दछ । घटनाका विरुद्ध उजुरी गर्नेहरूले यातायात, खाना र सम्भाव्य आवास र मुद्दा दर्ता गर्दा लाग्ने प्रशासनिक लागतलाई परिपूर्ति गर्ने स्रोतको आवश्यकता व्यवस्था गर्नुपर्ने हुन्छ ।[83] विशेषगरी, प्रभावित र/वा प्रभावितका परिवारका सदस्यहरू दैनिक ज्याला मजदुरी गर्छन् भने, यसले कुनै पनि घटनाका विरुद्ध उजुरी गर्दा सामाजिक मात्रै नभएर आर्थिक लागतको आवश्यकता पनि देखाउँदछ जसले कानूनी उपचारमा बाधा पुऱ्याउने पक्षहरूको भारलाई झनै बढाइदिन्छ ।

यो अध्ययनको एक प्रमुख नतिजा भनेको प्रभावितहरूले आफ्ना साथी, परिवार वा कुनै गैससको सहयोग उपलब्ध भएमा मात्रै उजुरी गर्छन् भन्ने हो । यो सहयोग प्रभावितका लागि न्यायमा पहुँच स्थापित गर्न आवश्यक पर्ने नैतिक र स्रोत साधन दुवै हिसाबमा महत्वपूर्ण रहेको छ । सबै अन्तर्वार्ता तथा लक्षित समूह छलफलहरूमा प्रभावितहरूमा परेको अन्यायको सुरुवाती चरणदेखि लिएर न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति दिलाउनेसम्मको प्रक्रियामा गैसस र नागरिक समाजको महत्वपूर्ण भूमिका रहने कुरा बाहिर आएको थियो ।

[83] उदाहरणका लागि, प्रभावितहरुले आफ्नो मुद्दा गराउने लिखत लेख्नका लागि शुल्क तिर्नुपर्ने, र उनीहरुविरुद्ध भएको अपराधको अनुसन्धानको गुणस्तरका लागि यो लिखत प्राय: निर्णायक हुने कुरा बताएका थिए ।

## ३) संरक्षणात्मक न्यायमा पहुँचका लागि न्याय प्राप्तिको मार्गमा प्रवेश तथा निरन्तरता

यो प्रतिवेदनका लागि सर्वेक्षण गरिएका २४ जना प्रभावितहरूमध्ये, १३ जनाले आफूलाई परेको अन्यायका बारेमा प्रहरीमा उजुरी गरेका थिए ।[84] यीमध्ये अधिकांश घटनाहरूको उजुरी काठमाडौं तथा आसपासका जिल्लामा गरिएको थियो । साथै जहाँ अनुगमन धेरै गरिन्छ र गैससका प्रतिनिधिहरूको उपस्थिति पनि हुन्छ त्यहाँ जिम्मेवार निकायहरू अलि लचिलो हुने गरेको पाइएको छ । यद्यपि भौगोलिक प्रधानता बाहेक, जिल्ला तथा समुदाय स्तरमा प्रहरी अधिकारीहरूको प्रवृत्ति र व्यवहार फरक हुन सक्छ । यस विषयमा प्रभावितहरू र अन्य विभिन्न सरोकारवालाहरूले यी तहमा हुने यस्ता जिम्मेवार निकायहरू सधैँ सहयोगी नहुने कुरा बताएका थिए ।

यो अध्ययन टोलीले तयार पारेका प्रभावितको न्याय प्रणालीको अनुभवसम्बन्धी प्रश्नहरूको मुख्य शोधको विषय जिम्मेवार निकाय तथा न्याय प्रणालीहरू कति हदसम्म बालमैत्री थिए भनेर बुझ्नु पनि थियो । यसको निर्धारण सहभागीहरूले न्याय प्राप्तिको मार्गमा कति सुरक्षित तथा संरक्षित महसुस गरे, नम्रतापूर्वक व्यवहार गरिएको थियो वा थिएन, समानुभूति प्रकट गरिएको थियो वा थिएन, बोल्नका लागि प्रोत्साहन गरिएको थियो वा थिएन र उनीहरूको गोपनीयतालाई कायम राख्दै पेशागत तथा पूर्वाग्रह नराखी प्रभावितहरूलाई प्रक्रियामा सहभागी गराइएको थियो वा थिएन भन्ने विषयले गर्दछन् । प्रभावितहरूसँग गरिएको अन्तर्वार्ता, लक्षित समूह छलफल तथा मुख्य सूचनादाताहरूसँग गरिएको अन्तर्वार्ताबाट निम्नलिखित मुख्य नतिजाहरू बाहिर आएका थिए र यहाँ कुनै पनि मुद्दा न्याय प्राप्तिको मार्गमा अघि बढ्दाको क्रममा पार गर्नुपर्ने चरणको क्रमअनुसार नै प्रस्तुत गरिएको छ ।

### क) अग्रपंक्तिमा कार्यरत जिम्मेवार निकाय : न्यायप्राप्तिको पहिलो पहरेदारको रूपमा प्रहरी

केही निश्चित क्षेत्रहरूमा प्रहरी अधिकारीहरूले गरेका केही असल अभ्यासहरूको पहिचान भएको भएता पनि, यस अध्ययनका लागि छनौट गरिएका सहभागीहरूले प्रहरीले कहिलेकाहिँ बाल यौन दुर्व्यवहार, शोषण तथा बेचबिखनका घटनालाई सामान्यीकरण गर्ने कुरा व्यक्त गरेका थिए । यस्ता आपराधिक घटनालाई प्राथमिकता आवश्यकका साथ गम्भीर अपराधका रूपमा पहिचान गर्न सामान्यतया चुक्ने प्रहरीको व्यवहार न्याय प्राप्तिका लागि एक प्रमुख चुनौतीको रूपमा रहेको थियो । किनभने यसले मुद्दाको दर्ता तथा अनुसन्धानलाई एकदमै सुस्त बनाइदिन्छ। यसले प्रभावितहरूमा मनोवैज्ञानिक आघात तथा स्रोत साधनसम्बन्धी व्यवधानलाई झनै चुनौतीपूर्ण बनाउने काम गर्दछ ।

> **उनीहरूको आफ्नै शब्दमा.....**
>
> "सुरुमा म आत्तिएकी थिएँ किनकी प्रहरी चौकीमा म पहिलो पटक गएकी थिएँ, तर पछि मेरी साथीले मलाई सान्त्वना दिइन् । प्रहरीको व्यवहार पनि सहयोगी थियो ।"
>
> "हामी आफैं जाँदा उनीहरूले हाम्रो कुरा सुनेनन्, पछि **माइती नेपालकी** एक जना कर्मचारी आएपछि मात्रै हाम्रो कुरा सुनियो ।"
>
> **माइती नेपाल** पुनर्स्थापना, रोकथाम, जनचेतना अभिवृद्धि, शिक्षा, पैरवी तथा कानूनी सहयोगमार्फत् बेचबिखनका पीडितलाई सहयोग गर्न प्रतिबद्ध एक नेपाली गैसस हो ।

[84] उजुरी गर्ने प्रहरी निकायहरू निम्न स्थानहरूमा थिए : काठमाण्डौं, भक्तपुर, र ललितपुरमा बालाजु चौकी, गैरीपाटन महिला इकाई, महाराजगञ्ज, भक्तपुर, सामाखुशी, नयाँ बानेश्वर, र जावलाखेल/ललितपुर । रक्से चोक/इलाम र भारतको पनि पहिचान भएको थियो ।

## घटना अध्ययन २ :

### जब न्यायको पहुँचले काम गर्छ, यसको फाइदा व्यक्तिगत तहमा भन्दा माथि हुन्छ

कुनै पर्यटकीय नगरको नजिकै जन्मिएकी बिन्सा (परिवर्तित नाम) सीमान्तकृत जनजाति समुदायकी हुन् र उनी आफ्ना आमाबाबुसँग बस्थिन् । १६ वर्षको उमेरमा, बिन्साले आफ्ना आमाबाबु पैसाका कारण दैनिकजसो झगडा गर्ने कुरा थाहा पाएपछि परिवारलाई आर्थिकरूपमा सहयोग गर्ने निर्णय लिन्छिन् । उनी एउटा होटलमा कोठा सफा गर्ने र लुगा धुने काम गर्न थाल्छिन् । काम गर्ने ठाउँमा उनलाई बस्नको पनि व्यवस्था गरिएको हुन्छ तर आफ्नी छोरीलाई काम गर्न दिन नचाहने उनकी आमालाई आफू साथीहरूसँग बसिरहेको भन्छिन् ।

बिन्साले आफूले काम गर्ने होटलमा चार महिनासम्म बस्नुपर्ने कुरा थाहा पाउँछिन् । पहिलो महिनामा सबै कुरा राम्रै बित्यो, र उनलाई तलब स्वरूप नेरु ८,०००।- दिइयो । त्यसपछि भने उनले तलब पाउन छोडिन् र होटलको मालिकले उनीमाथि जबरजस्ती गर्न थाल्यो, पछि होटलमा आउने पाहुनाबाट पनि उनीमाथि सोही व्यवहार गर्न लगायो । उनको इच्छा विपरीत विभिन्न अश्लील यौनोत्तेजक कार्यहरूको रेकर्डिङ गरियो । उनले भनिन्, "उसले मलाई झापड हान्थ्यो, पिट्थ्यो र अरूलाई भन्दिन्छु भनेर धम्क्याउँथ्यो जसले गर्दा म मेरो मुख देखाउन लायक हुन्न थिए ....मसँग भागेर जाने आत्मविश्वास थिएन । घरमा पनि थुप्रै समस्याहरू थिए । मसँग भएको कुरा मैले घरमा सुनाएको भए, समस्याहरू झन् धेरै थपिन्थे ।"

एक दिन उसकी साथी झुक्किएर आफ्नो जन्मदिन मनाउन सोही होटलमा पुगेपछि बिन्साको उद्धार सम्भव भयो । बिन्साले ती साथीसँग मद्दत मागिन् र बिहान झिसमिसेमा होटल छोड्नका लागि साथीको कोठामा बिहानको ३ बजेसम्म बसिन् । उनकी साथीले उनको बारेमा प्रहरीमा कार्यरत आफ्ना एक 'अङ्कल'लाई खबर गरिन् जसमार्फत् महिला सेलमा बिन्साको घटना दर्ता भयो । सोधपूछका लागि बिन्सालाई छुट्टै कोठामा लगियो तर जब बिन्साले सबै कुरा बताउन सकिनन्, तब उनकी साथीले थप कुराको बारेमा जानकारी गराएर सहयोग गरिन् । उनले भनिन्, "...प्रहरीसँग कुरा गर्नु साथीसँग कुरा गरेजस्तो हुँदो रहनेछ । म आत्तिएकी थिएँ त्यही भएर सुरुमा मैले सबै कुरा भन्न सकिन । तर पछि जब मेरी साथीले आश्वासन दिइन् र प्रहरीको सकारात्मक व्यवहारले मलाई सबै कुरा बिस्तारमा बताउन सहयोग गर्‍यो" । पीडितको बयान अभिलेख गर्ने क्रममा, बिन्साले प्रहरीमा अरू मुद्दाहरू भएकाले ५/६ घण्टा कुर्नु पर्‍यो । समग्रमा बिन्सालाई प्रहरीको व्यवहार सहयोगी लाग्यो । उनले भनिन्, "सायद मेरी साथीको अङ्कल अर्को प्रहरी चौकीमा कार्यरत भएर हो कि ?"

प्रहरीमा बयान दर्ता गराएपछि, बिन्सालाई आफूमाथि अन्याय परेको होटलको ठेगाना सोधियो । उनले होटलको ठेगाना त बताइन् तर पीडकलाई भने भेट्न चाहिनन्, र भाग्यवश उनले उक्त पीडकलाई फेरि भेट्नु परेन । दुर्व्यवहार गरेको भिडियो प्रमाणको रूपमा लिइनुको अर्थ बिन्साले फेरि प्रहरी चौकी धाउनु परेन । जाहेरी दरखास्त दिएको तीन दिनभित्रमा, पीडकलाई मानव बेचबिखनको अभियोगमा पक्राउ गरियो । उनले भनिन्, "ऊ (पीडक) जेल परेको खबर मेरा साथीको अङ्कलले मलाई सुनाउँदा म एकदमै ढुक्क भएँ ।"

बिन्सालाई हाल कानून विषयको अध्ययन गर्नका लागि एक गैससले सहयोग गरिरहेको छ । उनलाई कानून पढेर दुर्व्यवहारको सामना गरेका अन्यलाई सहयोग गर्ने मन छ । पीडकलाई आजीवन कारावासको सजाय भएको छ । तर बिन्सालाई पीडितको क्षतिपूर्तिको अधिकारका बारेमा थाहा थिएन । उनकी साथीको अङ्कलले थप जानकारी चाहिएमा आफूलाई सम्पर्क गर्न सक्ने कुरा उनलाई बताए पनि, उनले हालसम्म सम्पर्क गरेकी छैनन् ।

प्रहरी, प्रभावित तथा अन्य सरोकारवालाहरूले प्रहरीको प्रक्रियामा असर पार्ने पीडकका गम्भीर प्रयासहरूका बारेमा प्रकाश पारेका थिए। पीडकहरूले प्रायः आफ्ना राजनीतिक सम्पर्कको प्रयोग गर्ने र कुनै-कुनै अवस्थामा त झन् प्रहरी अधिकारीमाथि यथेष्ट दबाब सिर्जना गर्ने कुरा पनि बताइएको थियो । प्रहरीले राजनीतिक दलहरूबाट "उनीहरूको मान्छेलाई हेर्नु" भन्दै फोन आउने, र कहिलेकाहिँ प्रभावित प्रहरी चौकीमा पुग्नु अगावै पीडक उजुरी गर्न आइपुग्ने कुरा बताएका थिए । यस्तो दबाब अनुसन्धानको अवधिभरि नै रहने र कहिलेकाहीँ प्रहरी अधिकारीहरूको काम गर्ने क्षमतामा नै गम्भीर बाधा पुऱ्याउने गरेको पाइयो । केही प्रहरी अधिकारीहरूले पीडकका समर्थकहरूबाट बारम्बार फोन आउने कुरा बताएका थिए । प्रहरी चौकी अगाडि यस्ता समर्थकलाई उपस्थित गराउनु प्रहरी र प्रभावित दुवै पक्षलाई दबाबमा ल्याउने युक्तिको रूपमा प्रयोग हुने कुरा बताइएको थियो । साथै यस्तै प्रकारको दबाब प्रहरीमाथि आफ्नै परिवार र समुदायबाट पनि आउने गरेको तथा अनुसन्धानको क्रममा समुदाय स्तरमा आउने राजनीतिक दबाब एउटा प्रमुख चुनौतीको रूपमा रहने कुरा बाहिर आएको थियो ।

एउटा लक्षित समूह छलफलका सहभागीहरूले जाहेरी दरखास्त दर्ता गर्न सहजीकरण गर्ने प्रमुख जिम्मेवारी भएको भएता पनि प्रहरी अधिकारीहरू यस्ता घटना दर्ता गर्न इच्छुक नहुने, जाहेरी दरखास्त दर्ता गर्न कि त पछि हट्ने कि इन्कार गर्ने, प्रभावितलाई नै दरखास्तको विवरण लेख्न लगाउने वा दरखास्त लेखेबापत पैसा तिर्नुपर्ने ठाउँमा प्रभावितलाई पठाउने गरेको कुरा बताएका थिए । यो कुरा जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरिएका वा जानीजानी ढिलाइ गरिएका प्रभावितहरूको अनुभवबाट पनि पुष्टि भएको थियो । यस्ता कार्यहरूले प्रभावितहरूलाई चुनौती दिने र हतोत्साहन गर्ने गरेका छन् । एउटा मुद्दामा जाहेरी दरखास्त चार दिनसम्म पनि दर्ता गरिएको थिएन भने एक अर्को मुद्दामा प्रभावितका साथ एउटा गैससको प्रतिनिधि उपस्थित हुँदा मात्रै दर्ता गरिएको थियो । एउटा लक्षित समूह छलफलमा मुद्दा दर्ता गर्दा सबुत प्रमाण संकलन गर्नका लागि प्रहरी अपराधको घटनास्थलमा जानुपर्ने, र घटनास्थलको भ्रमण एकपटकभन्दा बढी गर्नुपर्ने तथा प्रभावित र साक्षीको अन्तर्वार्ता/बयान पनि लिनुपर्ने भएकाले प्रहरी अधिकारीहरू यस्ता घटनाको जाहेरी दरखास्त गर्न हरबखत इच्छुक नहुने कुरा बताइएको थियो । फेरि पनि, प्रहरी चौकीमा जाहेरी दरखास्त गर्न दबाब दिन पटक-पटक धाउनका लागि प्रभावित तथा तिनका परिवार प्रहरी चौकीबाट टाढा हुनु र उनीहरूसँग समय वा स्रोत साधनको कमी हुनुका कारण उनीहरूमा क्षमता नहुने भएकाले पनि न्याय प्राप्तिको मार्गको प्रारम्भिक चरणमा गैससको उपस्थिति महत्वपूर्ण हुने कुरा बताइएको थियो ।

## बाल यौन शोषणको मुद्दा दर्ता प्रक्रिया

प्रभावितहरू, लक्षित समूह छलफलका सहभागी तथा मुख्य सूचनादाताहरूसँग गरिएको छलफलले कुनै पनि घटना दर्ता गर्दाका प्रत्येक चरणहरू निम्नरूपमा प्रष्ट्याएका थिए :

### पहिलो चरणः जाहेरी दरखास्तको दर्ता

- बाल यौन शोषण वा बेचबिखनका घटनाको जाहेरी दर्ता गर्दाको समयमा **साथी, परिवारका सदस्य तथा संस्थाहरूको** उपस्थिति महत्वपूर्ण रहेको पाइयो । उक्त उपस्थितिले उजुरी गरिएको घटना दर्ता गर्न प्रहरीलाई बाध्य बनाएको कुरा विभिन्न छलफलका निष्कर्षको रूपमा आएका थिए ।
- **प्रहरी चौकीको वातावरणको विषयमा प्रभावितहरूको अनुभवले** प्रहरीले धेरै जसो अवस्थामा जाहेरी दरखास्त दर्ता गर्दा महिला अधिकारीहरूको उपस्थिति गराउन, प्रभावित बालबालिकालाई समानुभूतिपूर्वक प्रश्न गर्न र अन्तर्वार्ताका दौरान बालबालिकालाई छुट्टै कक्षमा राख्न प्रयास गरेको कुराको प्रमाण प्रस्तुत गरेको थियो । यस्तो अनुभव गर्ने प्रभावितहरूले प्रहरीको यसप्रकारको व्यवहारलाई एकदमै सकारात्मक मानेका थिए । तर यस्ता अनुभवहरू भिन्न-भिन्न थिए । अन्य प्रभावितहरूले उनीहरूलाई बारम्बार प्रश्न गरिएको, प्रभावित बालबालिकालाई थप मनोवैज्ञानिक आघात पुग्ने गरी असंवेदनशील तरिकाले अन्तर्वार्ता लिइएको र सान्दर्भिक हुने विस्तृत विवरण सुनाउन रोकिएको अनुभव पनि सुनाएका थिए ।
- बालिकाहरूले जाहेरी दरखास्त दर्ता गर्दाको समयमा **आफूलाई सोधिएको प्रश्न आफूले सधैँ नबुझेको** कुरा पनि बताएका थिए । सरोकारवालाहरूले प्रहरी चौकीको अपरिचित वातावरण र चौकीमा बर्दीमा उपस्थित हुने प्रहरीबाट पहिले नै डराउने बालबालिकाका लागि जाहेरी दरखास्तको प्रक्रिया एकदमै चुनौतीपूर्ण हुने कुरा बताएका थिए । यस्तो अवस्थाले गर्दा कहिलेकाहीँ बालबालिकाले सान्दर्भिक हुने सबै जानकारीहरू बताउन नसक्ने कुरा पनि बताइएको थियो ।

- **धेरै प्रहरी चौकीहरूमा प्रभावितहरूलाई जाहेरी दरखास्त लेख्नका लागि 'कानूनी अभिकर्ता'कोमा पठाउने अभ्यास** रहेको पाइयो । कानूनी अभिकर्ताहरू इजाजतप्राप्त कानूनी लेखनदासहरू हुन् जसले शुल्क लिएर जाहेरी दरखास्त लेख्ने सेवा प्रदान गर्दछन् । यद्यपि, कानूनतः जो कोहीले पनि कुनै पनि मुद्दा दर्ता गराउन सक्छन् र त्यसको दर्ताका लागि प्रहरीहरू जिम्मेवार हुन्छन् । प्रहरीले बाल यौन शोषणका घटना (अन्य घटनाहरू समेत)का लागि 'कानूनी अभिकर्ता'को प्रयोग गर्ने बलियो अभ्यास विकास गरेको छ । यसका बारेमा प्रस्तुत गरिने सबैभन्दा साझा तर्क भनेको दरखास्त लेख्नका लागि कि त प्रहरी धेरै नै व्यस्त हुन्छन् भन्ने हो वा कुनै पनि घटनाका बारेमा पछि अनुसन्धानमा जाँदा प्रहरी पूर्वाग्रही भएको आरोप लाग्न सक्ने भय हो । पूर्वाग्रही हुने उदाहरणमा प्रहरीले अनुसन्धानले गति लिएपछि प्रभावितहरूले आफ्नो बयान फेर्न सक्ने र जाहेरी दरखास्तलाई सही ढङ्गले पूर्णता नदिएको भनी प्रहरीलाई आरोप लगाउने गरेको कुरा प्रहरी अधिकारीहरूले बताएका थिए । प्रभावित र पीडकबीचको तनावपूर्ण स्थितिको दौरान अनुसन्धानमा प्रहरीको भूमिकाको राजनीतिकरणले गर्दा धेरै अधिकारीहरूलाई प्रभावितको जाहेरी दरखास्त आफैँ लेख्दा अनुसन्धान गर्ने निकायको रूपमा उनीहरूको भूमिकामा सम्भावित द्वन्द्व पैदा हुने दृष्टिकोण धेरै प्रहरी अधिकारीहरूको रहेको पाइयो ।
- **जाहेरी दरखास्त लेख्नका लागि लिइने शुल्क,** केही अपवादमा बाहेक, जाहेरी दरखास्त लेख्नमा सहयोग गर्नेले लिएका थिए । यसरी लिइने शुल्क भिन्न-भिन्न थियो तर यो शुल्क मानसिक आघात बेहोरिरहेका प्रभावितहरू तथा तिनका परिवारले गर्नुपर्ने खर्चको लामो सूचीको सुरुवाती खर्च हो । अनुभवी मुख्य सूचनादाताहरूले प्रभावितको मुद्दाका लागि यो सुरुवाती खर्चको महत्वलाई औँल्याएका थिए । उनीहरूका अनुसार जाहेरी दरखास्त जति सशक्त भयो प्रभावितको मुद्दा पनि उत्तिकै सशक्त हुन्छ र यदि जाहेरी दरखास्त स्पष्ट वा विस्तृत नभएमा मुद्दाको अनुसन्धान सही तरीकाले हुन सक्दैन ।
- प्रभावितहरूले **आफ्नो परिचय गोप्य राख्न अनुरोध गरेमा उनीहरूलाई कुनै अर्कै नामले वा जाहेरी दरखास्तमा कुनै अङ्कको प्रयोग गरेर जनाउ गर्न सकिने विषय प्रायः प्रभावितहरूलाई थाहा नभएको वा प्रहरीद्वारा थाहा नदिइने गरेको पाइयो** । मुख्य सूचनादाताहरूसँग गरिएको अन्तर्वार्ताले यस्ता सम्भावनाका विषयमा अधिकांश प्रहरीले प्रभावितहरूलाई जानकारी नगराउने र प्रभावितहरूलाई अर्कै नाम दिइएको खण्डमा पनि यी नामहरूको प्रयोग अनुसन्धानको दौरान नियमितरूपमा नगरिने जसले गर्दा प्रभावितको वास्तविक परिचय बाहिरिने र प्रभावितहरूलाई थप लज्जाबोध हुने गरेको अनुसन्धानले देखाएको छ ।
- **प्रभावित र पीडकबीच आमने-सामने हुँदा विवादलाई निवारण गर्न प्रहरी चुकेको अवस्था**ले प्रभावितमा थप तनाव बढाइदिन्छ । पीडक तथा पीडकका मान्छेहरू प्रहरी चौकी बाहिर उपस्थित हुँदा प्रभावित बालबालिकाका लागि प्रहरी चौकीको अनुभव पीडादायी हुन्छ किनभने यस्तो उपस्थितिले प्रभावितको सुरक्षामा खतरा उत्पन्न हुन्छ । एउटा अर्को घटनामा, प्रहरीले अन्जानमा प्रभावित र पीडकलाई एकै ठाउँमा उपस्थित गराएको थियो जसले प्रभावितलाई धेरै नै तनाव दिएको थियो ।

## उनीहरूको आफ्नै शब्दमा

> *'म एकदम डराएकी थिएँ, आत्तिएकी थिएँ किनभने मैले पहिले कहिल्यै प्रहरीलाई भेटेकी थिइन ।'*

> *'म डराएकी थिएँ किनभने यो ठाउँ (प्रहरी चौकी) मा मान्छेहरू काम बिगारेर मात्रै आउँछन् जस्तो मलाई लाग्थ्यो ।'*

> *'मैले बुझेको बेलाबाहेक अरू बेला म बोलिन ।'*

> *'मेरो बारेमा अरूले के सोचिरहेका होलान् जस्तो लागि रा'को थियो ।'*

## व्यवधानहरू चिर्ने संरक्षक समूह नेपालको प्यारालिगल कार्यपद्धति

जाहेरी दरखास्त लेखनका लागि शुल्क लिने तेस्रो पक्ष आवश्यक पर्ने अभ्यासले खडा गरेका उल्लेखनीय व्यवधानलाई पहिचान गर्दै, संरक्षक समूह नेपालको कार्यक्रमले तालिमप्राप्त महिला पारालिगल कार्यकर्तालाई आफ्नो कार्यक्रम क्षेत्रका प्रहरी चौकीहरूमा खटाउँछ । यस्तो पद्धतिले न्याय प्राप्त गर्न आएका महिला तथा बालिकाहरूमा प्रहरी चौकीको वातावरणको कारणबाट उत्पन्न हुने भय र हिचकिचाहटलाई निवारण गर्दै सहयोगी वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ । यी पारालिगल कार्यकर्ताहरूले प्रभावितहरूलाई जाहेरी दरखास्त निःशुल्क लेखी दिएर र धैर्यता र समानुभूति जनाउँदै सुन्ने र जानकारी संकलन गर्ने सीपमार्फत् जाहेरी दरखास्तको प्रक्रियामा र कहिलेकाहीँ अनुसन्धानका चरणहरूमा समेत मार्गनिर्देशन गर्ने गरेका छन् । यो कार्यक्रमलाई सहभागी हुने प्रहरी चौकीहरूले सकारात्मक रूपमा लिएका छन् र अनुसन्धानको क्रममा समेत यो कार्यक्रम प्रभावकारी तथा फाइदाजनक भएको बताइएको छ ।

## दोस्रो चरण: जाहेरी दरखास्तको रसिद सकंलन

- **प्रभावितलाई आफूले दर्ता गरेको मुद्दालाई पछ्याउनका लागि जाहेरी दरखास्तको रसिद संकलन गर्नुपर्छ भन्ने विषयमा प्रायः जानकारी हुँदैन ।** यो कुरा अध्ययनका दौरान परामर्श गरिएका कानूनविज्ञहरूसँग गरिएको कुराकानीबाट बाहिर आएको थियो ।

- **धेरै प्रभावितहरूलाई जाहेरी दरखास्तको रसिद दरखास्त दिएकै दिन संकलन गर्न नमिल्ने भनिएको थियो,** जसले उनीहरूलाई आफ्नो मुद्दाका बारेमा बुझ्न मन लागेमा फेरि प्रहरी चौकी फर्कन बाध्य बनाएको थियो । जाहेरी दरखास्तको रसिद संकलन गर्न नसक्दा उनीहरूको उजुरी नै दर्ता नहुन वा हराउन सक्छ, र यो कुनै पनि मुद्दा दर्ता गर्नको लागि एक ठूलो व्यवधान हो ।

## प्रभावितहरूको आफ्नै शब्दमा

*‘मैले सजिलै उत्तर दिन सकिंन किनभने एकै पटक धेरै मान्छेले प्रश्न सोधिरहेका थिए, जसले गर्दा मलाई तनाव भइरहेको थियो । मलाई बताउन पनि मन लागेको थिएन ।’*

*‘मेरी साथीलाई सुनाएको जस्तो सबै कुरा सुनाउन सक्ने अवस्था थिएन । म डराएकी थिएँ र सबै कुरा बताउन सकिन ।’*

*‘प्रहरी चौकी बाहिर पीडकका चार जनामध्ये तीन जना मान्छे थिए । मलाई धम्क्याउनका लागि उनीहरू त्यहाँ बसिरहेका थिए – उनीहरूबाट जोगिएर ट्याक्सी भएको ठाउँसम्म पुग्नका लागि मैले लगाएको लुगा फेर्नु परेको थियो ।’*

### तेस्रो चरण: अनुसन्धान अधिकारीको पहिचान

- **अनुसन्धान गर्ने अधिकारीहरूमा सीपको कमी :** अध्ययनबाट कतिपय अनुसन्धान अधिकारीहरूमा लैङ्गिकता/बालबालिकाप्रति संवेदनशीलताको कमी उल्लेखनीय मात्रामा देखिएको थियो र केही घटनामा त प्रभावकारी र चुस्त तरिकाले अनुसन्धान गर्ने प्रतिबद्धताको पनि कमी देखिएको थियो । यो कुरा लक्षित समूह छलफलका सहभागी र मुख्य सूचनादाताहरूले बताएका थिए ।

## बाल यौन शोषणका मुद्दाहरूको अनुसन्धान

प्रभावितहरू, लक्षित समूह छलफलका सहभागी तथा मुख्य सूचनादाताहरूसँग गरिएको छलफलले अनुसन्धानका प्रत्येक चरणमा आएका नतिजाहरूलाई निम्न बमोजिम उल्लेख गरेका थिए ।

### चौथो चरण : प्रहरीद्वारा लिइने प्रभावितहरूको बयान र जिल्ला न्यायाधीशबाट प्रमाणीकरण

यो अध्ययनका लागि अन्तर्वार्ता लिइएका धेरैजसो प्रभावितहरूका अभिभावक वा परिवारका सदस्य प्रभावितको बयान संकलन गर्दाको समयमा उपस्थित थिए । प्रभावितको बयान संकलन गर्नका लागि लिइने अन्तर्वार्ता विभिन्न सहभागीहरूले बताएअनुसार ३० देखि ४० मिनेटसम्म चल्ने र बयानलाई अन्तिमरूप दिनका लागि चार दिन लाग्ने गरेको छ ।

प्रभावितहरूको बयानका लागि लिइने अन्तर्वार्ताको दौरान महिला र पुरुष प्रहरी अधिकारीहरूको व्यवहारको विषयमा मिश्रित अनुभव रहेको थियो । अन्तर्वार्ता लिनेहरूमध्ये पाँच जनाले उनीहरूलाई नडराउनु भन्दै प्रयोग गरिएका शब्दहरूको कारणले गर्दा प्रहरीको व्यवहार सन्तोषजनक र सहयोगी रहेको बताएका थिए र ती प्रभावितहरूले यो व्यवहारलाई एकदमै सराहना गरेका थिए । अन्य ६ जना सम्बन्धित प्रहरी अधिकारीहरूले बारम्बार एउटै प्रश्न सोधेको र कुनै-कुनै अवस्थामा अशिष्ट बोली वचन प्रयोग गरेको कारणले ती अधिकारीहरू असहयोगी रहेको बताएका थिए । यस्तो व्यवहारले पीडित बालबालिकालाई झनै तर्साएको थियो । बयानका लागि लिइने अन्तर्वार्तालाई अगाडि बढाउँदाको दौरान प्रभावितहरूको भावनात्मक अवस्था पनि मिश्रित रहेको बताइएको थियो । केही प्रभावितहरूले आफू तनावमा भएता पनि उनीहरूका लागि कार्यरत प्रहरीप्रति विश्वास गरेको कुरा बताएका थिए, तर बयानको क्रम अघि बढेसँगै अनिश्चितता र डरको भावना पनि उत्पन्न भएको थियो ।

प्रभावितहरूले बयान संकलन गर्ने प्रक्रियाको दौरान सामना गरेका केही खास चुनौतीहरू निम्न रहेका छन्:

- अन्तर्वार्ताको दौरान प्रहरी चौकीमा पीडक प्रभावित नजिकै रहनु,
- लामो समयसम्म पर्खनु पर्दा खाजाको खर्च आफैं बेहोर्नु पर्ने अवस्था जसले प्रभावित बालबालिकाका लागि तत्कालिक राहत र सहयोग प्राप्त नभएको अवस्थालाई उजागर गर्दछ ।
- बयान लिने प्रक्रियामा लाग्ने लामो समय, र बयान लिने क्रममा प्रहरी अधिकारीहरूले असंवेदनशील शब्दको प्रयोग गर्नु र अभद्र व्यवहार देखाउनु, र
- प्रहरी चौकीमा बारम्बार धाइरहनु पर्ने अवस्था

## पाँचौँ चरण : स्वास्थ्य परीक्षणलगायतको अनुसन्धान

अनुसन्धानको दौरानमा प्रमाणको संकलन एक मुख्य चुनौतीको रूपमा रहेको थियो जसलाई माथि उल्लेख गरिएझैं पीडकहरूले गर्ने हस्तक्षेपले झनै गाह्रो बनाउने गरेको पाइयो । यौन शोषणका घटनाविरुद्ध उजुरी गर्न हुने ढिलाइले प्रमाणको संकलनमा गम्भीर असर पुऱ्याउन सक्छ । यस्तो ढिलाइ हुनुको कारण अनिर्णय, चेतनाको कमी वा प्रहरी चौकीसम्म पुग्न लाग्ने समय हुन् भन्ने पाइएको छ । साथै, अनुसन्धानका व्यवधानहरूको रूपमा पहिचान गरिएका मुख्य व्यवधानहरू निम्न छन् :
(१) प्रमाण संकलन गर्नका लागि आवश्यक पर्ने प्राविधिक विषयविज्ञता भएका प्रहरीको सीमित उपलब्धता, (२) बयानलाई पुष्टि गर्ने राम्रो गुणस्तरका प्रमाणको प्रकारका बारेमा स्पष्टताको कमी, र (३) प्रभावकारीरूपमा अनुसन्धान गर्नका लागि आवश्यक पर्ने स्रोत तथा उपकरणको कमी (मुख्य सूचनादाताहरूसँग काठमाडौंमा लिइएको अन्तर्वार्तामा व्यक्त गरिएको अभिमतअनुसार) । यी सबै व्यवधानहरूले गर्दा कुनै पनि प्रभावितको मुद्दालाई बलियो बनाउन "भनेको सुनेको" कुराको रूपमा आउने प्रमाणमा मात्रै निर्भर रहने प्रवृत्ति प्रहरीमा रहेको छ । यी पक्षहरूले अर्को महत्वपूर्ण पक्षका लागि आवरण तयार गरिदिन्छन् : (४) विस्तृत अनुसन्धानको सुनिश्चितता गर्नका लागि प्रमाण संकलन गर्ने विषयमा केही प्रहरीहरूमा हुने अपर्याप्त प्रतिवद्धता ।

लक्षित समूह छलफल र मुख्य सूचनादाताहरूसँगको अन्तर्वार्ताको दौरान, प्रहरीहरूले विशेषगरी बेचबिखनको मुद्दामा अनुसन्धानका लागि उपलब्ध गराइने २८ दिनको समय  उचित अनुसन्धानका लागि अपर्याप्त हुने कुरा बताएका थिए । प्रभावितले दर्ता गराएको कुनै पनि मुद्दाको अनुसन्धानको अवस्थाका बारेमा प्रभावितलाई जानकारी गराइनु पर्ने कानूनी व्यवस्था रहेको छ, तर यो व्यवस्थाको पालना गरिएको देखिदैन ।

## चिकित्सकीय प्रमाण संकलन गर्ने प्रक्रियामा प्रभावितको अनुभव

जाहेरी दरखास्त दर्ता गराएका सबै प्रभावितहरूको स्वास्थ्य परीक्षण गरिएको थियो । यीमध्ये आधाभन्दा बढी प्रभावितहरूले अस्पतालमा चिकित्सक तथा नर्सहरूले दिएको प्रोत्साहनको आधारमा बालमैत्री वातावरण रहेको कुरा बताएका थिए । स्वास्थ्यकर्मीहरू प्रायः महिला थिए र यी महिला स्वास्थ्यकर्मीहरूले पनि राम्रो व्यवहार गरेका थिए । स्वास्थ्य परीक्षणका लागि लागेको समय भिन्न-भिन्न रहेको थियो, एक घण्टाभन्दा कमदेखि सात घण्टासम्मको समय लागेको थियो । यसरी लामो समय लाग्नुको कारण अस्पतालमा चिकित्सकको कमीले गर्दा वा परीक्षण गर्नुपर्ने अन्य प्रभावितहरू पनि अस्पतालमा रहेकोले गर्दा हो । यो अवस्थामा पनि, गैससका प्रतिनिधि वा प्रहरीको उपस्थितिले स्वास्थ्य परीक्षणको प्रक्रियामा गति दिन सहयोग पुऱ्याएको भन्ने भनाइ रहेको थियो, र केही प्रहरी अधिकारीहरूले प्रभावितलाई स्वास्थ्य परीक्षणका लागि अस्पतालसम्म आफैं पुऱ्याउन गएको उदाहरणहरूलाई पनि सहयोगी व्यवहारको रूपमा प्रशंसा गरिएको थियो । प्रभावितहरूका अनुभवबाट आएका अन्य परिणामहरू निम्न रहेका छन् :

- **अस्पतालको वातावरण :** प्रभावितलाई अस्पतालसम्म लानका लागि सहयोगी संस्था साथ लागेर गरेको सहयोगले स्वास्थ्य परीक्षणको समयमा बालबालिकालाई उल्लेखनीयरूपमा सान्त्वना दिएको पाइएको थियो । यसैगरी, स्वास्थ्यकर्मीहरूले बालबालिकालाई पुनः पीडामा पार्ने गरी प्रश्न सोधेनन्, बरु उत्तर दिनका लागि प्रोत्साहन गरेका थिए । तर केही सहभागीहरूले पुरुषहरूको उपस्थिति हुँदा र गोपनीयताको सुनिश्चितता नहुँदा असहज महसुस गरेका थिए ।

- **सेवाप्रदायकको प्रवृत्ति (Attitude) :** चिकित्सकलगायतका अधिकांश स्वास्थ्य सेवाप्रदायकहरूको व्यवहार भद्र र बोली नम्र रहेको कुरा सहभागीहरूले बताएका थिए । यी स्वास्थ्यकर्मीहरूलाई सहभागीहरू बेचबिखनबाट प्रभावित भएको कुरा पनि थाहा नभएको जस्तो देखिएको बताएका थिए । तर केही अवस्थामा उनीहरूको व्यवहार रुखो पनि रहेको थियो ।

- **स्वास्थ्य परीक्षण गर्ने समयमा गरिएको सहयोग :** परिणामहरूले परीक्षणका बेलामा सहभागीहरूको साथमा प्रहरी र अभिभावक, साथी वा आफन्तको उपस्थितिले बालबालिकाको खुलेर बोल्ने क्षमताको सबलीकरणका लागि महत्वपूर्ण योगदान रहेको कुरा इङ्गित गरेको छ ।

- **स्वास्थ्य परीक्षणपछिको मनोसामाजिक परामर्शको उपलब्धता :** स्वास्थ्य परीक्षणपछिको परामर्श उपलब्ध छैन । केही उदाहरणहरूमा डाक्टरहरू आफैँले “नम्र र प्रेरणादायी” तरीकाले प्रभावितको अनुभवका बारेमा परामर्श दिएको जस्तै गरी कुराकानी गरेका थिए, यस्तो कुराकानी ३० मिनेटभन्दा कम समयसम्म गरिएको थियो तर यस्तो कुराकानीलाई परामर्श भन्न नमिल्ने भनिएको थियो ।

## चरण ६: अनुसन्धानको प्रतिवेदन तयारी र सरकारी वकिलसमक्ष बुझाउने

- पाँच जना मुख्य सूचनादाताहरूले सरकारी वकिलसमक्ष अनुसन्धानको प्रतिवेदन बुझाइएपछि प्रहरीसँग समन्वय नहुनुका साथै मुद्दालाई उपेक्षा गरिने गरेको  कुरा प्रकाश पारेका थिए । यसले मुद्दा अगाडि बढाउने क्रममा सरकारी वकिल र प्रहरी बीच आवश्यक समन्वयको अभाव रहने गरेको तथ्यलाई उजागर गरेको थियो ।

## घटना अध्ययन ३ कः

### पीडकबाट निरन्तररूपमा गरिएको दुर्व्यवहारपछि सुरक्षित आश्रयदाताको रूपमा सेवाप्रदायकहरू :

धृति (परिवर्तित नाम) छोरा पाउन एकदमै व्याकूल रहेको परिवारकी सात छोरीमध्ये साइँली छोरी हुन् । उनी सुदूरपश्चिमको दुर्गम जिल्लामा बस्छिन् । धृति पिछडिएका दलित परिवारकी छोरी हुन् र १४ वर्षको उमेरमा उनकी छिमेकीले घरमा खाना पकाउने र सफाइको काम गरेबापत पढाइ दिने सर्तमा काठमाडौँ ल्याए । तर वास्तविकता अर्कै निस्कियो । धृतिले आधा रातसम्म काम गर्नुपर्थ्यो र नियमित विद्यालय जान दिइँदैनथ्यो । उनी महिनामा दुई पटक मात्रै विद्यालय जान्थिन् र परीक्षा मात्रै दिन पाउँथिन् । तर पनि, राम्रो विद्यार्थी भएकोले धृति कक्षामा तेस्रो वा चौथो स्थानमा परीक्षा उत्तीर्ण हुन्थिन् ।

तर उनले काम गर्ने घरमा उनलाई मौखिक तथा यौन दुर्व्यवहार गरिन्थ्यो । उक्त घरमा ६ महिनासम्म बसेपछि, घरका 'अङ्कल'ले उनलाई भिन्न नजरले हेर्न थाले, उनको हात र खुट्टा बारम्बार छुन थाले । धृतिले यसबारेमा 'आन्टी'लाई सुनाइन्, तर आन्टी उल्टै रिसाइन् । उक्त घरमा १० महिना बसेपछि, अङ्कलले उनको बलात्कार गरे । अङ्कलले यदि उनको महिनाबारी रोकियो भने औषधी ल्याएर दिने कुरा बताए । भोलिपल्ट अङ्कलले केही औषधी ल्याएर धृतिलाई जबरजस्ती खान लगाए र फेरि बलात्कार गरे । अङ्कलले घटनाको बारेमा कसैलाई बताएमा कि त धृतिलाई नै मारिदिने कि त घृतिको बुबालाई मार्ने वा आफू आत्महत्या गर्ने भनेर धम्क्याए । त्यसपछि त यौन दुराचार नियमित नै भयो ।

यौन दुर्व्यवहारको सिकार भएको एक वर्षपछि, धृतिले आफूले सहनु परेको दुर्व्यवहारका बारेमा आफ्नी एक साथीलाई सुनाइन् । उनकी साथीले विद्यालयका एक जना परामर्शकर्तालाई सबै कुरा बताइन्, जसले उक्त कुरा एक गैससमा उजुरी गरिदिए र विद्यालयबाट धृतिको उद्धार गरियो । गैससका अधिकारीको सहयोगमा प्रहरी चौकीमा एक जाहेरी दरखास्त दर्ता गरियो । एक जना पुरुष प्रहरी अधिकारीले धृतिलाई जाहेरी दरखास्त लेख्न सहयोग गरे र प्रहरीले यो प्रक्रियाभरि नम्र व्यवहार गरे, र बेलाबेलामा उनले लेखेको ठीक छ कि छैन भनेर सोध्थे ।

तर पनि प्रहरी चौकी बाहिरको वातावरण भने असहज थियो । पीडकका तीनदेखि चार जना समर्थकहरू उनलाई धम्क्याउनका लागि प्रहरी चौकी बाहिर पर्खेर बसेका थिए । जब उनलाई र पीडक र पीडकको घर पहिचान गर्नका लागि प्रहरीको भ्यानमा राखेर लगियो, तर उनी त्यहाँबाट भागिन् किनभने प्रहरीले पीडक र उनलाई एउटै भ्यानमा राखेर प्रहरी चौकी ल्याउन लागेको थियो । पछि उनी आफैँ चौकी पुगिन् ।

धृतिको स्वास्थ्य परीक्षणमा विस्तृतरूपमा जानकारी मागिएको थियो र जानकारी संकलन गर्दा प्रोत्साहन गर्दै सकारात्मक व्यवहार गरिएको थियो । उक्त प्रक्रिया २० मिनेटमा सकिएको थियो तर कुनै पनि प्रकारको परामर्श दिइएको थिएन । तर प्रभावित बालिकाको बयान प्रहरी चौकीमा लिन सम्भव भएन किनभने पीडकका समर्थकहरू ठूलो सङ्ख्यामा प्रहरी चौकी बाहिर उपस्थित थिए । फलतः प्रभावित बालिकाको बयान टिचिङ्ग हस्पिटलमा लिइएको थियो । यो प्रक्रियाभरि गैससका तीन कर्मचारी (दुई महिला, एक पुरुष) धृतिलाई परामर्श तथा आवासको सहयोग गर्न उपस्थित थिए ।

यही बेलामा, पीडकले धृतिको बाबुलाई फोन गरेर मुद्दालाई रोक्नका लागि २ लाख दिने प्रस्ताव गरे । धृतिको बाबु अन्ततः काठमाडौँ आए र घृतिलाई मुद्दा रोकेर घर फर्कनका लागि मनाउन खोजे, र यही कुरा अदालतमा पनि भने । धृतिले आफ्नो बुबाको आग्रहलाई अस्वीकार गरिन् ।

## ख) न्यायिक क्षेत्रका जिम्मेवार निकाय : न्यायिक कारबाही र न्याय प्राप्तिका लागि जिम्मेवार अधिकारीहरू

यो अध्ययनबाट प्राप्त नतिजाहरूमध्येको एउटा प्रमुख नतिजामा प्रभावितहरूको न्याय प्राप्तिको क्षमतामा न्याय क्षेत्रका अधिकारीहरूको मानसिकता, व्यवहार र प्रवृत्तिले व्यापक प्रभाव पार्दछ भन्ने रहेको छ। लक्षित समूह छलफलका सहभागी तथा प्रमुख जानकारहरूले न्यायिक कारबाहीमा पितृसत्तात्मक मूल्य मान्यताले पार्ने व्यापक प्रभावको पहिचान गरेका थिए। यो पूर्वाग्रहलाई यौन शोषणका घटनाप्रति न्यायिक संयन्त्रले देखाउने अनिच्छा तथा सुस्तताले झनै सघन बनाइदिन्छ। वादीहरूका लागि सम्पूर्ण प्रक्रिया खर्चिलो र झन्झटिलो बनाउने गरी केही मुद्दाहरूको अन्तिम फैसला आउनका लागि १४–१५ वर्षसम्म लागेको अवस्थालाई विवेचना गर्दा यो तर्क गर्न सकिन्छ। बालबालिकाविरुद्धका यौन अपराधप्रति न्यायिक पदाधिकारीहरूमा रहेको व्यापक उदासीनता समग्र प्रणालीलाई नै नकारात्मक प्रभाव पार्ने तत्वको रूपमा पहिचान गरिएको छ। यस्तो अवस्थामा प्रणालीमा रहेको न्यून कार्यदक्षता र भ्रष्टाचारले आगोमा घ्यू थप्ने काम गरेको छ।

न्यायिक कारबाहीहरू प्रभावित केन्द्रित बनाउनका लागि कानूनी प्रयत्नहरू गरिएका छन् तर अध्ययनका सहभागीहरूले यी प्रयत्नहरूको कार्यान्वयन प्रभावकारी नरहेको बताएका छन्।

यो अवस्था र न्याय सम्पादनमा ढिलाइ हुने गरी न्यायिक कारबाहीका लागि लाग्ने लामो समयले सरोकारवालाहरूले न्यायिक प्रक्रियाप्रतिको आम रूपमा विद्यमान अविश्वासलाई बढावा दिएको बताएका थिए। यसले अन्ततोगत्वा समग्ररूपमा न्याय प्रणालीप्रति नै अविश्वास पैदा गरिदिन्छ। यो अविश्वासमा कानूनी प्रक्रियाका लागि लाग्ने खर्च (यातायात, खाना तथा आवास र प्रक्रियालाई सहजीकरण गरिदिन्छु भनेर आउने दलालको शुल्क, र प्रहरी चौकी र अदालत बारम्बार धाउनका लागि लाग्ने खर्च) थपिएपछि, न्याय प्राप्त गर्न खोज्ने प्रभावित र परिवारहरू प्रायः समुदाय स्तरमा हुने मध्यस्थतामा चित्त बुझाउन बाध्य बन्छन्। क्षतिपूर्तिका विषयमा लक्षित समूह छलफल तथा मुख्य सूचनादाताहरूसँग गरिएको छलफलमा उनीहरूले कानूनी प्रक्रियाप्रतिको अविश्वासको श्रृंखला प्रहरी अनुसन्धानका प्रारम्भिक चरणहरूमा नै सुरु हुन्छ, मुद्दाको ढिलाइ "मुद्दा दर्ता गर्दा लाग्ने दुई तीन दिनको समय" वा कानून व्यवसायीहरूले गर्ने मोलमोलाइ र अदालतमार्फत् मुद्दाको फैसला हुनुअघि नै मुद्दा मिलाउने कार्यबाट मुद्दाले सही दिशा गुमाउन थाल्छ भनेका छन्।

तल प्रस्तुत गरिएका सामग्रीले प्रभावितको अनुभव, लक्षित समूह छलफल र मुख्य सूचनादाताहरूसँग गरिएको अन्तर्वार्ताबाट आएका अन्य मुख्य परिणामहरूको व्याख्या गरेको छ। यी अनुभवहरू न्यायिक प्रक्रियामा हुने व्यवहारसँग सम्बन्धित रहेका छन्।

> *'पीडितहरूले पूर्ण न्याय नपाउनुको एउटा कारण न्यायका सम्बन्धमा न्यायसम्पादन प्रणालीभित्र रहेकाहरू गम्भीर नहुनु हो। 'म कसैलाई न्याय दिँदै छु' भन्ने चेतनासहितको गाम्भीर्यता नै छैन। प्रणालीभरि अधिकारको सचेतनाको कमी र भावशून्यताले डेरा जमाएर बसेको छ।'*
>
> ***मुख्य सूचनादाता अन्तर्वार्ताका एक सहभागी***

## घटना अध्ययन ३ ख :

### न्यायिक प्रक्रियामा अधिकार बाहकहरूको महत्व कम हुने

न्यायिक प्रक्रिया धृतिको अनुभवमा असहज र असहयोगी रहेको थियो । उनलाई बारम्बार असंवेदनशील तरिकाले प्रश्न सोधिएको थियो, थप पीडाको रोकथामका लागि उपलब्ध संयन्त्रहरूको प्रयोग गर्न चुकेको थियो र प्रभावितलाई सुरक्षा उपलब्ध गराइएको थिएन । धृतिको बचाउ र सुरक्षाको व्यवस्था गरिएको थिएन । उदाहरणका लागि अदालतको नजिकै पीडकका समर्थकहरूले उनको कपाल लुछेका थिए र पीडक अदालतको ढोकैमा डर उत्पन्न गराउने गरी उभिने गरेको थियो । धृतिलाई सुरुमा सहयोग गरेका विद्यालयको परामर्शकर्ताले कालान्तरमा धृतिको अवस्थाको बारेमा अनभिज्ञता प्रस्तुत गरे, तर धृतिकी साथीले धाकधम्कीको बाबजूद धृतिलाई न्यायिक कारबाहीभरि साथ दिइन् । अदालत धृतिको अनुभवमा पुनरावेदन निर्दयी रहेको थियो, "सुनुवाइको दौरान पनि मलाई कसैले सुनेनन्, ....मैले बिस्तारै बुझें, जोसँग पैसा र शक्ति छ, सुनवाइ पनि उसैको हुन्छ ।" प्रतिवादीको कानून व्यवसायीले आन्टीलाई किन नसुनाएको र के अभियुक्तले उनलाई साँच्चै दुर्व्यवहार गरेका थिए भनेर सोधेका थिए । यस्तो प्रश्नले धृतिमा उल्लेखनीय मात्रामा चिन्ता सिर्जना गरिदियो, "उनीहरूले मलाई तीन चार दिनसम्म किन लगातार प्रश्न गरे भनेर थाहा छैन, सायद, नियम त्यस्तै होला । मैले सबै कुरा कम्तीमा ५०/६० पटक संस्था, प्रहरी र वकिलहरूका अगाडि बताएँ ।"

धृतिको पीडकलाई दुई वर्षका लागि मात्रै जेल चलान गरिएको थियो र मुद्दालाई पुनरावेदन अदालतमा दर्ता हुँदा रिहाइ भयो । पुनरावेदनपछि धृतिलाई दिइने क्षतिपूर्ति बापतको रु २५,००० रकमको निर्णय बदर भयो, र उनलाई अहिले परिवारको सहयोग पनि छैन, र उनी आफू हेपिएको महसुस गर्छिन् । पीडकको रिहाइ भएपछि आफ्नो सुरक्षा बारे धृतिलाई डर लाग्ने गरेको छ ।

## सातौं चरण : अभियोगपत्र दर्ता

सरकारी वकिलहरूले उपयुक्त कानूनी प्रावधानहरूलाई अभियोगपत्रमा जोड्न चुक्ने गरेकाले बाल यौन शोषण र बेचबिखनका मुद्दाहरू कमजोर हुने कुरा कानूनविज्ञ तथा गैससका मुख्य सूचनादाताहरूले बताएका थिए ।

## आठौं चरण : अभियोजनको सुरुवात

जाहेरी दरखास्त दर्ता गराएका तेह्रजना प्रभावितहरूमध्ये, केवल पाँच जनाले मात्रै न्यायिक प्रक्रिया पूरा गरेको बताएका थिए । पाँच जना प्रभावितहरूको अदालती कारबाही सुरु भएको थिएन भने अन्य तीन जनाको मुद्दाको अवस्था अज्ञात थियो । यी अज्ञात भएका मुद्दाहरूबाट प्रभावितका कानून व्यवसायी र/वा सरकारी वकिलले पीडितलाई सुसूचित गर्न चुकेको प्रष्ट हुन्छ ।

यसरी सुसूचित गर्न चुकेको अनुभव न्यायिक प्रक्रियामा जोडिने अन्य प्रभावितहरू तथा सरोकारवालाहरूको साझा अनुभव हो । यसरी सुसूचित नहुनुको अनुभव पीडित तथा साक्षीको फाइदाका लागि विद्यमान व्यवस्थाहरूको लागू नहुने अवस्थाबाट सिर्जित भएको हो । यसका उदाहरणहरूमा पीडितहरूमा साक्षीको संरक्षणसम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५ का प्रावधान र क्यामरामा सुनुवाइ गर्ने, पीडितको संरक्षण, साक्षीको सहयोग र द्रूत अदालती कारबाही (fast tracking) जस्ता व्यवस्थासम्बन्धी चेतनाको कमी रहेका छन् । यसको मुख्य कारण जिम्मेवार निकायहरूले यस्ता प्रावधानहरूको कार्यान्वयन गर्न चुक्नु हो,[85] यसमा

[85] अध्ययन टोलीसँग छलफल गरिएका धेरै मुद्दामध्ये एउटा मुद्दामा मात्रै भिडियो अभिलेखनको प्रयोग भएको थियो ।

यस्ता सुविधाहरूको उपलब्धताको विषयमा जानकारी नगराउनु पनि पर्दछ । यो कुरा भाषा अनुवाद सेवा उपलब्ध गराउनु पर्ने व्यवस्थाको हकमा पनि लागू हुन्छ । धेरै प्रभावितहरूका मातृभाषा नेपाली थिएन र कानूनमा भाषा अनुवाद गर्ने स्पष्ट उल्लेख गरिएको हुँदाहुँदै पनि कुनै पनि प्रकारका अनुवाद सेवा उपलब्ध गराइएको थिएन । बाल यौन शोषणका घटनामा यस्ता व्यवस्थाहरू लागू गर्नुको महत्वलाई प्रभावित बालबालिकाले अदालतमा प्रक्रियाको दौरानमा गरिने साक्षीको बयान दिने बेला पीडकहरू नजिक उपस्थित हुँदा, अदालतभित्र र बाहिर उपस्थित हुँदा उनीहरूमा असामान्यरूपमा पैदा हुने सन्त्रासयुक्त अनुभवको विषय अध्ययनमा समेटिएको कुरा प्रतिवेदनको मुख्य नतिजाले उजागर गरेको छ । न्यायिक प्रक्रियाको यो चरणको प्रमुख व्यवधानको रूपमा प्रभावितहरू तथा साक्षीहरूविरुद्ध हुने सम्भावित जोखिमलाई रोक्ने र उनीहरूको अधिकार साथै सुरक्षालाई प्रत्याभूति गर्नेप्रतिको संवेदनशीलतालाई पहिचान गरिएको थियो । प्रभावितको सुरक्षाको प्रत्याभूति गर्नका लागि र उनीहरूले सामना गर्ने जोखिम र मानसिक आघातलाई न्यूनीकरण गर्न अदालतमा प्रहरीको उपस्थिति अपर्याप्त हुन्छ ।

अदालतमा बयान दिँदा, प्रभावितहरूले अदालतमा कानूनी सेवा प्रदायकहरूको व्यवहारलाई सकारात्मक र नकारात्मक दुवै हुने भनेर पहिचान गरेका थिए । यस अध्ययनको दौरान बालमैत्री वातावरण सिर्जना गर्न सहजीकरण गर्ने केही सरकारी वकिल वा कानून व्यवसायीको अनुभव बाहिर आएको थियो, तर समग्रमा प्रभावितहरूको अनुभव भने प्रायः असहज नै रहेको थियो । वास्तवमा, कानून क्षेत्रका मुख्य सूचनादाताहरूले बाल यौन शोषणका घटनामा पीडितले साक्षी बयान दिँदा सरकारी वकिल र न्यायाधीशहरू अदालतमा प्रायः उपस्थित नहुने कुरा बताएका थिए । यो जिम्मेवारीको पालना नगरिएको स्थिति हो जसले प्रभावितको आत्मबललाई कमजोर बनाउँछ र प्रक्रियाको दौरान पीडकबाट प्रभावितले झन् धेरै दबाबको सामना गर्नुपर्ने हुन्छ । बयान दिँदा आउने अन्य कठिनाइहरू निम्न रहेका छन् :

- प्रभावितहरूसँग बोल्ने र प्रश्न गर्ने विषयमा कानून व्यवसायीहरूको रुखो व्यवहार देखियो । यस्तो व्यवहारले प्रभावित बालबालिकामा डर र अनिश्चितताको त्रास बढाएको पाइयो ।
- अदालतभित्र र बयान लिने क्रममा पुरुषहरूको प्रधानता हुने गरेको पाइयो । उदाहरणका लागि एक जना सहभागीले बयान गर्ने बेला पुरुषको साटो महिला भएको भए उनको अवस्था अझ राम्ररी बुझ्ने थिइन् भनेर बताएकी थिइन् ।
- सरकारी वकिल तथा कानून व्यवसायीहरूमा पीडितलाई हतोत्साही बनाउने गरी धेरै र प्रायः दोहोऱ्याएर प्रश्नहरू सोध्ने प्रवृत्ति पाइयो । एउटा अत्यन्त अनुपयुक्त ढंगबाट प्रश्न गरिएको र न्याय क्षेत्रका कर्मचारीहरूको पितृसत्तात्मक व्यवहार देखिएको उदाहरण अध्ययन टोलीलाई सुनाइएको थियो । यहाँ, एउटा बाल यौन शोषणको घटनाका पीडितलाई न्यायधीशले यौन शोषणको दौरान भएको सम्पर्कमा के पीडितले 'यौनानन्द लिएको थियो' भनेर प्रश्न गरेका थिए । यस्तो गाह्रो अवस्थामा, प्रहरी, साथी, परिवारका सदस्य तथा गैससका सहयोगी प्रतिनिधिहरू अदालतमा उपस्थित हुनुलाई न्यायिक प्रक्रिया अघि बढाउने विषयमा प्रभावितका लागि महत्वपूर्ण सहयोग मानिएको थियो ।

## उनीहरूको आफ्नै शब्दमा

*'हामी एक दुई महिना पछि जिल्ला अदालत गयौँ । मलाई सबै जनाले हामीलाई नै हेरिरहेका छन् जस्तो महसुस भयो ।'*

*'एकदमै डरलाग्दो थियो । हाम्रै अगाडि पीडकलाई ल्याइएको थियो । जब हामी खाना खाएर फर्कियौँ, ऊ त ढोकाकै छेउमा बसिरहेको थियो ।'*

*‘सुरुमा वकिलले नम्र भएर मित्रवत व्यवहारमा प्रश्न सोधेका थिए । तर पछि जिल्ला अदालतमा पीडकका वकिलले एकदमै रुखो बोलीमा प्रश्न गरे र मलाई फेरि हिंसामा परेको जस्तो महसुस भयो । उनीहरूले मलाई सोधे, ‘तिमीले आन्टीलाई आन्टीको छोराले दुर्व्यवहार गरिरहेको कुरा किन सुनाएनौ ? के उनले तिमीलाई दुर्व्यवहार गर्न सक्थिन् ?’ मैले त्यो दिन खाना खान सकिन ।’*

काठमाडौँ र वरिपरिका क्षेत्रका अदालतमा उपस्थित भएकाहरूको बयानका लागि लागेको समयावधि ३० मिनेटदेखि १ घण्टासम्मको रहेको थियो भने ग्रामीण क्षेत्रका प्रभावितहरूको हकमा, बयानका लागि लाग्ने समय लामो हुने, धेरै समय लाग्ने र खर्चिलो हुन सक्ने समुदाय तथा जिल्ला तहका सरोकारवालाहरूले बताएका थिए । यसका अतिरिक्त कानूनविज्ञहरूले बताएअनुसार, कुनै पनि निरन्तर सुनुवाइलाई दुई महिनाभित्रमा गरिनुपर्ने हुन्छ तर वास्तविकतामा भने यसमा लाग्ने समय प्रायः अदालतका कर्मचारीको प्रवृत्ति र व्यवहारमा निर्भर रहन्छ ।

केवल एउटी प्रभावित बालिकाले अदालतमा उपस्थित हुनका लागि लाग्ने यातायात खर्च पाएको बताएकी थिइन्, तर उक्त व्यवस्था प्रहरीको तर्फबाट वा विद्यमान कानूनको व्यवस्थाअनुरूप भएको थियो भन्ने विषय भने अस्पष्ट नै रहेको थियो ।

## नवौँ चरण : फैसला, सजाय तथा क्षतिपूर्ति

अदालती कारबाही सुरु भएको पाँचवटा मुद्दामध्ये, सबै पाँचवटै मुद्दामा आरोप प्रमाणित भएको थियो र दुई जना अभियुक्तहरूलाई आठदेखि १५ वर्षसम्मको कैद सजाय भएको थियो भने अन्य तीन मुद्दामा तोकिएका सजायहरूका विषयमा कुनै जानकारी उपलब्ध थिएन । तर यीमध्येको एउटा फैसला पुनरावेदनमा उल्ट्याइएको थियो, जसले गर्दा पीडकले दुई वर्षको मात्रै जेल सजाय भुक्तान गरेपछि निजको रिहाइ भएको थियो । फैसला र सजायका बारेमा मुख्य सूचनादाताहरूसँग गरिएको छलफलमा बाल यौन दुर्व्यवहारका घटनासम्बन्धमा गरिने फैसला र सजायमा पनि पितृसत्तात्मक सोचको दबदबा रहने कुरामा पुनः जोड दिइएको थियो यसका साथै यी मुद्दाहरूमा पनि पितृसत्तात्मक सोच प्रतिबिम्बित भएको बताइएको थियो ।

## घ) पुनर्स्थापकीय न्यायमाथिको पहुँच : न्याय प्राप्तिको मार्ग तब सकिन्छ जब क्षतिपूर्तिको प्रक्रिया सुरु हुन्छ

नेपालमा अपराध पीडितका लागि क्षतिपूर्तिको पहुँचका विषयमा हालै गरिएको एक अध्ययनले निम्न निष्कर्ष निकालेको छ ।

> *धेरै मुद्दाहरूमा क्षतिपूर्तिको माग गरिएको हुन्छ, तर पीडितहरूमा क्षतिपूर्ति प्राप्त गरेको कुनै अनुभूति हुँदैन किनभने क्षतिपूर्तिको रकम मुद्दा किनारा नलाग्दासम्म उपलब्ध हुँदैन र मुद्दा किनारा लाग्नका लागि वर्षौं लाग्न सक्छ ।''* [86]

यो निष्कर्षलाई नै समर्थन गर्ने गरी, यस अध्ययनका सहभागीहरूमा पनि क्षतिपूर्तिप्रतिको अपेक्षा एकदमै न्यून थियो ।

पहिलो, समुदाय तहका सरोकारवालाहरूमा क्षतिपूर्तिसम्बन्धी विषयका बारेमा चेतना कम रहेको जस्तो प्रतीत हुन्थ्यो । एउटा लक्षित समूह छलफलमा मात्र उनीहरूले क्षतिपूर्तिको विषय पुनर्स्थापकीय न्याय कै एउटा भाग हो भन्ने कुरा उठान गरेका थिए ।

यसका अतिरिक्त क्षतिपूर्तिको माग दाबी गर्ने क्रममा रहेको जटिल प्रक्रिया नै माग दाबी गर्ने कार्यमा प्रमुख व्यवधानको रूपमा देखिन्छ । कुनै पनि मुद्दाको अन्तिम फैसला भएपछि पीडकको सम्पत्तिबाट क्षतिपूर्ति दिलाउनका लागि पीडितले निवेदन दिनुपर्ने अदालती प्रक्रियाको समस्याले क्षतिपूर्ति उपलब्ध गराउन ढिलाइ हुने गरेको छ ।[87] प्रायः लामो हुने कानूनी प्रक्रियाको अर्थ यो समयावधिसम्म प्रायः प्रभावितहरू सम्पर्क बाहिर पुगिसकेका हुन्छन् र पीडितलाई क्षतिपूर्ति हस्तान्तरण गरिएको वा नगरिएको भन्ने विषयमा अनुगमन गर्ने व्यवस्थित अभिलेख छैन । अझ महत्वपूर्ण पक्ष भनेको प्रभावितहरू प्रायः नयाँ ठाउँमा बसाइसराइँ गरेर नयाँ जीवनको सुरुवात गरिसकेका हुन्छन् र पुरानो घाउ कोट्याउँदा आउने लाञ्छनाका लागि उनीहरू सम्झौता गर्न इच्छुक बन्दैनन् । यही कारणले गर्दा धेरै प्रभावितहरूलाई आफ्नो मुद्दाको अवस्थाका बारेमा थाहा हुँदैन र अन्तर्वार्ता लिइएको एक जना प्रभावितलाई त क्षतिपूर्ति पाइन्छ भन्ने कुरा पनि थाहा थिएन । एक अर्को घटनामा, पीडकको क्षतिपूर्ति पाउने योग्यतालाई पुनरावेदनले उल्टाउन सफल भएको थियो ।

क्षतिपूर्ति लिनका लागि यो व्यवधानलाई थप जटिल बनाउने तथ्य 'क्षतिपूर्तिको मागदाबी गरिएको खण्डमा पनि, न्यायसम्पादन गर्ने अधिकारीहरूमा रहेको पितृसत्तात्मक सोच र बाल यौन शोषणका घटनालाई गम्भीरतापूर्वक लिन स्वीकार नगर्ने प्रवृत्तिका कारण उपलब्ध गराइने क्षतिपूर्तिको रकम पनि एकदमै थोरै हुन्छ र यस्तो क्षतिपूर्ति पुनर्स्थापकीय कदापि हुन सक्दैन' भन्ने हो । मुख्य सूचनादाताहरूको रायमा, न्यायधीशहरूमा यौन दुर्व्यवहार वा बेचबिखनका प्रभावितहरूको पूर्ण हानिलाई निरूपण गर्नका लागि नेरु ५०,००० देखि १,००,००० सम्मको रकम यथेष्ट हुन्छ भन्ने धारणा रहेको छ । यसले यौन शोषणबाट प्रभावितको मानसिक तथा शारीरिक स्वास्थ्यमा जीवनभरि पार्ने असरलाई मात्रै नभई यौन शोषणको सही सामाजिक तथा आर्थिक लागतलाई पनि स्पष्टरूपमा नगन्य बनाउने काम गर्छ । यसले निश्चितरूपमा निर्णयकर्ताहरूमा जागरूकता र संवेदनशीलताको कमी रहेको कुरा प्रष्ट पार्दछ ।

यी सबै पक्षहरूले यौन शोषण तथा बेचबिखनबाट प्रभावित बालबालिकाका लागि पुन:स्थापकीय न्याय प्राप्त गर्ने मार्गमा बाधा अड्चनको काम गरेका छन् ।[88]

---

[86] USAID, The Asia Foundation, Cases of Human Trafficking and Transportation: Provisions of Compensation and Access of Victims to Compensation, 2017, p.15.

[87] अन्तरिम पीडित क्षतिपूर्ति, पीडकबाट प्राप्त हुने क्षतिपूर्ति, पीडित क्षतिपूर्ति कोषको स्थापना जस्ता तात्कालीन राहतका लागि नयाँ प्रावधानहरूको लक्ष्य पीडक असमर्थ हुँदा पनि क्षतिपूर्ति बापतको रकमको भुक्तानी प्रत्याभूति गर्ने हो । तर सैद्धान्तिकरूपमा एकदमै राम्रो हुँदाहुँदै फेरि पनि, यी व्यवस्थाहरूको कार्यान्वयन हुन अझैं बाँकी छ । थप जानकारीका लागि हेर्नुहोस्: CeLRRD, *Analytical Study of Judgement made by Nepalese Courts in Pronouncing Compensation in Child Abuse Cases. Centre for Legal Research and Resource Development*, 2019, New Baneshwor, Kathmandu.

[88] उदाहरणका लागि, दशकौंदेखि मानव बेचबिखनका घटना हुँदै आएको भनेर चिनिने सिन्धुपाल्चोक जिल्लामा पनि गैससहरुले प्रभावितहरुले कुनै पनि क्षतिपूर्ति पाएको आफूले थाहा नपाएको बताएका थिए ।

# अध्याय ४



Photo by Terry Boynton on Unsplash

# बाल यौन शोषण तथा बेचबिखनका प्रभावितहरूको न्याय प्राप्तिको सुदृढीकरणका लागि सुझावहरू

यो अध्यायले यस प्रतिवेदनमा प्रस्तुत गरिएका परिणामहरूबाट प्राप्त सुझावहरू पेश गरेको छ । यी सुझावहरूको प्रस्तुतिले न्याय प्राप्तिको क्रममा प्रभावित बालबालिकाको अनुभवलाई प्रतिबिम्बित गरेको छ । प्रस्तुत सुझावहरूलाई प्राथमिकताको क्रममा प्रस्तुत गरिएको छैन । वास्तवमा पछिल्लो खण्डमा प्रस्तुत गरिएका सुझावहरू जिम्मेवार निकायहरूलाई थप उत्तरदायी बनाउनका निम्ति बढी संवेदनशील रहेका छन् ।

## क) घटना उजुरी प्रक्रियामा सुधारका लागि जनचेतना अभिवृद्धि

### १) जोखिममा रहेका बालबालिकाका लागि जानकारीको प्रवाह

- बाल यौन शोषण तथा बेचबिखनको विषयमा हाल कायम रहेको विद्यालयको पाठ्यक्रम परिमार्जन गर्नुपर्ने । प्रहरीको विद्यमान "समुदाय प्रहरी साझेदारी कार्यक्रम"लाई बिस्तार गर्ने तथा निरन्तरता दिने । जसमा निम्न कार्यहरू समेटिनु पर्दछ :
  - (१) विद्यार्थीको उमेर सुहाउँदो हुने बाल यौन शोषण तथा बेचबिखनका विषयलाई थप बिस्तार तथा गहन बनाउन पाठ्यक्रम विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हाल कायम रहेको पाठ्क्रमको पुनरावलोकन गर्ने र सुधार गर्ने
  - (२) प्रत्येक विद्यालयमा नियमितरूपमा सचेतना कार्यक्रम गर्ने,
  - (३) शिक्षकहरूका लागि छुट्टै सचेतीकरण तालिमको व्यवस्था गर्ने, र
  - (४) धेरैभन्दा धेरै बालबालिकाको सचेतना अभिवृद्धिका निम्ति बालक्लबहरूसँग सहकार्य गर्ने ।

### २. बाल यौन शोषण तथा बेचबिखनको विषयमा समुदायमा व्याप्त रहेको कलंक वा लान्छनाको सोचलाई न्यूनीकरण गर्ने गरी यी विषयमा जनचेतना अभिवृद्धि गर्ने

- बाल यौन शोषण तथा बेचबिखनका प्रभावितका बारेमा समाजमा व्याप्त नकारात्मक सोचलाई चुनौती दिँदै, प्रभावित बालबालिकाको समुदायमा दिगो पुनर्एकीकरण तथा प्रभावित र प्रभावितका परिवारलाई मनोसामाजिक परामर्श प्रदान गर्ने र प्रभावितहरूलाई आत्मसम्मानपूर्वक जिउन अनुकूल वातावरण निर्माणका लागि समुदाय स्तरका सचेतना कार्यशाला संचालन गर्ने,

- बालबालिकाका यौन शोषणसम्बन्धी घटनालाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा स्थानीय गैसस र सरकारी सेवाप्रदायकहरूले न्यूनतम कार्यविधि र आधारहरू विकास गर्ने कुराको सुनिश्चितता गर्ने,

- यौन शोषण तथा बेचबिखनका प्रभावित बालबालिकालाई यस्ता घटना पश्चात् आफ्नै परिवार र समुदायमा पुनर्एकीकरण गर्न सहयोग गर्ने गरी उनीहरूका लागि पुनर्एकीकरण कार्यक्रम बिस्तार गर्ने ।

## ख) प्रहरीको क्षमता विकास गर्ने

**१. बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूलाई सम्बोधन गर्न प्रहरीका विभागहरूको क्षमता अभिवृद्धि**

- नेपाल प्रहरीले संचालन गर्ने यी विषयहरूसँग सान्दर्भिक हुने हाल कायम रहेका तालिमहरूको पुनरावलोकन गरी सम्बन्धित विभागका प्रहरी अधिकारीहरूलाई सचेतीकरण र संवेदनशिलता अभिवृद्धिका निम्ति तालिमका विषयवस्तुहरूलाई अद्यावधिक गर्ने तथा तालिमलाई निरन्तरता दिने

- बाल यौन शोषण तथा बेचबिखनलाई सम्बोधन गर्नका लागि प्रहरी बलमा पर्याप्त मात्रामा थप स्रोतहरूको विनियोजन गर्ने, विशेष गरी यी घटनालाई हेर्ने महिला तथा बालबालिका सेवा केन्द्रको सबलीकरण गर्ने ।

**२. जाहेरी दरखास्त दर्ता र मुद्दा अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने**

- बाल यौन शोषण तथा बेचबिखनका लागि उपयुक्त हुने सरल जाहेरी दरखास्तको ढाँचाको तर्जुमा गर्ने,

- प्रत्येक प्रहरी चौकीमा निःशुल्क उपलब्ध हुने गरी यौन शोषण र बेचविखनका प्रभावितहरूका लागि जाहेरी दरखास्त लेख्ने विशेष तालिम प्राप्त मानव स्रोत उपलब्ध गराउने ।

**३. न्याय प्राप्तिमा आउने अवरोधहरूलाई प्रभावकारीरूपमा निरूपण गर्ने,**

- **न्याय प्राप्तिमा अवरोध खडा गर्नेका विरुद्ध प्रचलित ऐन कानूनको पुनरावलोकन गर्ने र अवरोध पुऱ्याउनेहरूका लागि गरिने जरिवानाको प्रभावकारी कार्यान्वयन गर्ने :** यो कार्यान्वयन गर्नका लागि सरकारले कुनै पनि प्रहरी चौकीका वरिष्ठ प्रहरी अधिकारीहरूमार्फत् कार्यान्वयन तथा भराउन मिल्ने गरी सबै प्रकारका अवरोधहरूलाई जरिवानामार्फत् सजाय दिन सक्ने बनाउने ।

- **मुद्दाको प्रगतिको अनुगमन :** बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूको अनुगमन गर्नका लागि प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्याय परिषद्ले आपसी सहकार्यमा एउटा प्रणालीको विकास गरी योजनाबद्ध अनुगमन गर्नुपर्ने र कार्यविधिको कार्यान्वयन गरिनुपर्ने ।

**४. मुद्दाको अनुसन्धान तथा अभियोजन निकायबीचको समन्वयलाई सुदृढ बनाउने :**

- **बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूको सम्बोधनका लागि कार्यविधि तर्जुमा :** गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको आपसी सहकार्यमा बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूलाई कसरी सम्बोधन गर्ने भन्नेबारेमा कार्यविधि तर्जुमा गर्ने र उक्त कार्यविधि कार्यान्वयनको नियमित अनुगमन र नियमन गर्ने र तथ्यांक सहितको प्रतिवेदन नियमित सार्वजनिक गर्ने ।

- **न्याय प्राप्तिको मार्गका प्रारम्भिक चरणदेखि नै साक्षीको सुरक्षाका लागि माथि भनिएको कार्यविधि अन्तरगत एउटा परिच्छेद निर्माण गर्ने :** प्रभावितहरूको बयान लिनका लागि प्रभावितहरू साक्षीको सुरक्षाको निश्चितता रहने गरी यदि मुद्दा अदालतसम्म पुगेमा उनीहरूको अधिकार कहाँ-कहाँ, के-के हुन्छन् भन्ने विषय पढेर सुनाउने गरी एक लिखतसहितको एक परिच्छेद गृह मन्त्रालय र प्रहरीले तर्जुमा गर्नुपर्दछ र यसलाई कार्यविधि कै एक परिच्छेदमा राखिनु पर्ने ।

## ग) न्याय सम्पादन प्रणालीमा सुधारका लागि न्यायिक पेशाकर्मीहरूसँगको सहकार्य

**१. बाल यौन शोषण तथा बेचबिखनका मुद्दाप्रति न्यायिक पेशाकर्मीहरूको संवेदनशीलता बढाउने :**

- **न्यायपालिका सदस्य, सरकारी वकिल तथा कानून व्यवसायीहरूलाई चेतना र संवेदनशीलता अभिवृद्धि गर्ने गहन तालिमको व्यवस्था :** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अन्य सम्बन्धित निकायहरूसँगको सहकार्यमा प्रभावकारीरूपमा यस्ता तालिम सञ्चालन गर्ने ।

- **न्यायिक पेशाकर्मीहरूद्वारा बाल यौन शोषण तथा बेचबिखनका प्रभावितहरूको संरक्षणका लागि गरिने विद्यमान कानुनी व्यवस्थाहरूको कार्यान्वयनको सुनिश्चितता गर्ने :** मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी प्रचलित कानूनमा भएका प्रभावितहरू तथा साक्षीहरूलाई संरक्षण गर्ने व्यवस्था र उनीहरूका अधिकार प्राप्तिको स्थानीय अदालती प्रक्रिया र उच्च अदालती प्रक्रियामा कार्यान्वयनको सुनिश्चितता गर्ने तथा सोको अनुगमन गरी यस्ता अनुगमनका नतिजाहरूको सार्वजनिकीकरण गर्ने ।

- प्रभावितले इजलासमा बयान दिँदा सरकारी वकिल तथा न्यायाधीशहरूको अनिवार्य उपस्थिति हुनुपर्ने ।

- बाल यौन शोषण र बेचबिखनका मुद्दाहरू हेर्ने काममा विज्ञता हासिल भएका साथै यसप्रति संवेदनशील सरकारी वकिलहरूको व्यवस्था हुनुपर्ने ।

**२) सरकारद्वारा प्रभावितलाई अन्तरिम (तात्कालिक) राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने**

- **बाल यौन शोषण तथा बेचबिखनका मुद्दाहरूमा क्षतिपूर्ति प्रदान गर्ने ढाँचा (म्याट्रिक्स) तयार गर्ने :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले आपसी सहकार्यमा यौन शोषण तथा बेचबिखनका मुद्दाका लागि प्रभावितहरूको मनोसामाजिक क्षतिको समेत विश्लेषण गर्दै उपयुक्त र एकरुपता हुनेगरी क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्ने ।

- **प्रभावितहरूले पीडकबाट क्षतिपूर्ति लिनुपर्ने बाध्यताको विकल्पमा सरकारी तात्कालिक राहत कोषबाट लिने व्यवस्थाको सुनिश्चितता :** नेपाल सरकारले निरन्तर सुनुवाइको पहिलो दुई महिनाको अन्त्यसम्ममा प्रभावित बालबालिकालाई क्षतिपूर्ति उपलब्ध गराउँदै क्षतिपूर्ति ऐनमा भएका व्यवस्थाहरूलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को व्यवस्था अनुकूल बनाउन कदम उठाउनु पर्दछ ।

## घ) नेपालमा बाल यौन शोषणसँग सम्बन्धित संस्थागत सुधारको सुदृढीकरणका लागि विद्यमान संयन्त्र तथा कानूनको कार्यान्वयन गर्ने

मानव बेचबिखनसम्बन्धी सवालहरूलाई सबै तहमा सम्बोधन गरिनु अत्यावश्यक छ। यस प्रतिवेदनले हाल निष्कृय रहेका प्रदेश र स्थानीय तहमा प्रहरी, स्थानीय सरकार, सम्बन्धित निकाय तथा नागरिक समाज सम्मिलित संयन्त्रहरूलाई तत्काल सक्रिय बनाउनका लागि जोडदाररूपमा सिफारिस गर्दछ। मानव बेचबिखनविरुद्धको राष्ट्रिय समिति, जिल्ला समिति र स्थानीय समितिहरूलाई सक्रिय बनाउँदै मानव बेचबिखनका घटनाहरूको तथ्याङ्क अध्यावधिक गर्न, अनुगमन गर्न र प्रभावितको न्यायमा पहुँचको सुनिश्चितताका लागि जिम्मेवार बनाउने कुराहरू तत्कालै गर्नु पर्ने आवश्यकता पहिचान गरिएको छ।

## ङ) बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी कानूनलाई अन्तर्राष्ट्रिय असल अभ्यास तथा मापदण्डअनुरूप परिमार्जन गर्न निम्न कार्यहरू गर्ने :

- नेपालको व्यवस्थापिका संसदले हालै संयुक्त राष्ट्रसंघीय प्रलेख (पालेर्मो प्रोटोकल) को अनुमोदनलाई पारित गरेको सन्दर्भमा अब नेपाल सरकारले उक्त प्रलेखमा उल्लेखित परिभाषाअनुरूप बाल यौन शोषण तथा बेचबिखनका लागि घरेलु कानून ल्याउने र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को परिभाषालाई संशोधन गर्नुपर्ने र बालबालिकासम्बन्धी परस्परमा बाझिएका र अस्पष्ट रहेका कानूनको पुनरावलोकन तथा परिमार्जन गर्ने।

- यौन शोषण तथा बेचबिखनका प्रभावितहरूसम्बन्धी अन्य देशमा रहेका प्रभावकारी बाल संरक्षणका विद्यमान असल अभ्यासहरूलाई अध्ययन, समीक्षा र लागू गर्ने। जसमा प्रभावितका सबै प्रकारका अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको सर्वोत्तम हितलाई केन्द्रविन्दुमा राखेर स्वतन्त्र कानुनी अधिवक्ताद्वारा प्रभावितहरूलाई प्रदान गराइने सेवा पनि पर्दछ।

- मानव बेचबिखन प्रभावितहरूलाई सम्बोधन गर्ने 'अन्तरदेशीय उद्धार र स्वदेश फिर्ती' सम्बन्धी निश्चित नीति र कार्यविधि ल्याउने जसको अभावमा खासगरी भारतबाट बेचबिखन प्रभावित बालबालिकाको स्वदेश फिर्ती प्रभावकारी हुन सकेको छैन।

# सन्दर्भ सामग्री

Adewunmi, B. (2014) Kimberlé Crenshaw on intersectionality: 'I wanted to come up with an everyday metaphor that anyone could use (in New Statesman). Available at: https://www.newstatesman.com/lifestyle/2014/04/kimberl-crenshaw-intersectionality-i-wanted-come-everyday-metaphor-anyone-could

Annan, K. (2004) Access to Justice, UNDP Practice Note. Available at: https://www.un.org/ruleoflaw/files/Access%20to%20Justice_Practice%20Note.pdf

BBC News (2015) Nepal earthquake: Eight million people affected, UN says. Available at: https://www.bbc.co.uk/news/world-asia-32492232

CeLRRD (2019) Analytical Study of Judgement made by Nepalese Courts in Pronouncing Compensation in Child Abuse Cases. Kathmandu: Centre for Legal Research and Resource Development

CWIN/ECPAT (2015) Preparatory Study for Situational Analysis of Commercial Sexual Exploitation of Children in Nepal, p.16-17. Available at: https://sca.riselearningnetwork.org/wp-content/uploads/sites/4/2016/03/ECPATLUX_CSECprepstudynepJan2015-1.pdf

Childrens Act 2075 (2018) Sec. 2(j). Available at: https://www.unicef.org/nepal/media/1946/file/Act%20relating%20to%20children%202018.pdf

Criminal (Code) Act 2074 (2017). Available at: https://www.ilo.org/dyn/natlex/natlex4.detail?p_isn=106060

The Freedom Fund (2019) Minors in Kathmandus adult entertainment sector: Whats driving demand? p.11. Available at: https://freedomfund.org/library/minors-in-kathmandus-adult-entertainment-sector-whats-driving-demand/

Forum for Women, Law and Development (2018) Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW. Available at: http://fwld.org/wp-content/uploads/2019/01/Concluding-comments-English.pdf

Girls of Nepal (2018) Girl-Led Report on the Convention on the Elimination of all forms of Discrimination against Women (CEDAW) Nepal, p.7. Available at: https://tbinternet.ohchr.org/Treaties/CEDAW/Shared%20Documents/NPL/INT_CEDAW_CSS_NPL_32588_E.pdf

Kamat, R.K. (2019) New Penal Code fails minor rape victims: Lawyers ( in The Himalayan Times). Available at: https://thehimalayantimes.com/nepal/new-penal-code-fails-minor-rape-victims-lawyers/

Nepal Police, Women, Children and Senior Citizen Service Directorate. Available at: https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

NHRC (2018) National Report on Trafficking in Persons in Nepal. National Human Rights Commission, Harihar Bhawan, Lalitpur, Nepal, p.XV. Available at: http://nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_National_Report_TIP_in_Nepal_September_2018.pdf

Radford, L. et al, (2015) Promising Programmes to Prevent and Respond to Child Sexual Abuse and Exploitation (UNICEF). Available at: https://www.unicef.org/protection/files/Promising_programme_responses_SEA_(Radford_et_al).pdf

Saathi (2017) A Survey on the Impact of Earthquake on Migration and Trafficking in 3 VDCs of Dhading District, unpublished.

State Case Act (2017) Schedule-6. Available at: http://www.lawcommission.gov.np/en/archives/19531

UN (2017) Glossary on Sexual Exploitation and Abuse: Thematic Glossary of current terminology related to Sexual Exploitation and Abuse (SEA) in the context of the United Nations, p.6. Available at: https://hr.un.org/sites/hr.un.org/files/SEA%20Glossary%20%20%5BSecond%20Edition%20-%202017%5D%20-%20English_0.pdf

UN Economic and Social Commission for Asia and the Pacific (UN ESCAP) (1999) Sexually Abused and Sexually Exploited Children and Youth in South Asia: A Qualitative Assessment of Their Health Needs and Available Services. New York: UN ESCAP.

UNICEF (2007) Note on the definition of 'child trafficking. Available at: https://www.unicef.org/southafrica/SAF_pressrelease_notetrafficking.pdf

UN Women (2018) Concluding Observations on the Sixth Periodic Report of Nepal on CEDAW, No.206, p.9. Available at: https://asiapacific.unwomen.org/en/countries/nepal/about-un-women-nepal

USAID (2017) The Asia Foundation, Cases of Human Trafficking and Transportation: Provisions of Compensation and Access of Victims to Compensation, p.15.

US Department of State (2019) Trafficking in Persons Report: Nepal. Available at: https://www.state.gov/reports/2019-trafficking-in-persons-report-2/nepal/

WHO (2016) INSPIRE: Seven Strategies for Ending Violence Against Children. Available at: https://apps.who.int/iris/bitstream/handle/10665/207717/9789241565356-eng.pdf;jsessionid=E24C0346262A9BEAE415C15111587DDC?sequence=1




anti-slavery

SASANE

CWISH


Anti-Slavery International, Thomas Clarkson House, The Stableyard, Broomgrove Road, London SW9 9TL
tel: +44 (0)20 7501 8920 ■ email: info@antislavery.org ■ website: www.antislavery.org



UK Registered Charity 1049160 ■ Company limited by guarantee 3079904 ■ Registered in England and Wales